## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६५ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक


**सम्पर्क**

प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १९३

ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np



ISSN 2661-6122


# प्रहरी PRAHARI

**द्वैमासिक प्रकाशन**


प्रकाशन आरम्भ : २०१६ जेठ     वर्ष ६५, अंक १     वैशाख–जेठ २०८०








**नेपाल प्रहरीका कर्मचारीद्वारा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण ।**

**प्रहरी संगठनलाई सदैव राखि शिरमाथि,**
**देश र जनताको सेवामा हुन्छ नेपाल प्रहरी ।**

**- नेपाल प्रहरी**

# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन** वर्ष : ६५ अंक : १ २०८० वैशाख-जेठ



<u>प्रमुख सल्लाहकार</u>

प्र.ना.म.नि कुबेर कडायत

<u>सल्लाहकार</u>

प्र.व.उ. भूपेन्द्र बहादुर खत्री

<u>सम्पादक</u>

प्र.नि. कल्पना अधिकारी
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

<u>कम्प्युटर</u>

प्र.ना.नि. संगीता कार्की
प्र.व.ह. खेमराज कार्की

<u>आवरण</u>

प्र.नि. कल्पना अधिकारी

<u>प्रकाशक</u>

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## नेपाल प्रहरीका कर्मचारीद्वारा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण

नेपाल प्रहरीको प्रतिनिधित्व गर्दै आधिकारिक रूपमा पहिलो पटक प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपालीले वि.सं. २०८० जेठ २ गते मङ्गलबार बिहान १०.१५ बजे ८८४८.८६ मिटर उचाइको विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोहण गरी नेपालको राष्ट्रिय झण्डासहित नेपाल प्रहरी तथा इन्टरपोलको झण्डा सगरमाथाको चुचुरोमा फहराउन सफल हुनुभएको छ । साथै उहाँले सगरमाथा आरोहणमा जाने क्रममा २०८० वैशाख १५ गते ६११९ मिटर उचाइको लोबुचे हिमालकोसमेत सफल आरोहण गर्नुभएको छ । यो साहसिक आरोहणले नेपाल प्रहरीको इतिहासमा निकै महत्त्वपूर्ण र ओजिलो अर्थ राख्दछ ।

विश्वका प्रहरी संगठनबीच सहकार्य गर्ने उद्देश्यले सन् १९२३ सेप्टेम्बर ७ मा अष्ट्रियाको भियनामा स्थापित अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) ले आफ्नो स्थापनाको शताब्दी वर्ष मनाइरहेको छ । इन्टरपोलको १००औं सदस्य राष्ट्रको हैसियतले नेपाल प्रहरीले इन्टरपोलका गतिविधिमा सक्रिय सहभागिता जनाउँदै आएको छ । शताब्दी वर्ष भव्यताका साथ मनाउने योजनाअन्तर्गत नेपालको तर्फबाट नेपाल प्रहरीका कर्मचारीले सगरमाथाको आरोहण गरी चुचुरोमा नेपालको राष्ट्रिय झण्डासहित नेपाल प्रहरी तथा इन्टरपोलको झण्डा फहराउने कार्यक्रम तय भएअनुसार प्रहरी वरिष्ठ नायब निरीक्षक नेपाली तथा आरोहरण दलले सगरमाथा आरोहरण गर्न सफल भएको हो ।

इन्टरपोलको शताब्दी वर्षकै अवसरमा प्राप्त यस सफलताले नेपाल राष्ट्र, नेपाल प्रहरी र इन्टरपोलकै गरिमा र छविलाई उँचो बनाएको छ । यस सुखद् क्षणको उच्च मूल्याङ्कन गर्दै नेपाल प्रहरी प्रधान कार्यालयमा २०८० जेठ १९ गते आयोजित विशेष समारोहमा प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपाली, आरोहणमा सहयोगी भूमिका निर्वाह गर्ने विवस शेर्पा र एलिट हिमालयन एडभेन्चरका डाइरेक्टर मिङ्मा डेविड शेर्पालाई भव्य सम्मान गरिएको छ । माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले चारवटै सुरक्षा निकायका प्रमुखहरू लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा सम्मान गर्नुभएको हो ।

आरोही नेपालीले सगरमाथाको चुचुरोमा फहराएको इन्टरपोलको झण्डा इन्टरपोल महासचिवालयको आयोजनामा इन्टरपोल सदस्य राष्ट्रहरूका प्रमुखहरूबीच जेठ २४ देखि २६ गतेसम्म सिंगापुरमा सम्पन्न १८औं 'हेड अफ नेशनल सेन्ट्रल ब्यूरो (एनसिबी) कन्फ्रेन्स'मा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले इन्टरपोलका President Ahmed Naser Al–Raisi र महासचिव Jurgen Stock लाई जेठ २४ गते हस्तान्तरण गर्नुभएको छ । साथै आरोहणका अन्य सामग्री नेपाल प्रहरी प्रधान कार्यालयस्थित केन्द्रीय प्रहरी सङ्ग्राहलयमा राखिएको छ । नेपाल प्रहरीको लागि यो क्षण अर्को महत्त्वपूर्ण अवसर सावित भएको छ । यसले नेपाल प्रहरीको यो पहिलो आरोहणलाई देश तथा विदेशमासमेत अनन्तकालसम्म भावी पुस्ता समेतलाई स्मरण गराउनेछ । सगरमाथामा नेपाल प्रहरीको इतिहास बनाई नेपाल राष्ट्र, नेपाल प्रहरी संगठन र इन्टरपोलको गौरव कायम राख्न सफल प्रहरी वरिष्ठ नायब निरीक्षक नेपाली बधाई, धन्यवाद र प्रशंसाका पात्र हुनुभएको छ ।

नेपाल प्रहरीको ९ सदस्यीय टोलीले पहिलो पटक वि.सं. २०३३ सालमा ६९२० मिटर उचाईको टुकुचे हिमाल आरोहण गरेको थियो । वि.सं. २०३३ असोज १६ गते नेपाल प्रहरी कर्मचारीको २७ सदस्यीय टोली र २०४१ भदौ २६ गते नेपाल प्रहरी महिला दलको ३१ सदस्यीय टोलीले ६११९ मिटर उचाईको लोबुचे हिमाल आरोहण गरेका थिए । यस प्रेरणादायी एवम् साहसिक आरोहणले इन्टरपोलको शताब्दी वर्ष भव्यतापूर्वक मनाइएको सन्देश विश्वसामु प्रवाह भएको छ । नेपाललगायत इन्टरपोलका सदस्य राष्ट्रहरूको आपराधिक कृयाकलापहरूविरूद्ध ऐक्यवद्धता रहेको र विश्वभरका पर्वतारोही पर्यटकहरूमा रक्षाको अनुभूति दिलाउनुका साथै नेपालको पर्यटन प्रवर्द्धन भई अर्थतन्त्रमा समेत टेवा पुग्ने विश्वास लिइएको छ ।

अन्त्यमा, प्रहरी द्वैमासिक परिवार यस आरोहणको उच्च सम्मान गर्दै प्रहरी वरिष्ठ नायब निरीक्षक नेपालीको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।

# विषयसूची

## व्यावसायिक सामग्री


♦ संविधान ✍ सह-न्यायाधिवक्ता सोमकान्ता भण्डारी १
♦ अपराध अनुसन्धानको सम्बन्धमा न्यायिक... ✍ प्र उ मोहन कुमार थापा १०
♦ घरेलु हिंसाः न्यूनीकरणका उपायहरु ✍ प्र ना उ भोजराज पाण्डेय ६९
♦ हिमाल आरोहणमा नेपाल प्रहरी सन्दर्भ..... ✍ प्र नि जनार्दन घिमिरे ८०
♦ चाइल्ड पोर्नोग्राफी र यसको नकारात्मक... ✍ ई कुमार अभिनव ९१


## साहित्य / विविध


♦ लीला ✍ पूर्व प्र ना म नि ई महेश्वरसिंह कठायत ७
♦ दिपुमा एक रात ✍ युवराज नयाँघरे २६
♦ नयाँ व्यवसाय योजनाको पहिचान तथा छनौट ✍ गम्भीर बहादुर हाडा ३२
♦ प्रेम ✍ ममता मृदुल ४४
♦ श्रीमद्भागवत सारतत्त्व विवेचना ✍ बद्री प्रसाद ढकाल ४५
♦ देशको चौतर्फी विकासमा सहकारी र...... ✍ सुदर्शन अधिकारी ५३
♦ नेपालीको सहृदय सुत्र ✍ छायादत्त न्यौपाने 'बगर' ६९
♦ अध्यात्म चिन्तन र मानव शरीर ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' ७४
♦ प्रेम र सेवा ✍ राजेशमान के. सी ८३
♦ साहित्यकार पर्ल साइडेन्सीक्लिएर वक ✍ त्रिचन्द्र प्रतिक्षा ८६
♦ धुम्कोमा पूजा ✍ यशु श्रेष्ठ ८९
♦ त्यो पल ✍ मनिष अर्याल ९३
♦ पीडा ✍ शशी श्रेष्ठ ९६
♦ सहयात्री ✍ लीलाराज दाहाल ९९
♦ विडम्बना ✍ उर्मिला पन्त पाण्डेय १०६
♦ पिंजडा ✍ दिपकराज विश्वकर्मा १०७

## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ माटो | ✍ मुक्तिनाथ पोखरेल | ६ |
| ♦ मुक्तक | ✍ एच के थिताल | ९ |
| ♦ गजल | ✍ गङ्गा कर्माचार्य पौडेल | ३९ |
| ♦ पात झरेर पुरानो | ✍ सरस्वती श्रेष्ठ 'सरु' | ६० |
| ♦ गजल | ✍ गंगा खड्का | ६८ |
| ♦ गलत बाटो | ✍ घनबहादुर थापा | ७३ |
| ♦ देश धान्ने खोइ धुरी खाँबो | ✍ राजबाबु श्रेष्ठ 'सागर' | ७९ |
| ♦ मेरो देश | ✍ रेणु अधिकारी 'मौनता' | ८२ |
| ♦ गर्जन | ✍ बिन्दु अधिकारी ढकाल | ८५ |
| ♦ नेपाल आमाकी छोरी | ✍ श्यामकृष्ण डंगोल 'प्रतिक्षा' | ८८ |
| ♦ माया प्रेम ! | ✍ रविन्द्र आशिष शैली | ९५ |
| ♦ मुक्तक | ✍ सम्झना थापा मगर | ९८ |
| ♦ कालापानीको कलह | ✍ डा बम बहादुर थापा 'जिताली' | १०९ |
| ♦ रानी | ✍ कल्पना सुनार | ११२ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦इतिहासको पानाबाट | | ११० |
| ♦नेपाल प्रहरीसम्बन्धी केही जानकारी | संकलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦रसबस | संकलन : प्र स नि शरणजंग भण्डारी | १११ |
| ♦सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र स नि जनक आचार्य | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# संविधान



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी °

## १. भूमिका

राज्यको अस्तित्वको आधार जनताको हित, कल्याण र सुरक्षाका लागि भएको शास्त्रीय मत छ । राज्यको स्थापना नै जनताका लागि भएको हो । उनीहरूको स्वार्थ र हितमा सन्तुलन ल्याई सभ्य र सुव्यवस्थित समाजको स्थापनाका लागि राज्य आवश्यक छ । राज्य सञ्चालनको क्रममा राज्यलाई शक्ति र जनतालाई अधिकारको बाँडफाँड गरी सरकारको स्थापना गर्ने क्रमसँगै संविधानको जन्म भएको हो । संविधान सरकारको स्थापना र सञ्चालन गर्ने आधार समेत हो । लोकतन्त्र र त्यसको स्थायित्वका लागि संविधानलाई नै आधार लिइन्छ । वर्तमान समयमा सरकारको जन्म नै संविधानबाट हुने हुँदा राज्य सञ्चालनको लागि यसको आवश्यकता झन बढ्दै गएको छ । शासन गर्ने अधिकारको प्रयोग संविधानको अधीनमा रही गरिने हुँदा राज्यमा संविधानको अपरिहार्यता रहेको हो । जनताको स्वतन्त्रता, सुरक्षा, अन्तर्राष्ट्रिय मान्यताका लागि समेत संविधान आवश्यक हुन्छ ।

## २. परिभाषा

संविधान एउटा राजनीतिक-कानूनी दस्तावेज (politico-legal document) हो । यसले राजनीतिलाई दिशानिर्देश गर्दछ । राज्य शक्तिको वितरण र प्रयोगको विधि निश्चित गर्दछ । देशको शासन प्रणालीलाई व्यवस्थित गर्दछ । त्यसकारण संविधानलाई राजनीतिक दस्तावेज भनिन्छ । यसै गरी संविधानमा उल्लेख भएका व्यवस्थाहरूलाई अदालतबाट कार्यान्वयन सकिने भएकोले कानूनी दस्तावेज पनि भनिन्छ । संविधानलाई देशको शासन प्रणालीको दर्पण पनि भनिन्छ । यसको अध्ययनबाट देशको राजनीतिक, आर्थिक, सामाजिक,

° एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

सांस्कृतिक आदि अवस्थाको बारेमा सहजै जानकारी लिन सकिन्छ । संविधानलाई राष्ट्रको एक दीर्घकालीन तथा गतिशिल दस्तावेजको रूपमा लिइने गरिन्छ । संविधानको निर्माण वा खारेजी जनतामा अन्तरनिहित सार्वभौम अधिकार मानिन्छ ।[१]

संविधान सार्वभौम अधिकार प्रयोग विधि निश्चित गर्ने दस्तावेज हो ।[२] संविधान सरकारको बडापत्र (charter for Government) हो । जनताको मौलिक हकको संरक्षक (guardian of fundamental rights) हो । यसले वैधानिक रूपमा सरकार सञ्चालनका आधारभूत प्रक्रियाको निर्धारण गर्दछ । साथै नागरिक स्वतन्त्रताको संरक्षक गर्दछ । संविधानले सरकारका वैधानिक कार्यहरूको सीमाङ्कन गरी नागरिकहरूका सारभूत अधिकारहरूको संरक्षण गर्दछ ।[३] वेड र फिलिप्सका अनुसार कुनै पनि मुलुकको संविधानले सरकारका मौलिक अर्थात आधारभूत वा सर्वोच्च निकायहरूको स्थापना र प्रशासन, तिनीहरूको संरचना, बनौट, अधिकार र प्रमुख कार्यहरूको व्यवस्था गर्नुको साथै ती संस्थाहरूको एकआपसको सम्बन्धलाई परिभाषित गर्दछ, ती संस्थाहरूको जनतासँगको सम्बन्धलाई र खास गरी राजनीतिक सम्बन्धलाई नियमित गर्दछ । संविधानले देशको शासन पद्धतिको निर्धारण गर्दछ ।[४]

संविधानलाई जनताको अधिकारको स्रोत र सरकारको शक्तिको निर्धारण गर्ने दस्तावेजको रूपमा पनि लिइन्छ । नागरिकको अधिकारको संरक्षण गर्न र सरकारको शक्तिको सिमाङ्कन गर्न संविधान अत्यावश्यक मानिन्छ । थोमस पेन (Thomas Paine) ले लिखित संविधानलाई स्वतन्त्रताको लागि त्यत्तिकै अत्यवश्यक मानिन्छ जति भाषाको लागि व्याकरणको आवश्यकता पर्दछ (constitutions are to liberty what a grammar to language) भनी संविधानको आवश्यकताका बारेमा आफ्नो धारणा राखेका छन् ।

---

१. नृपध्वज निरौंला, नेपालमा संवैधानिक विकासक्रमः एक विश्लेषण, संवैधानिक कानून स्रोत सामग्री, (दो.सं. २०७७), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं, पृ. ९ ।

२.भरतमणि जङ्गम वि. संसद सचिवालय समेत, ने.का.प. २०५८ अंक ९/१० ।

३.Walter F. Murphy, "Constitutions, Constitutionalism, and Democracy," in Constitutionalism and Democracy: Transitions in the Contemporary World, ed. Douglas Greenberg et al. (New York / Oxford: Oxford University Press, 1993), p. 8.

४.Wade and Philips, Constitutional and administrative Law, 9th ed. p. 1

संविधानलाई मुलुकको मूल कानून भनिन्छ । यो सबै मानव निर्मित कानून भन्दा सर्वोच्च मानिन्छ । (The Constitution is said to be the supreme law of the land. It is considered as the "god of all man-made laws".)[५] संविधानलाई कानून प्रणालीको वैधानिकताको स्रोत मान्ने गरिन्छ ।[६] संविधानले आफ्नो वैधानिकता आफै घोषणा गरेको हुन्छ । संविधानले राज्यका अंगहरूको सिर्जना गर्ने, शक्तिको बाँडफाँड गर्ने, हक अधिकारको प्रत्याभूत गर्ने, र राज्यका अंगहरूलाई जिम्मेवार बनाउने दस्तावेज भएको कारण संविधानलाई देशको मूल कानून भनिएको हो ।[७] संविधानले राज्यलाई नै सञ्चालन गर्दछ । त्यसैले यो मूल कानून हो तर अरू कानूनहरू राज्यद्वारा शासन व्यवस्था कायम राख्न प्रयोग गरिन्छन् ।[८] राज्यमा निर्मित हुने कानून संविधान अनुकूल हुनु पर्दछ । सरकारले संविधान र संविधान अनुसार निर्माण गरिएका कानून अनुसार शासन सञ्चालन गर्नु पर्दछ । नेपालको संविधान, २०७२ को धारा १ मा यो संविधान देशको मूल कानून हुने, संविधानसँग बाझिएका कानूनहरू बाझिएको हदसम्म अमान्य र बदर हुने व्यवस्था गरी संविधानलाई मूल कानूनको रूपमा घोषणा गरेको छ । संविधानलाई सर्वोच्च कानूनको मान्यता दिनुपर्ने कारणहरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- संविधान सार्वभौम सत्ता एवम् राजकीय सत्ता निहित भएकाहरूबाट निर्माण हुने हुँदा,
- कानून बनाउने विधायिकालाई संविधानले निर्माण गर्ने हुँदा विधायिकी कानून संविधान सरह नहुने,
- यसको बन्धनकारितालाई अक्षुण्ण राखी राजनीतिक स्थायित्व कायम राख्न ।

५. Angel Aguirre, Jr. & Ramsey Domingo Pichay, Postulates in Constitutional Law, Revised Edition 1992, Lex Scripta Suprema Publishers, Inc., p. 3.

६. भरतराज उप्रेती समेत (सं.), नेपालको संवैधानिक कानून, कानून अनुसन्धान तथा विकास फोरम (फ्रिडिल), २०५४ पृ. २१ ।

७. श्यामकुमार भट्टराई, संवैधानिक तथा प्रशासकीय कानून, (दो.सं. २०७५), सोपान मासिक, काठमाडौं, पृ. ९ ।

८. There are two kinds of laws, one which governs the State and the other by means of which the State governs. Dr CD Jha's Judicial Review of Legislative Acts (2nd ed.), LexisNexis Butterworths Wadhwa, Nagpur, 2009 p. 29.

संविधान राज्य सञ्चालन गरिने मूल कानून र सिद्धान्तहरूको संग्रह हो । यसले सरकारको काम कर्तव्य तोक्दछ । नागरिक अधिकारको उल्लेख गर्दछ । सरकार भन्दा संविधान जेठो मानिन्छ । संविधान सरकारको सिर्जना होइन । संविधान सरकारको सिर्जना नभएर सरकारको जननी हो । यो सरकार भन्दा पुरानो वा अगाडि आएको मानिन्छ चाहे संविधान सरकार भन्दा पछि नै बनेको किन नहोस् किनकी यो नै सरकारको वैधताको आधार हो र सरकारले शक्ति यसैबाट प्राप्त गरेको मानिन्छ ।[९] संविधान सरकारलाई आफ्नो अधिकार संरक्षण गर्ने शर्तमा जनताले दिएको शक्तिको आधार हो । संविधान बिनाको सरकार अधिकार बिनाको शक्ति जस्तै हुन्छ । यो सरकार स्थापना र सञ्चालन गर्ने वैधानिक लिखत हो ।[१०] सरकारलाई शक्ति दिने नै संविधान हो । सरकार गठन गर्ने आधार नै संविधानले दिएको हुन्छ । त्यस कारण संविधान भन्दा जेठो सरकार हुनै सक्दैन ।

संविधान राज्य सञ्चालन गर्ने राजनैतिक एवम् कानूनी दस्तावेज हो । यसको आधारमा जनता र शासकका बीच अधिकार र कर्तव्यको सीमा रेखा कोरिएको हुन्छ । संविधान देशको दर्पण हो, जसको सामान्य अध्ययनबाट देशको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि अवस्थाहरू मापन गर्न सकिन्छ । यसले राज्य सञ्चालन गर्ने महत्त्वपूर्ण विधिको भूमिका खेलेको हुन्छ । राज्यका प्रमुख अङ्गहरूको गठन, सञ्चालन र त्यसको राज्य संयन्त्रमा खेल्ने भूमिकाको बारेमा व्यवस्था गरेको दस्तावेज संविधान हो । यो राज्य सञ्चालन गर्नका लागि आवश्यक तत्त्व मात्र नभई राज्यका सम्पूर्ण जनताको अधिकार प्रत्याभूति गर्ने लिखत पनि हो । शासकको अधिकारक्षेत्र र जनताको अधिकार बीच समन्वय स्थापित गर्ने माध्यम पनि संविधान नै हो । यो जनता र शासकलाई अधिकार र शक्ति दिने प्रमाणपत्र हो । यसले सरकार र जनता बीच सन्तुलन राख्ने काम गर्दछ । संविधानले सरकारको शक्ति र जनताको अधिकारको व्यवस्था गरी यी दुवैमा सन्तुलन कायम गर्ने नियामकको काम गर्दछ । राज्य सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न निकायहरूको गठन, कार्यक्षेत्र किटान र ती निकायमा काम गर्ने सार्वजनिक अधिकारीको अधिकार तथा कर्तव्य तोक्ने काम पनि

९. रेवतीराज त्रिपाठी, संविधान, संवैधानिक कानून र संविधानवाद, न्याय प्रशासनका विविध आयामहरू, (२०६७), सोपान मासिक, काठमाडौं, पृ. २१८ ।

१०. भट्टराई, पूर्वपाद टिप्पणी ७, पृ. ५ ।

संविधानले गर्दछ ।

संविधान कुनै पनि मुलुकको शासन पद्धतिको नयाँ शुरूवात (fresh start) हो । यसले शासन प्रणालीको व्यवस्था गर्दछ । संवैधानिक निकायको स्थापना र अधिकार क्षेत्रको व्यवस्था गर्दछ । संविधानलाई संकुचित र व्यापक गरी दुई अर्थमा परिभाषित गरिन्छ । संकुचित अर्थमा संविधान कानून सम्मत नियमहरूको सँगालो मात्र हो भनिन्छ । के. सी. ह्वेयरका अनुसार सामान्य अर्थमा संविधानलाई कुनै पनि मुलुकको सरकारको सम्पूर्ण प्रणाली (the whole system of government) को रूपमा लिनुपर्ने मान्यता राख्दछन् ।[११] व्यापक अर्थमा संविधानलाई कानूनसम्मत तथा असम्मत नियमहरूको सँगालोको रूपमा लिने गरिन्छ । यस भित्र ती सबै कानूनी र कानून इतर नियमहरू पर्दछन् जसले सरकारको स्थापना गर्नुको साथै नियमित गर्दछन् वा शासित गर्दछन् । ती नियमहरू आंशिक रूपमा कानूनी हुन्छन् किनकी अदालतले तिनलाई मान्यता दिन्छ र कार्यान्वयन गर्दछ । केही नियमहरू आंशिक रूपमा प्रचलन, समझदारी, प्रथा वा परम्पराको रूपमा रहेका हुन्छन् जसलाई अदालतले कानूनी रूपमा मान्यता दिएको हुँदैन ।[१२] अदालतबाट लागू गर्न नसकिने भए पनि सरकार सञ्चालन र नियमन गर्न त्यस्ता कानून इतर नियमहरूको भूमिका गौण भने हुँदैन ।

**समग्रमा संविधानलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :-**[१३]

- संविधान राज्यको आधारभूत कानून हो ।
- राज्य सञ्चालनको मार्गदर्शन एवं राज्यको अनुशासनको प्रतिविम्ब हो ।
- राज्यका प्रमुख निकायको काम, कर्तव्य र अधिकारको निर्धारक हो । सबै राज्य संयन्त्रको अधिकारको स्रोत हो ।
- सीमित सरकारको संस्थापक हो ।
- नागरिकका हक अधिकारको प्रमुख संरक्षक हो । हक अधिकार हनन् भएमा पुनर्स्थापन गराउने निकाय हो ।
- जनताको सहमतिको अनुबन्ध हो । जसले उनीहरूको चाहना र आकांक्षाहरूलाई व्यक्त गर्दछ ।

११.K.C. wheare, MODERN CONSTITUTION, Oxford University Press, 1966, p.1.

१२.Ibid, p. 2

१३.कृष्णप्रसाद सुवेदी र श्यामकुमार भट्टराई, सार्वजनिक प्रशासन, सोपान मासिक, काठमाडौं, २०६७ ।

- यसले देशको वर्तमान तथा भविष्यको आचरण तथा व्यवहारलाई नियमित र व्यवस्थित गर्दछ ।
- राष्ट्रको आत्मा हो (संविधान बिनाको देश आत्मा बिनाको शरीरजस्तो हुन जान्छ । जहाँ सधैं अराजकताले निवास गर्दछ । यसैले यो सदैव जीवन्त दस्तावेजको रूपमा रहन्छ) ।
- यो सर्वस्वीकार्य मान्यता हो (यसको अपरिहार्यता राजतन्त्रात्मक, गणतन्त्रात्मक, एकात्मक, संघात्मक जुनसुकै किसिमको राज्य व्यवस्थाको लागि उत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ ।
- शान्ति स्थापना, सहकार्य एवम् विकास गर्ने प्रमुख संयन्त्र एवम् साधन हो ।
- यो एउटा राजनीतिक तथा कानूनी दस्ताबेज हो (राज्य शक्तिको प्रयोग तथा वितरणसँग सम्बन्धित भएकाले यो राजनीतिक र यसका प्रावधान उल्लङ्घन भएमा अदालतबाट प्रचलन तथा व्याख्या गरिने भएकाले यो कानूनी दस्ताबेज हो) ।
- यसले सार्वभौम शक्तिलाई विभिन्न निकायमा बाँडफाँड गर्दा जनताको सर्वोत्तम हित र इच्छालाई ध्यानमा राखेको हुन्छ । ♦♦♦

**कविता**

# माटो



✍ **मुक्तिनाथ पोखरेल**

माटो बनाउन सके मलिलो सपारी
लाग्छन् विभिन्न थरिका फलफूल भारी
धान्यादि अन्न जति छन् सब यो धरामा
झुक्छन् नुहेर लटरम्म गरा गरामा ।१।

सम्पूर्ण जीव जतिको छ यहीं निवास
प्राणी समस्त यस भित्र अटेर खास
बस्छन् निरन्तर र चल्दछ सृष्टि चक्र
माटो हुँदैन खनजोत गरेर वक्र ।२।

थामिन्छ नित्य वडवाग्नि यही धरामा
उम्रिन्छ उद्‌भिज यतै तिर कन्दरामा
प्राणी धरा र जलका पनि मृत्तिकामा
बाँच्छन् रमेर दिनरात गरेर धामा ।३।

सारा लता तरू तृणादि र गुल्म वृक्ष
बस्छन् बँनेल चितुवा गज बाघ ऋक्ष
राम्रा जलाशयहरू जति नै रहेका
धर्ती विषे जलधि शीघ्र गरी बहेका ।४।

जन्मिन्छ मानव जसै जब मृत्तिकामा
गिर्दो छ नग्न बनिदै तब यो धरामा
मान्छे मरेर जब पुग्दछ घाट भित्र
मट्टी दिइन्छ सबले शवमा पवित्र ।५।

# लीला



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

सम्पूर्ण कर्म आरम्भ र समाप्त हुनेवाला छ र कर्मको फलस्वरूप जे प्राप्त हुन्छ, त्यो पनि अनित्य र नाशवान छ । परन्तु स्वयम् (जीवात्मा) नित्य निरन्तर रहन्छ । अतः वास्तवमा स्वयम्को कर्महरूसँग कुनै सम्बन्ध छदै छैन । खाली मानिएको मात्र हो । अत, सम्पूर्ण कर्महरूलाई गर्दै उनीहरूको साथ आफ्नो सम्बन्ध छदै छैन, यस्तो अनुभव गर्न सक्यो भने अर्को कर्म दिव्य भइहाल्दछ । यही कर्महरूको तत्त्व हो । यही कर्म योग हो ।

क्रियाशील प्रकृतिसँग तादात्म्य हुनाको कारण मनुष्य मात्रमा कर्म गर्ने वेग रहन्छ । ऊ एक छिन पनि कर्म नगरिकन रहन सक्दैन । (गीता ३-५) संसारमा ऊ देख्दछ कि कर्म गर्नाले नै सिद्धि (वस्तुको प्राप्ति) हुन्छ । यसै कारण मानिस परमात्माको प्राप्ति पनि कर्महरूद्वारा नै गर्न चाहन्छ । यही नै मानिसको ठूलो भूल हो । किनकी नाशवान कर्महरूद्वारा नाशवान वस्तुहरू मात्र प्राप्त हुन्छ । अविनाशीलाई प्राप्त गर्न सकिदैन । अविनाशीको प्राप्ति त कर्महरूसँग सम्बन्ध-विच्छेद भएपछि मात्र प्राप्त हुन्छ । कर्महरूसँग सम्बन्ध विच्छेद कर्मयोगमा (ज्ञानयोगको अपेक्षा पनि) सरलतासँग हुन्छ । किनकी कर्म योगमा स्थल सुक्ष्म र कारण तिनै शरीरबाट हुनेवाला सम्पूर्ण कर्म निष्काम भावपूर्वक केवल संसारको हितको लागि हुने हुनाले कर्मको प्रवाह संसारको तर्क हुन जान्छ र आफ्नो कर्महरूसँग सम्बन्ध-विच्छेद हुन जान्छ । (गीता ४-९) गीतामा भगवानले 'माम् यति' पदद्वारा यो भाव प्रकट गर्नु भएको छ कि मानिस कर्महरूद्वारा जसको सिद्धि चाहन्छन्, त्यो परमात्म तत्त्व स्वतः सिद्धि (नित्य प्राप्त) छ उसलाई प्राप्त गर्नु नै पर्दैन । प्राप्त त त्यस वस्तुको हुन्छ, जो पहिले अप्राप्त थियो ।

एउटा उत्पत्ति हुन्छ र अर्काको खोज हुन्छ । उत्पत्ति उसको हुन्छ जसको स्वतन्त्र सत्ता हुँदैन । जसको पहिले अभाव हुन्छ, पछि त्यसको विनाश हुन्छ । खोज त्यसको हुन्छ जसको

स्वतन्त्र सत्ता छ जो पहिले देखिनै विद्यमान छ र नित्य निरन्तर रहन्छ तर जो क्रिया र पदार्थ रूप संसारको महत्त्व मानि लिनाले लुक्दछ । जब मनुष्य क्रियाहरू र पदार्थहरूलाई केवल अर्काको सेवामा लगाउदछ तब क्रिया पदार्थ रूप संसारसँग स्वतः सम्बन्ध-विच्छेद र नित्य प्राप्त परमात्माको साक्षात अनुभव भइहाल्दछ । यो नै नित्य प्राप्तको खोज हो ।

कर्तव्य-कर्महरूलाई नगरेर प्रमाद-आलस्य गर्नु र कर्तव्य-कर्महरूलाई गरेर त्यसको फलको इच्छा राख्नु यी दुवै कारणहरूबाट मनुष्यलाई नित्य प्राप्त परमात्माको अनुभवमा बाधा पर्दछ । यस बाधालाई दुर गर्ने उपाय हो फलको इच्छा नराखेर अर्काको सेवाको रूपमा कर्तव्य कर्म गर्नाले कर्महरूसँग सम्बन्ध विच्छेद भइहाल्दछ, कर्महरूसँग सम्बन्ध विच्छेद हुने बित्तिकै परमात्माबाट हाम्रो जो स्वतः सिद्ध नित्य सम्बन्ध हो, उसको अनुभव भइहाल्दछ ।

निष्काम भावबाट केवल अर्काको हितको लागि कर्म (सेवा) गर्नाले अथवा भगवानको लागि कर्म (पूजा) गर्दा ती कर्म दिव्य मुक्तिदायक भइहाल्दछ तर कमानपूर्वक आफ्नो लागि गरिएका कर्म मलिन र बन्धन कारक भइहाल्दछ । कर्महरूमा कर्तृत्त्वको भाव अथवा अभिमान नहुनु दिव्यता हो । आफ्नो लागि केही पनि नगर्नाले कर्तृत्त्व हुँदैन । भगवानको सानो भन्दा सानो तथा ठूलो भन्दा ठूलो प्रत्येक क्रिया 'लीला' हुन्छ । लीलामा भगवान सामान्य मनुष्य जस्तै क्रिया गर्दा पनि निर्लिप्त रहनु हुन्छ । (गीता-४-१३) । भगवानको लीला दिव्य हुन्छ । यो दिव्यता देवताहरूको दिव्यता भन्दा पनि विलक्षण हुन्छ । देवताहरूको दिव्यता मानिसहरूको अपेक्षाबाट हुनाको कारण सापेक्ष र सीमित हुन्छ तर भगवानको दिव्यता निरपेक्ष र असिम हुन्छ । यद्यपि जीवन्मुक्त, तत्त्वज्ञ भगवत्प्रेमी महापुरूषहरूको क्रियाहरू पनि दिव्य हुन्छन् । तथापि तिनीहरू पनि भगवल्लीलाको अगाडि केही होइनन् । भगवानको साधारण लीला पनि अत्यन्त अलौकिक हुन्छ । जस्तो भगवानको रासलीला लौकिक हुन्छ । जस्तो, भगवानको रासलीला लौकिक देखिन्छ तर त्यसलाई पढ्नाले, सुन्नाले साधकको काम वृत्तिको नाश भइहाल्दछ । (श्रीमद्भागवत-१०-३३-४०) ।

यो जगत भगवानको आदि अवतार हो । "आद्योज्वतारः पुरूषः परस्य" (श्रीमद्भागवत २।६।४१) तात्पर्य यो हो कि भगवान नै जगत रूपबाट प्रकट हुनु भएको छ तर जीवले भौगाशक्तिको कारण जगतको भागवद् रूपबाट स्वीकार नगरेर नाशवान जगत रूपबाट नै धारण गरिराखेको छ। "जीवभूता महावा हो ययेदधार्यते जगत"

(गीता ७-५)। यस धारणलाई मेटाउनको लागि साधकको दृढताबाट यस्तो मान्नु पऱ्यो कि, जो देखि रहेको छ, त्यो भगवानको स्वरूप हो, जे, भइराखेको छ, यो भगवानको लीला हो। यस्तो कुरालाई स्वीकार गर्न सकियो भन्ने जगत जगतको रूपमा (संसार संसारको- रूपमा) रहने छैन । “भगवान बाहेक अरू केही छैन” यस्तो अनुभव भइहाल्दछ । अर्को शब्दमा भन्ने हो भन्ने संसार लुप्त (गायब) भइहाल्दछ र केवल भगवान मात्र बाँकी रहनु हुन्छ । किनकी प्रत्येक वस्तु तथा व्यक्तिलाई भगवान स्वरूप र प्रत्येक क्रियालाई भगवल्लीला मान्नाले भोगाशक्ति, रागदेष रहदैन । भोगाशक्तिको नाश भएपछि जो क्रिया पहिले लौकिक देखिन्थ्यो, त्यही क्रिया अलौकिक भगवल्लीलाको रूपमा देखिन थाल्दछ र जो पहिले भोगाशक्ति थियो । त्यही भगवत्प्रेम भइहाल्दछ ।

भगवान जस्तो रूप धारण गर्नु हुन्छ, त्यसै अनुरूप लीला गर्नु हुन्छ । जब उहाँ अर्चावतार अर्थात मूर्तिको रूप धारण गर्नु हुन्छ, तब उहाँ मूर्तिको जस्तै अचल रहने लीला गर्नु हुन्छ । यदि उहाँ अचल रहनु भएन भने त्यो अर्चावतार कसरी रहला ? भगवानले राम, कृष्ण आदि रूप पनि धारण गर्नु भयो र मत्स्य, कच्छप आदि रूप पनि धारण गर्नु भयो । उहाँले जुन रूप धारण गर्नु भयो, त्यस्तै लीला गर्नु भयो । जस्तो वराहावतारमा भगवानले सूअर बनेर लीला गर्नु भयो र वामन अवतारमा ब्रह्मचारी ब्राह्मण बनेर लीला गर्नु भयो । यसबाट साधुकले यो बुझ्नु पऱ्यो कि अहिले जे भइरहेको छ, त्यो सबै भगवान कै लीला भइरहेको छ । ◆◆◆

## मुक्तक



✍ **एच.के. धिताल**

तिम्रो मुटु पुज्नलाई म धुप या अगर के पठाऊँ
सातै जुनि तिम्रै हुन अमृत या जहर के पठाऊँ
विफल हुनेहरू प्रिय बस्तु घातक हुन्छ भन्छन्
भनन् उपहारमा सल या मफलर के पठाऊ ?

कसैको ईच्छा पूरा भयो शहर पसेपछि
कोही कोही मोडल बने रहर पसेपछि
अभावले जेलिएर भुमरीमा परेकाहरू
त्यसै बिलिन भए मुखमा जहर पसेपछि

तिम्रो मुटु पुज्नलाई म धुप या अगर के पठाऊँ
सातै जुनि तिम्रै हुन अमृत या जहर के पठाऊँ
बिफल हुनेहरू प्रीय बस्तु घातक हुन्छ भन्छन्
भनन् उपहारमा सल या मफलर के पठाऊ ?

# अपराध अनुसन्धानको सम्बन्धमा न्यायिक दृष्टिकोण



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेशः**

कानूनको शासनको अवस्थाको मूल्याङ्कन गर्ने प्रमुख सूचक फौजदारी कानूनको कार्यान्वयन नै हो । त्यसमा पनि खास गरी अपराध नियन्त्रण र प्रभावकारी अनुसन्धानको अवस्था हो । फौजदारी न्याय प्रणालीको मुख्य उद्देश्य अपराधको निष्पक्ष अनुसन्धान र स्वच्छ पुर्पक्ष गरी कसूरदारलाई निजले गरेको कसूरको सजाय दिनु, पीडितलाई न्याय र निर्दोषलाई संरक्षण गर्नु हो । राज्यमा शान्ति सुरक्षा प्रदान गर्न, मुलुकमा कानूनी शासनको प्रत्याभूति दिन, दण्डहीनताको अन्त्य गर्न, स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने नागरिकको हक संरक्षण गर्न फौजदारी न्याय प्रशासन अपरिहार्य हुन्छ । अपराध नियन्त्रण र सफल अनुसन्धान गरी शान्ति र व्यवस्था कायम राख्नु तथा नागरिकको शान्तिपूर्वक बाँच्न पाउने र अपराध पीडितको न्याय पाउने हक अधिकार सुनिश्चित गर्नको लागि अग्रपङ्तिमा रहेर कार्य सम्पादन गर्नु नेपाल प्रहरीको मुलभूत जिम्मेवारी र दायित्व हो । अपराध नियन्त्रण रोकथाम तथा अनुसन्धान प्रहरीको महत्त्वपूर्ण व्यावसायिक कार्य हो । नेपाल प्रहरीले स्थापनाकाल देखि नै अपराध रोकथाम र अनुसन्धानका विभिन्न प्रविधि र प्रणालीहरूको अवलम्बन गर्दै आएको छ । अपराध अनुसन्धान र नियन्त्रण जस्तो गहन जिम्मेवारी निर्वाह गर्न प्रहरीलाई पर्याप्त स्रोत साधनको आवश्यकता छ । प्रविधिको विकाससँगै अपराध र आपराधिक प्रवृत्तिमा (Crime Pattern) मा समेत परिवर्तन भइरहेको छ । आर्थिक तथा वित्तिय, साइबर, अवैद्य हातहतियार, मानव बेचबिखन, लागूऔषध, संगठितजस्ता अपराधहरूको अनुसन्धानमा नयाँ नयाँ चुनौतीहरू सामना गर्नु परेको छ[१]।

१. अभियोजन जर्नल, २०७६, वर्ष २ अंक १, पृष्ठ १४४ (महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं)

अपराध नियन्त्रण र अनुसन्धानमा परम्परागत रूपमा अपनाइएका कतिपय विधिहरूमा समयानुकूल परिमार्जन तथा सुधार गर्दै नवीन प्रविधिको प्रयोगबाट मात्र सफलता हासिल गर्न सकिन्छ । अनुसन्धान प्रणालीलाई अत्याधुनिक एवं प्रविधि मैत्री बनाउदै अनुसन्धानकर्ताको व्यक्तिगत र संस्थागत दुवै तहको सबलीकरणबाट जन-अपेक्षित परिणाम दिन सकिन्छ ।

विगतको अनुसन्धानको अवस्थालाई विश्लेषण गर्ने हो भने अनुसन्धान परम्परागत बयानमुखी रहेको, वैज्ञानिक तथा प्रविधि मैत्री हुन नसकेको, अनुसन्धान कार्यमा सेवा विशिष्टीकरणको अभाव रहेको, अपराध अनुसन्धानमा संस्थागत विकासको अभाव रहेको, साक्षी/पीडित मैत्री नभएको, अपराध अनुसन्धानलाई सुदृढीकरण गर्ने कार्ययोजनाको अभाव रहेको अवस्था थियो । अपराध नियन्त्रण तथा अनुसन्धान प्रणालीलाई वैज्ञानिक र आधुनिकिकरण गर्नको लागि क्षमता अभिवृद्धि गर्ने, प्रविधिको पहुँच र प्रयोगमा बढावा दिने जस्ता कार्य गरी अपराध विरूद्ध नेपाल प्रहरी निरन्तर लागिरहेको छ । अनुसन्धानको क्षेत्रमा व्यापक सुधार ल्याउने अभिप्रायले नेपाल प्रहरीले त्रि-वर्षीय अपराध अनुसन्धान तथा नियन्त्रण कार्य योजना (Crime Action Plan) को अवधारणा आ.व. २०७२/०७३ बाट सुरू भएको छ । अनुसन्धान प्रणालीलाई पुनर्ताजगी गर्दै अनुसन्धानकर्ताको तहमा र संस्थागत तहमा पनि नवीन सोच, सिप र अवधारणा सिञ्चित गर्न अपरिहार्य भएको महसुस गरी Crime Action Plan लागू गरिएको हो । प्रहरीका कार्य पद्धतिहरूमा पनि समसामयिक परिवर्तनहरू भइरहेका छन्, जुन अपरिहार्य पनि छ । अपराध अनुसन्धानको क्षेत्रमा योजनाबद्ध विकासको अभाव अन्त्य गर्दै अपराध अनुसन्धानमा रहेका कानूनी, प्रणालीगत एवं व्यावहारिक समस्या तथा चुनौतीहरूको अध्ययन विश्लेषण गरी अपराध अनुसन्धानलाई सेवा विशिष्टीकरण र तथ्यांक एवं विश्लेषणमा आधारित प्रविधियुक्त अनुसन्धान पद्धतिको संस्थागत विकासलाई सुनिश्चित गर्न त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको भूमिका उल्लेखनीय देखिएको छ[२]। यद्यपि अपराध अनुसन्धान आधुनिक प्रविधि र विज्ञानको आधारमा कुशल अनुभवी इमानदार र पेशेवर अनुसन्धानकर्ताले तथ्य पत्ता लगाउने एउटा विशेष कला एवम् विज्ञान हो । प्रहरीले अनुसन्धान गरी अदालतमा दर्ता भएका कतिपय मुद्दाहरूमा सम्मानित

२. अभियोजन जर्नल, वर्ष २ अंक १, पृष्ठ १४५ (महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं)

सर्वोच्च अदालतबाट अपराध अुनसन्धान र अभियोजन प्रभावकारी हुन नसकेका कारण अनुसन्धान तथा अभियोजन पक्षको ध्यानाकर्षण गराई न्यायिक टिप्पणी भएको अवस्था समेत देखिन्छ । यस्ता टिप्पणीको बारेमा महान्यायाधिवक्ता कार्यालय मार्फत प्रहरीलाई जानकारी समेत भइरहेको छ । सम्मानित अदालतबाट भएका न्यायिक टिप्पणीहरू बमोजिम अनुसन्धानमा हुने गरेका त्रुटी, कमिकमजोरी नदोहोरिने तर्फ प्रहरीले कार्य गर्नुपर्ने देखिन्छ ।

**न्यायिक दृष्टिकोण :**

अपराध अनुसन्धानको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट टिप्पणी गरेका केही फैसलाहरू देहाय बमोजिम रहेका छन्ः

**अधिवक्ता ज्योती लम्साल पौडेल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[३]**ः**

- अनुसन्धान र अभियोजनमा कमी, अनुसन्धानकर्ता र अभियोजनकर्ताको लापरबाही, गल्ती, बद्नियत आदि कुनैको पनि स्थान हुनु हुँदैन । यदि हुन्छ भने सरकारले त्यसको जिम्मा लिनुपर्ने ।
- अपराध अनुसन्धान गर्ने छुट्टै प्रहरी संगठनको गठन नगरी वर्तमान प्रहरी संगठनबाट नै अनुसन्धान हुने हो भने प्रहरीको पहिलो ध्यान शान्ति कायम गर्ने तर्फ जाने हुँदा अपराध अनुसन्धान सन्तोषजनक नहुन सक्छ । यसले गर्दा सबुद प्रमाण लोप हुने मात्र होइन, अपराध अनुसन्धान प्रहरीको Priority मा पर्दैन । त्यसैले वर्तमान व्यवस्थामा सुधार गरी अपराध अनुसन्धानका सम्बन्धमा छुट्टै प्रहरी संगठनको गठन हुनुपर्ने ।
- अपराध अनुसन्धान एक बेग्लै कला हो, यसको लागि अपराध अनुसन्धानमा तालिम प्राप्त अनुभवी पेसेवर र दक्षता प्राप्त व्यक्ति आवश्यक पर्दछ ।
- अनुसन्धानकर्तामा न्यूनतम योग्यताको साथै अपराधशास्त्र, कानून र अपराध अनुसन्धान सम्बन्धी ज्ञान हुनु आवश्यक पर्दछ ।
- अपराध अनुसन्धान एक ज्यादै जटील र specialized काम हो । अपराध अनुसन्धान गर्ने व्यक्तिमा Crime scene वा र अन्यत्र जहाँ भए पनि सबुद प्रमाण संरक्षण गर्ने, Crime scene बाट सबुद प्रमाण उठाउने, संकलन गर्ने, Preserve गर्ने, त्यसलाई परीक्षणको लागि प्रयोगशालामा पठाउने, अपराधको Modus operandi देखि लिएर Commission सम्मको Chain (डोरी) पत्ता लगाउन सक्ने, Suspect

३. ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०७

लाई सोधपुछ गर्ने प्रयोगशालाले पठाएको प्रतिवेदन पढ्न र विवेचना गर्न सक्ने लगायतका अपराध अनुसन्धानसँग सम्बन्धित सम्पूर्ण कलामा विशेष ज्ञान अनुभव र दक्षता प्राप्त हुनुपर्छ ।

- यसका साथै प्रमाण कानून, अपराध अनुसन्धानकला आदि विषयमा पछिल्लो विकसित घटनाक्रम समेतमा परिचित रहनु पर्छ ।
- अपराध अनुसन्धानकर्तामा फौजदारी न्यायको मान्य सिद्धान्त के कस्तो प्रमाण अदालतलाई ग्राह्य हुन्छ भन्ने र फौजदारी न्यायमा Suspect को मौलिक हकको बारेमा समेत जानकारी भएको हुनुपर्छ ।
- नेपालमा एक छुट्टै specialized प्रहरी संगठनको आवश्यकता देखिन्छ । त्यही प्रहरी Riot Control र शान्ति सुरक्षामा पनि खटिने र उही प्रहरी अपराध अनुसन्धानमा पनि संलग्न हुने हो भने त्यस्तो प्रहरीबाट फौजदारी न्यायको मान्य सिद्धान्त अनुसारको अनुसन्धान तहकिकात हुन सम्भव हुँदैन ।

**राजेन्द्र महर्जन विरूद्ध नेपाल सरकार**[४]:

- ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दामा अभियोजन पक्षले अनुसन्धान गर्दा मुद्दामा निर्क्यौल गर्नुपर्ने सम्मको सम्पूर्ण प्रक्रिया पूरा गरेर मात्र अभियोग दायर गर्नु पर्दछ । तर प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको फितलो अनुसन्धान भई त्यस्तो अनुसन्धानबाट वास्तविक अपराधी ठहर गर्न अदालतलाई निकै कठिनाई हुन जाने ।
- चाकु महर्जनको कुनै यकिनै नगरी हचुवाको भरमा चाकु महर्जन भनी अर्का व्यक्ति यी राजेन्द्र महर्जनलाई अभियोग लगाई कसूरदार बनाएको पाइन्छ । यस्तो प्रतिवादीको सम्बन्धमा यकिन नगर्दा अर्कोलाई मुद्दा चलाउने र सजाय हुन सक्ने अवस्था रहन्छ । त्यस्तो निश्चिन्तताको अभावमा मुद्दा चलाउन र कसूरदार बनाउन नमिल्ने हुँदा प्रतिवादी राजेन्द्र महर्जनले प्रस्तुत मुद्दाबाट सफाइ पाउने ।

**राकेश कुमार सिंह विरूद्ध हिमाली गोलेको जाहेरीले नेपाल सरकार**[५]:

- नागरिकहरूको जिउधन ज्यानको सुरक्षाको लागि अपराधी पक्रनको लागि अनुसन्धान गर्नको लागि प्रहरी कानूनबमोजिम नागरिकहरूको घर भित्र प्रवेश गर्न सक्छ त्यसमा विवाद हुँदैन । तर बिना कारण नागरिकको

४. ने.का.प. २०६३, अंक ११, निर्णय नं. ७७८८

५. ने.का.प.२०६४ अङ्क १, निर्णय नं. ७८१०

घरमा प्रवेश गरी प्रहरी आफैले अपराध गर्ने अधिकार प्रहरीलाई प्राप्त नहुने ।

- ♦ आफ्नो ओहदाको र Uniform को आडमा पीडित जाहेरवालीको परिवारको मानव अधिकारको गम्भीर हनन् गरेकोले पुनरावेदकलाई मानव अधिकारको हनन्को अपराधमा प्रहरी ऐनबमोजिम कारबाही गर्नु भनी महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकलाई यो फैसलाको एक प्रति पठाई दिने ।

**नेपाल सरकार विरूद्ध मगरे खाँ समेत[६]:**

- ♦ प्रतिवादीउपर ठोस र शंकारहित प्रमाण संकलन गरी अभियोग लगाउनु पर्दछ भनी "फौजदारी अपराधमा व्यक्तिका विरूद्ध ठोस र शंकारहित प्रमाण संकलन हुनुपर्छ । तब मात्र राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ यदि बिना प्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरूप अभियुक्तले सफाइ पाउँछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने । अपराध जतिसुकै गम्भीर, शंका जतिसुकै बलियो, चरित्र र चालचलन जतिसुकै खराब, गतिविधि जस्तोसुकै शंकास्पद भए पनि यस्ता कुराहरूले प्रमाणको ठाउँ लिन नसक्ने । कुनै व्यक्तिले लागूऔषधको कारोबार गर्ने व्यक्तिलाई चिन्दैमा, कारोबार गर्ने व्यक्तिसँग आवतजावत, उठबस गरी मित्रता कायम गर्दैमा त्यस्तो व्यक्ति पनि दोषी हुँदैन । त्यस्तो व्यक्तिका विरूद्ध ठोस सबुद प्रमाण भए मात्र मुद्दा चल्न सक्ने । फौजदारी अपराधमा अपराध भएको भन्ने तथ्य अर्थात Corpus Delicti पहिला वादीले प्रमाणित गरी त्यसपछि मात्र अभियोग लगाएको व्यक्तिले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नुपर्ने । लागूऔषधको Manacle लाई नियन्त्रण गर्ने उद्देश्यले विधायिकाले आफूमा भएको विधायिकी अधिकार प्रयोग गरी समाजको वृहत्तर हितलाई ध्यानमा राखी बनाएको कानूनलाई अन्यथा भन्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ ।

**सुन्तली धामी विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[७]:**

- ♦ हाम्रो प्रणालीमा पीडितले आफै मुद्दा चलाउन सक्तैन । पीडित राज्यबाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकिलमा भर पर्नुपर्ने हुन्छ । पीडितले आफू पीडित भएको व्यहोराको आफूमा भएको प्रमाणसहित प्रहरीमा उजुर गर्दा प्रहरी र सरकारी वकिलले मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडित

६. ने.का.प.२०६६, अंक १०, नि.नं. ८२४३, पृष्ठ १६६७

७. ने.का.प.२०६८, अंक १, नि.नं.८५४१ (परमादेश)

न्याय पाउने मौलिक हकबाट वञ्चित हुन पुग्ने ।

**नेपाल सरकार विरूद्ध केदारचन्द खनाल[८]:**

- शंकारहित प्रमाणको अभावमा प्रतिवादीहरूलाई कसूरदार कायम गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त विपरीत हुन जाने ।

**नेपाल सरकार विरूद्ध कलावती सुवेदी [९]**

- फौजदारी मुद्दाका वादीले पहिलो कुरा अपराधै भयो भएन सो कुरा अपराध भएको भन्ने शंकारहित तवरबाट प्रमाणित भएपछि कसैउपर अभियोग लगाई मुद्दा चलाइन्छ भने त्यसरी मुद्दा चलाइएको व्यक्तिउपर शंकारहित तवरबाट अभियोग प्रमाणित गर्नुपर्ने ।
- शंकाको भरमा वा अपराध भएको सुनेको भन्ने Hear Say evidence को भरमा वा अदालतलाई ग्राह्य नहुने प्रमाणको भरमा मात्र राज्यले कसै उपर अभियोग लगाई मुद्दा चलाउन नहुने ।
- वारदात प्रतिवादीहरूको संलग्नतामा भएको भन्ने प्रत्यक्ष प्रमाण वा परिस्थितिजन्य वा कुनै अन्य प्रमाण पनि नभएको अवस्थामा मुद्दा नै चल्न नसक्ने अवस्थाको प्रतिवादीहरूलाई मुद्दा चलाई पुनरावेदन सुन्ने अदालतबाट समेत सफाइ दिए उपर वादी नेपाल सरकारले चित्त बुझाई बस्नु पर्नेमा अझ सजाय हुनुपर्छ भनी वादीले गरेको पुनरावेदन जिकिरउपर सहमती हुन नसकिने ।
- फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्बन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ । पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण शून्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परिपाटी राज्यले अन्त्य गर्ने तर्फ ध्यान दिनुपर्ने ।
- पुनरावेदन गरी मुद्दा लम्ब्याउने भन्दा कहाँ के किन र कस्तो त्रुटीले गर्दा राज्यले मुद्दा हार्न गयो भन्ने तर्फ सुधार गरेपछि यस अदालत एवं राज्य दुवैको अमूल्य समय खेर नजाने ।

**नेपाल सरकार विरूद्ध धौलादेवी विष्ट[१०]:**

- घटना वारदातको सत्यता अनुसन्धान प्रक्रियाबाटै स्थापित हुने हुँदा वारदातको वास्तविकतालाई अनुसन्धानको चरणबाट अलग गर्न नसकिने ।
- कसैउपर कुनै कसूरको आरोप लगाई

८. ने.का.प. २०६३, अंक ६, नि.नं. ७७१२
९. ने.का.प. २०६३, अंक ९, नि.नं. ७७६८
१०. ने.का.प. २०६८, अंक ८, नि.नं. ८६६८

पक्राउ गरी हिरासतमा राख्नु र निजहरूको बयान लेख्नुले अनुसन्धान भरपर्दो र विश्वासिलो हुन सक्दैन । आरोप लगाएपछि सोको सत्यताको परीक्षण अनुसन्धानको क्रममा हुनु जरूरी हुन्छ । आरोप वास्तविक भए नभएतर्फ मौका अनुसन्धानकै चरणमा विचार गरिनु पर्ने ।

- ♦ कुनै अपराधको तहकिकात शुरू गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्ने र त्यस्तो प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने ।
- ♦ सरकारी वकिलले अनुसन्धानलाई बलियो, भरपर्दो र विश्वासिलो बनाउन सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने अधिकार कानूनले दिएको कुरालाई बिर्सन नहुने ।
- ♦ अदालतमा साक्षी उपस्थित गराउन अदालतले आदेश दिएपछि जुन प्रयोजनको लागि साक्षी झिकाइएको हो, सो प्रयोजन पूरा नहुन्जेलसम्म सम्बन्धित पक्षले अदालतले तोकेको दिनमा साक्षी उपस्थित गराउनु पर्ने हुन्छ । अदालतले पुनः पत्राचार गरिरहनु नपर्ने ।
- ♦ एकपटक साक्षी अदालतमा दाखिला गराउँदैमा साक्षीको बकपत्र नभएसम्म साक्षी उपस्थित गराउने दायित्व समाप्त भएको सम्झन नमिल्ने ।

**नन्दादेवी जोसी विरूद्ध नेपाल सरकार**[११]:

- ♦ जाहेरी घटनाका विषयमा दिइने सूचनाको एक माध्यम हो । यसले प्रमाण संकलनमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छ, स्वयंले सार्थकता प्राप्त गर्दैन । यो आफैमा अकाट्य र स्वतन्त्र प्रमाण नहुने ।
- ♦ जाहेरी दरखास्त स्वयंमा सुनी सुनाई कथनमा आधारित रहेको तथा समयको लामो अन्तराल पश्चात दर्ता भएको हुँदा त्यो घटनाको सत्यता वा वास्तविकतामा आधारित नभई कसैलाई फसाउने उद्देश्यबाट सुनियोजित तवरबाट अभिप्रेरित भइदिएको भनी शंका गर्ने पर्याप्त ठाउँ देखिने ।
- ♦ अनुसन्धान र अभियोजन पक्ष आफ्नो जिम्मेवारी निर्वाह नगरी भएको त्रुटिको अदालतले सुक्ष्म रूपमा केलाएर न्याय प्रदान गर्नु नै वास्तविक न्याय हुने ।
- ♦ अदालतले न्यायकर्ताको भूमिका निर्वाह गर्दा गहनतम जिम्मेवारीबाट

१२. ने.का.प. २०६९, अंक १, नि.नं. ८७६०

बिचलन हुनु हुँदैन । न्यायकर्ताको एकमात्र उद्देश्य कुनै व्यक्ति विशेष अन्यायमा नपरून, दोषीले उन्मुक्ति नपाउन, निर्दोष व्यक्तिको सुखमय जीवन अनाहकमा कारागारको घेराबन्दीमा बन्धनकारी रूपमा बिताउन नपरोस् भन्ने धारणाले अभिप्रेरित हुनु पर्दछ । वस्तुनिष्ठ आधारको धरातलभन्दा माथि उठेर कोरा कल्पनाका मनचिन्ते विचारलाई अकाट्य प्रमाणको रूप प्रदान गरी ज्यान जस्तो जघन्य अपराधको दोषी ठहऱ्याउने परिपाटीलाई प्रोत्साहन गने हों भने न्यायिक मार्ग विखण्डन हुन गई फितलो अनुसन्धानको वलीवेदीमा न्यायको बलिदान हुने ।

- वस्तुनिष्ठ प्रमाण नहुँदा नहुँदै प्रचार, हल्ला वा दबाबमा अभिष्ठ तथा लोकप्रियतालाई माध्यम बनाई अनुसन्धान प्रारम्भ गर्ने र अभियोजन लगाउने परम्परालाई प्रोत्साहन दिई स्वतः अंगीकार गर्ने पात्र अदालत हुन नसक्ने ।

**नेपाल सरकार विरूद्ध यज्ञबहादुर थापा**[१२]:

- जाहेरी दरखास्तमा लेखिएका कुराहरूलाई आधार बनाई अनुसन्धानकर्ताले अपराधको सम्बन्धमा महत्त्वपूर्ण सूचना संकलन गरी सम्भाव्य अपराधीको पहिचान गर्न र अपराध पुष्टि गर्न सक्ने ।
- जाहेरी दरखास्तलाई अदालतले अन्य संकलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैँमा स्वतन्त्र प्रमाण हुन सक्तैन । अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको क्रममा मात्र सहयोगी हुन सक्तछ । त्यसैले जाहेरी दरखास्तलाई अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नु पूर्व सो जाहेरी दरखास्तको न्यायिक परीक्षण त्यत्तिकै आवश्यक हुने ।
- जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधारको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात जाहेरवाला स्वयं साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनु पर्दछ । अन्यथा कुनै पनि जाहेरीको व्यहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न नसक्ने ।
- लाशजाँच मुचुल्का र शव परीक्षण

१२. ने.का.प २०६९, अंक २, नि.नं. ८७६४

प्रतिवेदनबाट कसैको मृत्यु कर्तव्यबाटै भएको देखिए तापनि त्यस्ता प्रमाणहरूले कुनै अमुक व्यक्ति नै कसूरदार हो भन्ने कुरा निर्धारण गर्न सक्तैनन् । अनुसन्धानको क्रममा संकलन भएका अन्य प्रमाणहरूले सिलसिलेवार रूपमा आरोपित व्यक्ति उपरको कसूरलाई स्थापित गरेको अवस्थामा मात्रै शव परीक्षण प्रतिवेदन तथा लाशजाँच मुचुल्काले त्यस्तो आरोपित व्यक्तिउपर कसूर कायम गर्ने प्रमाणको स्थान ग्रहण गर्ने ।

- लाशजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनलाई मात्रै पनि आरोपित व्यक्तिका विरूद्ध स्वयंमा अकाट्य प्रमाण मान्न नसकिने ।
- न्याय निरोपण गर्ने निकायबाट परीक्षण गरिएका प्रमाणहरूबाट वारदातमा प्रतिवादीहरूको संलग्नता पुष्टि नभएको स्थितिमा आफूले परीक्षण नगरेको प्रमाणको आधारमा मात्रै कसैलाई दोषी करार गर्नु फौजदारी न्याय व्यवस्थाको प्रतिकूल हुन जाने ।
- कुनै पनि फौजदारी कसूरलाई शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हुने, अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवं मूल्याङ्कन गरी ती प्रमाणहरूले ठहरे बमोजिम मात्र न्याय निरोपण गर्नुपर्ने भन्ने नै हुन्छ । तर अदालत स्वयंले कुनै प्रमाणको सिर्जना गरी कुनै कसूर स्थापित गर्ने वा कसैउपरको अभियोग पुष्टि गर्न नहुने ।
- संकलित भएका प्रमाणहरूबाट कसै उपरको अभियोग पुष्टि हुने अर्थात त्यस्तो अभियोग शंकारहित देखिदैन भने अदालतले वादी वा अभियोजन पक्षको हैसियत ग्रहण गरी बिना आधार कसैलाई दोषी करार गर्न नसक्ने ।
- अनुसन्धानको क्रममा भएको प्रतिवादीहरूको साविती बयान अन्य प्रमाणहरूबाट स्वतन्त्ररूपमा समर्थित नभएसम्म अदालतले त्यस्तो साविती बयान मात्रैलाई आधार मानी कसूर कायम गर्नु न्यायसंगत हुन नसक्ने ।
- प्रमाणहरूले परस्पर पोलापोल गरिएका बयान पुष्टि हुन् र त्यसको प्रामाणिकता स्थापित हुन नसकेको स्थितिमा सो पोल मात्रै निजहरू उपरको आरोप पुष्टि हुने निरपेक्ष प्रमाण हुन नसक्ने ।

**सिता कैनी विरूद्द जिल्ला प्रहरी कार्यालय तनहुँ**[१३]:

- सैनिक ऐनअन्तर्गतको कसूर बाहेक अन्य प्रचलित कानूनबमोजिम अपराध मानिने कुनै कसूर गरेमा वा सो विषयमा सम्बन्धित निकायमा कसैको जाहेरी परेमा त्यस्तो जाहेरीमा नाम

१३. ने.का.प २०६९, अंक ६, नि.नं. ८८३७

किटिएको वा सो अपराधमा संलग्न रहेको देखिएको जुनसुकै सैनिक कर्मचारीलाई अपराध अनुसन्धान गर्न प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायसमक्ष उपस्थित गर्नु गराउनु सम्बन्धित प्रहरी कार्यालय र सैनिक कार्यालय समेतको दायित्व हुने ।

- ♦ जाहेरी दरखास्तमा नाम किटिएका व्यक्तिहरू नेपाली सेनामा कार्यरत रहेको भन्ने एक मात्र कारणले लामो समयसम्म सो जाहेरीको विषयमा प्रभावकारी अनुसन्धान नहुनुलाई सामान्य मान्न नसकिने ।
- ♦ नेपाल सरकारको मातहतमा रहेको सेनामा कार्यरत व्यक्तिलाई फरार रहेको व्यक्ति वा अनुसन्धान गर्ने निकायको पहुँच बाहिरको व्यक्ति भनी अर्थ गर्न नमिल्ने ।
- ♦ प्रत्येक मुद्दाको स्थिति एक समान हुँदैन । अनुसन्धान गर्न सबै मुद्दामा समान समय लाग्ने पनि होइन । घटनाको प्रकृति र अन्य परिस्थितिजन्य कुराहरूले अनुसन्धानको प्रक्रिया र समय निर्धारित गर्ने हुन्छ । त्यसैले प्रत्येक मुद्दाको अनुसन्धान यो यति समयभित्र सम्पन्न गर्नु भनी अदालतले प्रत्येकमा समान समयावधि तोक्नु वा निर्धारण गर्नु उपयुक्त नहुने ।

**विक्रम महर्जन विरूद्ध नेपाल सरकार**[१४]:

- ♦ अभियोगपत्र बमोजिमको दुपाट बस्ने विक्रम महर्जन म होइन उक्त वडामा धेरै विक्रम महर्जन छन् म त्यागल बस्ने विक्रम महर्जन हुँ भनी पुनरावेदक को पुनरावेदन जिकिर रहेको सन्दर्भमा वास्तविक रूपमा वारदातमा संलग्न विक्रम महर्जन यी पक्राउ परी आएका पुनरावेदक विक्रम महर्जन हुन होइनन् भनी यकिन गर्नुपर्ने अवस्था भएबाट सोको निराकरणको लागि यस अदालतबाट पुनरावेदक विक्रम महर्जनलाई वादीको चश्मदित साक्षी मनोज महर्जन र जाहेरवालाबाट ३० दिनभित्र सनाखत गराइ पठाउनु भन्ने आदेशानुसार जिल्ला अदालतमा लेखी पठाएकोमा निज मनोज महर्जन र चन्द्र अवालेका नाउँमा जिल्ला अदालतमा सनाखत गराउन ७ दिनभित्र उपस्थित हुन आउनु होला भनी पठाएको म्याद दुई पटक आफैंले बुझी लिएकोमा पनि निजहरू दुवै पटक अदालत समक्ष उपस्थित भई सनाखत गरेको अवस्था नभएबाट अभियोगपत्रमा उल्लिखित विक्रम महर्जन यिनै पुनरावेदक हुन् भनी यकिन गर्न नसक्ने ।
- ♦ प्रत्यक्षदर्शी मनोज महर्जन र जाहेरवाला

१४. ने.का.प. २०६७ अंक ९, नि.नं. ८४६१

चन्द्र अवाले समेतले अदालतको आदेशानुसार पुनरावेदक विक्रम महर्जन नै अभियोगपत्रमा उल्लिखित विक्रम महर्जन हुन् भनी यकिन गर्न नसकेको र सहअभियुक्त लेकमान महर्जनले दुपाट बस्ने विक्रम महर्जन वारदातमा संलग्न रहेको भनी किटानी रूपमा अनुसन्धान अधिकारी समक्ष बयान गरेको तथा अभियोगपत्रमा उल्लिखित विक्रम महर्जन यिनै पक्राउ गरी ल्याएका पुनरावेदक विक्रम महर्जन हुन् भन्ने पुष्टि हुने कुनै तथ्ययुक्त ठोस सबुद प्रमाण वादी पक्षले पेश दाखेल गर्न सकेको नदेखिएको अवस्थामा केवल जाहेरवालाको जाहेरीलाई मात्र आधार मानी ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा बिना आधार प्रमाण यी पुनरावेदकको मृतकलाई मार्नमा संलग्नता थियो भन्न नसकिने ।

**झलनाथ न्यौपाने विरूद्ध नेपाल सरकार[१५]:**

- सरकारवादी फौजदारी मुद्दा भनेको वादी नेपाल सरकारको मात्र सरोकार नभई पीडित, पूरा समाज तथा अदालत लगायत मुलुकको न्याय प्रणालीसँग सम्बद्ध रहन्छ । कुनै प्रतिवादीलाई मोलाहिजा गर्ने हिसाबले वादीले अनुसन्धानमा लापरबाही गर्दैमा त्यस्तो प्रत्येक लापरबाहीको सिधा परिणाम प्रतिवादीको सफाइ हुन नसक्ने ।

**भिम बहादुर बस्नेत विरूद्ध नेपाल सरकार[१६]:**

- न्याय सम्पादनमा अनुसन्धानकर्ताको अत्यन्तै महत्त्वपूर्ण भूमिका हुन्छ । तथ्य र प्रमाणको स्वतन्त्र रूपमा अनुसन्धान तथा विश्लेषण गरी कानूनको प्रत्येक रीत पुऱ्याई अकाट्य वा तथ्यहरूको मालाकार रूपमा परिस्थितिजन्य प्रमाणहरू ग्रहण गरी ती प्रमाणहरूका साथ अभियोगपत्र कानूनले तोकिएको समयावधि भित्र वा त्यस्तो समय नतोकिएको अवस्थामा यथासम्भव चाँडो मुद्दा हेर्ने अधिकारी वा निकाय समक्ष प्रस्तुत गर्नु अभियोजन पक्षको प्रमुख दायित्व हुने ।
- आफ्नो अधिकारको प्रयोग अत्यन्त जिम्मेवार ढंगले गर्नुपर्ने हुन्छ, अधिकार छ भन्दैमा असीमित अवधिसम्म वा अन्य परिस्थिति वा मौका हेरी मुद्दा दायर गर्ने प्रवृत्तिलाई विकसित गर्नु न्यायको रोहमा मान्य नहुने ।

**नेपाल सरकार विरूद्ध सफिउर रहमान मुसलमान[१७]:**

१५. ने.का.प.२०७१, अंक ९, नि.नं. ९२५१
१६. ने.का.प. २०७५, अंक ७, नि.नं. १००४८
१७. ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५०

- घटना परिस्थितिसँग जोडिएका साक्षी प्रमाणहरूले जाहेरी व्यहोरालाई पुष्टि गर्ने अवस्था भएमा मात्र जाहेरी दरखास्तले प्रमाणिक मूल्य प्राप्त गर्ने ।
- जाहेरी दरखास्तले आफैंमा प्रमाणको रूप ग्रहण नगर्ने र यसले अन्य साक्षी प्रमाणको सापेक्षतामा प्रमाणको रूप ग्रहण गर्ने भएको हुँदा दोस्रो वा पुरक जाहेरी दिन नहुने वा दोस्रो जाहेरीको कुनै मूल्य नहुने भन्ने अवस्था नरहने ।

**तेजिन्द्र न्यौपाने विरूद्ध झापा जिल्ला अदालत[१८] :**

- कुनै अपराध भएको भन्ने सूचनाको आधारमा अनुसन्धान प्रक्रियाको थालनी भएपछि सोही कसूरमा मात्रै अभियोजन हुनुपर्दछ भन्ने मान्यता स्थापित हुने हो भने अनुसन्धान र अभियोजन कार्यको परिभाषा नै सीमित हुन पुग्ने ।
- कानूनबमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी पाएको कुनै पदाधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन नहुने ।
- अनुसन्धानकै क्रममा असल नियतबाट अनुसन्धान गर्दै जाँदा कसूर गरेको भन्ने देखिन नआएमा अदालतबाट म्याद थप गरी अनुसन्धान गरेको कार्य गैरकानूनी मान्न नमिल्ने ।
- अपराधको अनुसन्धान गरी अभियोजन गर्न अख्तियार प्राप्त गरेको निकायका पदाधिकारीले बदनियतपूर्वक अनुसन्धान गरी थुनामा राखी अभियोग लगाएको होला भनी केवल अनुमानका आधारमा मात्र मान्न नमिल्ने ।

**गोविन्द उपाध्याय विरूद्ध नेपाल सरकार[१९]:**

- अनुसन्धानको सिलसिलामा कुनै एक कसूरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसूर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकताअनुसार थप प्रमाण सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकात भन्दा फरक कसूरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले बन्देज लगाएको नदेखिएकोले चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैङ्किङ कसूरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

**भिमबहादुर तामाङ विरूद्ध सिन्धुपाल्चोक**

१८. ने.का.प. २०७७, अंक २, नि.नं. १०४३६
१९. ने.का.प. २०७७, अंक ६, नि.नं. १०५१४
२०. ने.का.प. २०७७, अंक ७, नि.नं. १०५२८

**जिल्ला अदालत**[20]:

- अभियोजन पक्षले आवश्यक प्रमाण सङ्कलन गरी प्रमाणको आधारमा अभियुक्तको पहिचान स्पष्ट गरी मुद्दा दर्ता गर्नु पर्दछ । अवस्था र परिस्थिति अनुसार पछि पक्राउ परेको व्यक्ति नै आरोपित व्यक्ति हो भनेर खुल्ने ठोस सबुत प्रमाण पेश गर्नु अनुसन्धान एवं अभियोजनकर्ताको कानूनी दायित्व हो । कसैलाई आरोप लगाउनु र पक्राउ गर्नु कुनै औपचारिकतासम्म पूरा गर्ने विषय होइन । अभियुक्तको बाबुको नाम र वतन नै फरक परिरहेको व्यक्ति एउटै हो भन्ने आधिकारिक प्रमाण बेगर हचुवा ढङ्गबाट व्यक्ति एउटै हो भन्नु कानून सम्मत नहुने ।
- व्यक्तिको पहिचान नै स्पष्ट नगरी र सो सम्बन्धमा तथ्यपूर्ण अनुसन्धान नै नगरी एउटै व्यक्ति हो भनी निष्कर्ष निकाल्नु कानून सम्मत नहुने ।

**रामकुमार कार्की विरूद्ध नेपाल सरकार**[21]:

- गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको र मुद्दाको अन्तिम निणर्य हुँदा सफाइ पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धित विषय विज्ञ, अन्तर्राष्ट्रियस्तरमा अन्य प्रजातान्त्रिक मुलुकहरूले यस सम्बन्धमा गरेका कानूनी व्यवस्था समेत अध्ययन मनन गरी यस अदालतको पूर्व आदेशानुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रूपले क्षतिपूर्ति प्रदान गर्ने तर्फ आवश्यक कारबाही गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

**नेपाल सरकार विरूद्ध सकवा साह तेली**[22]:

- फौजदारी कसूरमा आरोपित व्यक्तिउपरको जिकिर अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्नुपर्नेमा प्रतिवादी फरार रहेको भन्ने आधारमा मात्र आरोपित व्यक्ति उपरको अभियोग स्थापित हुन सक्दैन । फरार रहेकै आधारमा मात्र अभियोग पुष्टि हुने हो भने न्यायको मर्म खण्डित हुने र अनुसन्धान प्रक्रियामा नै गम्भीर असर पर्न जाने ।

**नेपाल सरकार विरूद्ध विशाल घर्ती मगर**[23]:

- अभियुक्तलाई चुप लाग्ने तथा आफू उपरको अभियोगउपर आधार र कारणसहित प्रतिवाद गर्ने दुवै अधिकार रहने भएको हुँदा न्यायिक प्रक्रियामा सहयोग नगरेको आधारमा मात्र अभियोग दाबी अनुसार कसूरदार ठहर

२१. ने.का.प. २०७७, अंक १०/११, नि.नं. १०५९३
२२. ने.का.प. २०७७, अंक १२, नि.नं. १०६०७
२३. ने.का.प. २०७७, अंक १२, नि.नं. १०६१६

गर्दा न्यायको मर्म तथा प्रचलित कानून प्रणाली प्रतिकूल निणर्य हुन जाने ।

- मौकामै दिएको जाहेरीमा किटानी रूपमा नाम उल्लेख नभई त्यसपछिको जाहेरीमा थप प्रतिवादीको नाम उल्लेख भएकोमा त्यसलाई सावधानीका साथ हेर्नुपर्छ । प्रतिवादी मौकामा फरारी रहेको कारणले मात्र उसलाई आरोपित कसूरमा दोषी करार गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त अनुकुल नहुने ।

**रमेश साह विरूद्ध नेपाल सरकार**[२४]:

- अनुसन्धान गर्दा शंकित व्यक्तिका विरूद्ध यथार्थ र वास्तविक प्रमाण संकलन गरिनुपर्छ । झुट्ठा प्रमाण सिर्जना गरिनु हुँदैन । झुट्ठा प्रमाणको सिर्जना गरी गरिएको अभियोजन तथा कारबाही प्रक्रियाबाट व्यक्तिको स्वच्छ सुनुवाइको हक निष्प्रभावी हुन पुग्छ । वस्तुतः झुट्ठा प्रमाणको सिर्जना गरी गरिएको अभियोजनबाट वादी पक्ष वा राज्यले मुद्दा जिते पनि अन्ततः फौजदारी न्याय प्रणाली हारेको हुन्छ । तर, स्वच्छ प्रक्रिया अवलम्बन गरी चलाइएको मुद्दामा अभियुक्तउपर सफलता प्राप्त भए वा नभए तापनि न्याय प्रणालीको हार हुने अवस्था रहँदैन । हामीले अवलम्बन गरिएको फौजदारी न्याय प्रणालीमा मुद्दा जित्ने तर न्यायले हार्नु पर्न अनपेक्षित अवस्थाको कल्पनासम्म पनि गर्न सकिदैन ।
- कुनै पनि व्यक्तिका विरूद्ध राज्यका निकायले काल्पनिक वारदात खडा गरी झुट्ठा मुद्दामा अभियोजन लगाउने कार्य सभ्य समाजमा कल्पनासम्म गर्न नसकिने विषय हो । यो प्रहरीलाई प्राप्त अनुसन्धान गर्ने अधिकारको गम्भीर दुरूपयोग हो । यस्तो दुरासायपूर्ण अभियोजनबाट व्यक्तिका वैयक्तिक स्वतन्त्रताको अपहरण, मानव अधिकारको गम्भीर उल्लङ्घन तथा कानूनी राज्यको अवधारणाको उपहास हुन जान्छ । राज्यका जिम्मेवार निकाय वा अधिकारीबाट सर्वसाधारण व्यक्तिलाई काल्पनिक वारदात खडा गरी झुट्ठा मुद्दा लगाउनु सम्बन्धित निकाय एवम् समग्र राज्य व्यवस्थाका लागि नै एक अत्यन्त लज्जास्पद अवस्था हो ।
- प्रतिवादीहरू ठगीको कसूरमा सम्म संलग्न भएको तर प्रस्तुत मुद्दामा दुराशययुक्त अभियोजन भई सोको परिणामस्वरूप लामो समयसम्म निरन्तर थुनामा बस्नु परेको देखियो । वस्तुतः यस मुद्दाको अभियोगपत्रमा दावी गरिएको वारदात नै झुट्ठा र काल्पनिक देखियो ।

तथापि निजहरू विरूद्धको दुराशययुक्त अभियोजनको परिणामस्वरूप नौ वर्षभन्दा लामो अवधिसम्म आफू संलग्न नै नभएको कसूरमा थुनामा बस्नुपर्ने अवस्थाको सिर्जना हुनु निजहरूको सम्मानपूर्वक बाँच्न पाउने हक र व्यक्तिगत स्वतन्त्रताको गम्भीर उल्लङ्घन हो । यसबाट प्रतिवादीहरूलाई अपुरणीय शारीरिक एवम् मानसिक पीडा पुगेको र निजहरूको सामाजिक इज्जत प्रतिष्ठामा गम्भीर क्षति पुगेको तथ्य विवाद छैन । यस स्थितिमा राज्यको उत्तरदायित्वको सुनिश्चितताका लागि सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउन र झुट्ठा अभियोजनबाट पीडित हुन पुगेका व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति समेत दिलाउन आवश्यक हुन्छ ।

♦ व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण र आधारभूत मानवअधिकारको उल्लङ्घनमा राज्यको उत्तरदायित्व प्रवर्द्धन गर्नका लागि समेत क्षतिपूर्ति प्राप्त गर्ने पूर्वावस्थालाई संकुचित तुल्याउन उपयुक्त नदेखिँदा दुराशयपूर्ण अभियोजनको परिणामस्वरूप थुनामा बस्नु परेका व्यक्तिलाई समेत राज्यबाट न्यायोचित क्षतिपूर्ति दिलाउनु आवश्यक देखिन्छ । तसर्थ, यी प्रतिवादीहरूको हकमा झुट्ठा मुद्दाका कारण थुनामा बस्नु परेको अवधिको न्यूनतम ज्यालालाई आधार लिई क्षतिपूर्ति प्रक्रिया अगाडि बढाउने सम्बन्धमा नेपालको महान्यायाधिवक्ताबाट आवश्यक पहल हुनेछ भन्ने यो इजलासले विश्वास लिएको छ ।

♦ अन्य देहायका विषयमा देहाय बमोजिम गर्नु भनी नेपाल राज्यका महान्यायाधिवक्तालाई लेखी पठाउनु ।

♦ काल्पनिक वारदात खडा गरी यी प्रतिवादीहरूबाट लागूऔषध बरामद भएको भनी झुट्ठा व्यहोराको बरामदी मुचुल्का समेतका प्रमाण खडा गर्ने प्रस्तुत मुद्दाका अनुसन्धान अधिकारीलाई विभागीय कारबाही गर्न प्रहरी महानिरीक्षकलाई लेखी पठाउन,

♦ लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ११, ११क र ११ख मा लागूऔषध फेला परेमा वा बरामद भएमा नष्ट गर्नुपर्ने व्यवस्था भएकोमा प्रस्तुत मुद्दामा बरामद भएको देखाउन प्रयोग भएको लागूऔषध प्रहरीको साथमा कहाँबाट के कसरी प्राप्त भएको हो सो समेत छानविन गरी यस प्रक्रियाबाट झुट्ठा दशी प्रमाण सिर्जना गर्ने कार्यलाई प्रवृत्तिको रूपमा दोहोरिन नदिन प्रहरी महानिरीक्षकलाई आवश्यक निर्देशन दिन र

♦ भविष्यमा निर्दोष व्यक्तिउपर झुट्ठा मुद्दा खडा गरी अभियोजन हुन नसक्ने र भएमा झुट्ठा अभियोजनबाट पीडित

प्रतिवादीहरूले क्षतिपूर्ति पाउने अवस्थाको सुनिश्चितताको लागि आवश्यक पहल गर्न ।

**निष्कर्ष** :

अपराध अनुसन्धान र अभियोजनमा उल्लेख्य सुधार हुने अपेक्षा साथ जारी भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लगायतका नयाँ कानूनहरूले वैज्ञानिक र वस्तुनिष्ठ अनुसन्धान र अभियोजनतर्फ इंगित गरेको छ । यसले नेपालको समग्र फौजदारी न्याय प्रशासनको सुधार गर्ने अपेक्षा गरिएको छ । यद्यपि अपराधको सही रूपमा अनुसन्धान र अभियोजन हुन नसकेमा जतिसुकै राम्रो कानून भए पनि वा न्यायपालिका जतिसुकै स्वतन्त्र र सक्षम भए तापनि त्यसले फौजदारी न्याय प्रशासनको लक्ष्य पूरा हुन सक्तैन । फौजदारी न्याय प्रशासनमा अनुसन्धानको चरण अत्यन्तै महत्वपूर्ण हुन्छ । यस चरणमा भएका कमी कमजोरीले त्यस्तो मुद्दामा प्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकोले कसूरको अनुसन्धान र अभियोजन गर्ने निकायहरूको भौतिक पूर्वाधार देखि लिएर त्यस्ता निकायहरूमा कार्यरत कर्मचारीको व्यवसायिक दक्षता र क्षमता अभिवृद्धि गर्नुपर्दछ । सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका क्षेत्रहरू पहिचान गर्नुपर्दछ । सम्मानित सर्वोच्च अदालतबाट अपराध अनुसन्धान र अभियोजनमा औंल्याइएका त्रुटी, कमिकमजोरीहरू पुनः नदोहोरिने तर्फ सचेत भई कार्य गर्नुपर्ने देखिन्छ ।

**सन्दर्भ सामाग्रीहरूः**


- प्रहरी ऐन, २०१२
- अभियोजन जर्नल, २०७८, वर्ष ३, अंक २, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ
- अभियोजन जर्नल, २०७६, वर्ष २ अंक १, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ
- CID Magazine 2019, नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल
- नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा रहेको आपराधिक अभिलेखहरू
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- नेपाल प्रहरी प्रधान कार्यालयको अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाहरू
- त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना प्रथम चरणको समीक्षा प्रतिवेदन, २०७६
- सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानून पत्रिकाहरू । ♦♦

निंयात्रा

# दिपुमा एक रात



✍ युवराज नयाँघरे

गोठ बनाउन जानेहरूको ताँती नै छ ।

त्यो ताँतीमा म पनि जोडिएको छु । बेला-बेलामा नेत्र, धर्म जोडिन्छन् ।

जताततै हरियो छ । बर्खा लागिसकेको छ । पानी दर्किन्छ र रोकिन्छ । पानी हेरेर अकासतिर आँखा हुत्याउन मन नि लागिरहन्छ ।

मेरा लुगा सबै भिजेका छन् । भरे कसरी बस्ने टुङ्गो छैन ।

'बिजोग होला भरे त !'

भीरबाट हाम्फालेको लहराले मलाई कुरिरहेको रहेछ । उसको गुजुल्टोमा म परें । अनि रोकिनु पर्‍यो मैले ।

'हत्तेरिका अल्भाउनेमा मान्छेदेखि लहरासम्म !'

मुखमा बेरिन पुगेको लहरो देखेर अगाडि गएका साथीहरू गलल्ल गै त हाले !

बिहान भिसमिसेदेखि हिंडेका हामी तेम्बाथानमा बसिएला भन्ने थियो । सँगै आएका एक गै त हाले ।

मैले नोर्बुको आँगनमा उभिएर छोर्तेन हेरें । मन्त्र लेखिएको छोर्तेन फिर्फिराइरहेथ्यो । घर मास्तिर लुङ्तर हल्लिरहेथे हावामा ।

सँगै आएको हूल लागेपछि मैले पनि ढाडमा कसें भ्यागुते भोला ।

तेम्बाथानमा गहुं काट्ने र थन्काउनेको चटारो थियो । आलु गोड्ने, बाख्रा चराउने बाटामा भेटिन्थे ।

पानी पर्दै र रोकिँदै गरिरहेथ्यो ।

'काँसम्म ?'

मेरो अघि लागेका नोर्बु शेर्पालाई मैले सोधें ।

'गोठ बनाउन जाने ।'

थाप्लामा निगालाका सुरिलो बिटो, बाँसको चित्रा र सोलार बत्ती बोकेथे उनले । तीस माऊ गाई छन् रे उनका ।

तीस वटा खसी बोका र दुईटा ठूल्ठूला कुकुर पालेका रहेछन् नोर्बुले ।

हामी कोल्टो परेर पश्चिमतिर लम्किरहेका छौं ।

हाँसे ।

पानी दर्किन थाल्यो । हरिया पहाडलाई ढुङ्गाका खातले बोके जस्तो लाग्थ्यो । मैले पश्चिम र उत्तरतिर अजङ्ग-अजङ्गका पहाड हेर्दै खुट्टामा बल थपें ।

ओरालो र तेर्पे बाटोसँग ताल मिलाउँदै छु ।

छाताले पनि नथेग्ने पानी पर्‍यो । पश्चिमतिरको पहाडबाट बादलका घनघोर गुजुल्टाहरू तलमाथि गरिरहेथे । बोकेको छाता फर्किन्थ्यो ।

चिप्ला ढुङ्गामा खुट्टा चिप्लिन्थे स्वात्त-स्वात्त ।

भारीले घचेटिएर म ह्वातह्वाती हुत्तिन्थे पटक-पटक ।

'साथीहरू गै त हाले । आज तेम्बाथानमा बसेर भोलि लाग्न पा' भए...!'

मैले बाटोको हैरानी बिर्सन भनें ।

कोल्टिएछ ओरालो । तेम्बाथानका घरहरू पूरै छेलिए । मैले भातपानी खुवाउने घर एकचोटि हेर्न खोजें- नोर्बुको घर । त्यो पनि फुसफुसे बादलले छेलिएछ ।

अनकन्टार बाटो ।

कहाँ हिँडेको म ? किन हिँडेको ? कैलेसम्म हिँडिरहने होला ? कतिन्जेल यसरी हिँड्ने होला ? एउटा विचार त सल्बलाउन पो थालेछ ।

'हैट !'

हपारें मनलाई ।

बाटो अलिक अघि लाग्न लाग्दा तल खोलामा अघिको हूल गएको देखियो ।

'यता-यता !'

हूलले हात हल्लायो ।

अनि हामी कटेरोतिरको गोरेटोमा हुत्तियौं । हिलो र पानीले बाटो मुस्किल पारे ।

अझ गोठबाट बगेको गोबर र गउँतको धारोले बाटो बनेछ माछाकै ढाड । ओहो, महाचिप्लो ।

ओरालो अनि चिप्लो । फेरि उबडेखाबडे चुच्चिएका ढुङ्गाले चिप्लाउन च्याँखे थापेर बसेका । एकैचोटि तल खोलामा पुग्यौं ।

हातले सिस्नो समातेर झरिएछ । झमझमाउन र पोल्न थाले हत्केला ।

कसलाई सुनाउनु । चुप लागें ।

'खान आ'थिस् । भेट्टाइस् भाग ।' भन्लान् भन्ने पिरलो छ ।

खोलो, बलेफी ।

हिमालबाट गड्गडाएर आएको थियो । सङ्ला लहरमा सेता भुंवरी नै भुंवरी थिए । एकछिन खोलामा नै सुस्ताए ।

अघि बत्तिएको बगाल पनि बगराँ थेच्चिएको रै'छ । हामी पुग्दा-नपुग्दासम्म चलमलाएर लाग्यो-खोलैखोला ।

एउटा अर्को बथानले बाटो

भुलेर मास्तिर गइरहेको थियो । तल हामी बगरमा पर्खिरहँदा आइपुग्यो ।

'देखाउनेले त्यतै देखाए । बित्थामा एक घण्टा बढ्ता हिँड्नु पर्‍यो ।'

फर्केको हूलको कल्याङमल्याङ चर्कै थियो ।

हिमाली खोलो निकै सङ्लो थियो ।

'खोलाको बैंस कतिखेर हुन्छ ?'

मैले पासाङलाई सोधें ।

'सार पनि... । सधैं नि ।'

'हैन, बैंसमा मान्छे बौलाउँछ । ऊ हेर्नु त ।'

मैले माथि डिलडिलसम्म खोलो उर्लेर झारपात बगाएको, ढुङ्गा डुबाएको र रूखका जरा खोस्रेको देखें ।

'बर्खामास हो कि सार ।'

पासाङले गोठ बनाउन लगेको बाँसे चित्रा ढुङ्गामा बिसाए ।

जुगल हिमाल पुग्ने बाटोको यो अन्तिम गाउँ । दिपु-यो गाउँ उता अरू घरबस्ती छैनन् रे ।

सिन्धुपाल्चोकको यो आपट्टे एकलास हिँडिरहँदा मनमा डर, अत्यास र भयले आँखा तरेर धेरैचोटि हेरिरह्यो मलाई ।

बगर आपट्टै लाग्दो थियो ।

तै सङ्लो, नीलो र सुकिलो पानी हेरेर मन उज्यालिन्थ्यो । कान पनि रसाएथे । पाइलामा खोलाको ढुङ्गाले हैरान पारे पनि कलकलमा गति भेटिन्थ्यो ।

बस्ती कहीं, कतै केही थिएन ।

पहाडका खोंचैखोंच थिए । आँखाले ननाप्ने आपट्टे ठूला ढुङ्गाका रास थिए । तिनै रासमा बजारिएको पानीको मुस्लोले अनौठा-अनौठा आवाजमा आफूलाई हुइँक्याइरहेथ्यो ।

'यो पो जिन्दगी !'

मनलाई भरथेग दिइरहेथें म ।

तल बगरबाट दक्षिणतिरको बगरे तीर नाघेर गएपछि अर्को आपट्टे जङ्गलमा गोरेटो गएको देखियो ।

'तेरै आदेश छ आज । नमानी सुख पाउँला र म ।'

उकालोमा भाँचिएको ली फेर्दै फुसफुसाउँछु । बाटोले सुनेजस्तो लाग्यो । अलिक सजिलो भएर टुप्लुकियो ।

बगर छोडेर अर्को उत्तिस घारीमा पस्छौं हामी । गोरेटोले तानेपछि त्यतै पस्नु पर्‍यो ।

एकैनासे उत्तिसका बिरूवा थिए । कसैले रोपेका थिए कि ? यो अनकन्टारमा कसले गर्‍यो होला यो पौरख ?

'लौ आयो, आयो ।'

दक्षिणतिर खहरेले बोकेर ल्याएको बगर थियो । बगर मास्तिरको घनघोर ठूलो पहिरो हेरेर धर्म अत्तालिएका होलान् ।

अगाडि गएकाहरू ताता

ढुङ्गामा बसेर तीनपाने घुट्क्याएर ज्यान तताइरहेथे । तिनको खुवाइ हेर्दा रातभरिमा मातको महासागरै रित्याउलान् जस्तो ठानिरा'थें म ।

कोल्टिएको बगर भएर हिंडेको नि दुई घण्टा भइसक्यो । बल्ल एउटा काठे फलेक तेर्सिएर खोलो फेरि तरियो ।

अब म एक्लो भएँ ।

हूलमा बटुलिएर हिंड्नेसँग कदम मिलाउन मन पर्दैन मलाई । एक्लै बरालिएर हिंड्ने मन छ मेरो ।

'टासिदेलेक !'

मैले ढुङ्गामा अडेसिएर भारी बिसाइरहेका दावा शेर्पालाई भनें ।

उनले मुस्कुराएर सत्कार गरे ।

दिपुकै रहेछन् दावा । भारतको मनालीमा काम गर्दा रहेछन्-दावा ।

'आमा पोइला गइहालिन् । घरमा बाबु छन् ।'

दावाले मन अँध्यारो पारेर भने ।

निकै लम्केपछि पारिपट्टि ३-४ घर टुप्लुकिए । तल खोला किनारमा गहुं लहलहाएको थियो । आलुका हरियापरिया ड्याङ सामुन्निए ।

तर गढतीरमा जोप्क्योका बथान थिए ।

जोप्क्योका बथान थिए पाखैभरि । हिजो मैले क्याङसिङका गोठमा पसेर चौंरीको दूध खाएको थिएँ । मिले आज नि घुट्क्याउने रहर छ ।

दावासँग गफ्फिँदै म हिंडिरहेको छु ।

'सार, आइ त हाल्यो ।'

झमक्क साँझ परेको छ । चिसो हावा र खोलाको गर्जनले नै चिस्याएको छ ज्यान ।

गढ तीरैतीर हिंडेपछि फेरि अर्को ३-४ रूख खोलामा लडाएको देखियो । भर्खरै लडाएको लाग्थ्यो रूख । त्यसका पात समेत झरेका थिएनन् । सुकेर पहेंलै पल्टेका पात हाँगामा जस्ताका तस्तै थिए ।

'रूख लडेको होइन । लडाइएको हो । मेरो शक्ति छउन्जेल हाँगामा टाँसिन्छु म ।'

पानीमाथि पुल हालिएको रूखका पातले बोलिरहेको लाग्यो ।

अस्तित्व र गति भनेकै यही होला ।

म ढुङ्गामा थेच्चिएँ । खोलाको गर्जना उही थियो । चिसो त्यत्तिकै फेरि । झोलाले पछाडि राम्रै दर्फराएको लाग्दैछ ।

'पुगियो अब !'

दावाले बोलेको सुनें ।

हो, घरहरू देखिए ।

हामी फटाफट बस्तीतिर पस्यौं । एउटा ठूलो झोलुङ्गे पुल उत्तरतिर गयो । त्यही रहेछ जुगल जाने गोरेटो ।

दिपु-हिमालको नाकै मुन्तिरको

गाउँ । शेर्पा गाउँ यो ।

१३ घर धुरी रहेछन् गाउँमा । एउटा गुम्बा थियो । घरैपिच्छे लुङ्तर थिए ।

छोर्तेनले घरका आँगनमा मानमनितो पाएकै थिए ।

'कता पो बस्ने होला ?' गाउँ पुग्दा अल्मलिएँ म । मेरा अनुहारले त्यो चालामाला देखाए पक्कै ।

'सार, उता-उता ।'

एउटी अलिक उज्यालिएकी लुगा धुँदै गरेकी शेर्पिनीले बाटो देखाइदिइन् ।

म सरासर एउटा ठूलै आँगनमा पुगेछु ।

करेसा हुँदै जाँदा उरूङखात चिर्पट हार लगाएर राखिएको थियो ।

'यता-यता ।'

जोडोले सिध्याउनै आँटेकोले न्यानो कोठा खोजेको थियो ।

बोलीले तान्यो ।

आँगनमा मानिसहरू टन्नै थिए ।

म बोलाएतिर गए ।

अँगेनीमा आगो दन्कुट बलिरहेको छ । त्यसकै वरिपरि अनुहार रातोपीरो बनाएका अरू निकै अनुहार देख्छु । सबका हातहातमा तीनपाने छन् । हरेकका ताता कुरा छन् ।

मैले आगो एकछिन तापें । अँध्यारो बढेर रातै भयो ।

बाहिर बसिसक्नु छैन । खोलाको गर्जनसँगै सिरेटो डरलाग्दो छ ।

एक पटक बाहिर आएर हेरें ।

जूनको उज्यालोमा दिपु शान्त छ । चकमन्न छ ।

गहुँ र आलुबारीका गराले शेर्पा गाउँ उज्यालो देखिरहेको छु ।

वरिपरि पहाडैपहाड छन् । हावाको तरङ्गमा पहाडको नुनु भएको हो कि !

फेरि आगोतिर फर्किएँ ।

उसिनेका आलु आए । खाँदा जस्ताका तस्तै- काँचा कचिला ।

'बिउको आलु हो सार । काँ पाक्छा रा !'

ठूलो कराइमा दाल उमालिरहेका शेर्पा बोले ।

मैले छेउको भुङ्ग्रोमा आलु हालें पोल्न । अरूले नि हाले । एक, दुई, तीन हुँदै भन्डै तीस आलुका बल्ढ्याङ्ग्रा आगोमा पसे ।

'आलु बढ्ता भो, भुङ्ग्रो कम ।'

म भुत्भुताउँदै बाहिरिएँ ।

सँगै आएका साथीहरू खोजिरहेथे ।

दावा भेटिए ।

'सार, भित्र पसुम् । यता त जाडो छ । झोला मैले लगिसकें ।'

हामी सबैका पोकापन्तरा

सरेछन् दावाकै घरमा ।

अघि झोला राख्दै गर्दा मेरो सातो गएथ्यो । भर्खर लिपिएको भुइँ छ । कोठाभरि ५०-६० जना छन् । अघि आउँदाको फिलफिले प्लास्टिक नै ओछ्यान रहेछ ।

खानेकुरा पाक्ने कहिले हो कहिले !

सुन्छु, भोलिदेखि त एउटै गोठमा कुप्रिनुपर्ने हो रे । जुगलमुनि अरू क्यै छैनन् रे । न खाने टुङ्गो, न बस्ने टुङ्गो ।

हावापानीले ओठ फुटिसकेका छन् । लुगा भिजेर भातै भएका छन् । झोला पनि पानी थुप्रिएर हुनसम्मको गरूँगो भो ।

'सार, तातोपानी खानु ।'

दावाका बुबा रहेछन्- कामी शेर्पा ।

'स्वास्नी मरिहाली । पेम जाङ्बु र दावा मेरा दुईटा छोरा हुन् । यस्तै जीवन छ ।

हावा आए पानी नपर्ला भन्छु । पानी नआए हावा नआउला भन्छु सार म त ।'

'तर हावा र पानी धेरैचोटि सँगै आ'को छ ।'

कामीले भनिरहँदा मेरो छातीमा आँसुका मूल फुटिरहे ।

अरूले नि सम्झाए । मैले पनि सम्झाएँ ।

बाबुले मरी भने । अघि छोराले पोइला गइन् भनेका थिए ।

'मन दुःखेपछि बाँचेकै मान्छे पनि त मरे सरह पो हुँदो रहेछ ।'

मैले तातोपानी घुट्काइरहँदा कामीको अनुहार हेर्दै कुरा फत्काएँ छातीमा । पानी थपी-थपी खाएँ ।

कामीले भनें- '१३ घर छन् दिपुमा । यहाँका सबै जना दिल्ली, मनालीमा जान्छन्-काम गर्न ।

सबै जान्छन् । १३ घरका तेह्रै जना घरमूली जान्छन् ।'

'हो, कुलु-मनाली त हिउँ स्कीका लागि प्रख्यात छ नि ।'

मैले थपें ।

कामीले गिलासमा अरू थपेर भने-'यता वर्षको कमाइले एक मैना पुग्छ । उता एक मैनाको कमाइले वर्षभरि पुग्छ ।'

जुगलको हिउँले घचेटेर भारतको हिउँमा पुगेर सास फेरेका भेटिए शेर्पाहरू ।

यताउता पल्र्याङपुर्लुङ पल्टियौं हामी ।

कसैका टाउका र खुट्टा जोडिए । कसैका टुप्पी र पैताला ठोकिए ।

कामीका कुराले शरीर तातेन कत्ति नि !

♦♦♦

# नयाँ व्यवसाय योजनाको पहिचान तथा छनौट



✍ **गम्भीर बहादुर हाडा**

सामान्य अर्थमा व्यवसाय भन्नाले लाभोपार्जन गर्नको लागि मानिसद्वारा गरिने आर्थिक क्रियाकलापलाई जनाउँछ । हामीले दैनिक जीवनमा साना-साना चिया पसलदेखि ठूला-ठूला उद्योगधन्दा, कलकारखानाहरू सञ्चालन भएको देख्दछौं । आफ्ना परिवार छरछिमेकी इस्टमित्र, नातेदारहरूले जीविकोपार्जन गर्नको लागि कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न रहेको पाउँछौं । उनीहरूले पुंजी लगानी गरेर जोखिम बहन गरेबापत त्यसबाट मुनाफा कमाउने अभिप्राय लिएका हुन्छन् । त्यसैले व्यवसाय भनेको मुनाफा कमाउने उद्देश्यले मानिसले सञ्चालन गर्ने आर्थिक क्रियाकलाप हो । व्यवसाय धेरै क्षेत्रहरू समावेश भएको व्यापक शब्द हो । शाब्दिक अर्थमा व्यवसायले 'व्यस्त रहने अवस्था' (A state of being busy) भन्ने बुझाउँछ । यो अर्थ ज्यादै व्यापक छ किनभने मानिस कुनै पनि समय कुनै न कुनै काममा व्यस्त रहेको हुन्छ । तर ती सबै व्यस्ततालाई व्यवसाय भन्न सकिन्न । आर्थिक उद्देश्य राखेर मानिसहरूद्वारा सम्पादन गरिने कार्यलाई मात्र व्यवसाय भनिन्छ । त्यसैले व्यवसाय अन्तर्गत जीवनोपार्जन तथा जीविकोपार्जनको लागि गरिने सम्पूर्ण मानवीय कार्यहरू पर्दछन् ।

प्रो. हेनेका शब्दहरूमा "वस्तुहरूको क्रय-विक्रयद्वारा धनोपार्जन गर्नको लागि गरिने मानवीय क्रियाकलापलाई व्यवसायको रूपमा परिभाषित गर्न सकिन्छ ।" त्यस्तै स्प्रीगलका शब्दहरूमा "वस्तु तथा सेवाहरूको उत्पादन र बिक्री अन्तर्गत समावेश हुने सम्पूर्ण क्रियाकलापहरूलाई व्यावसायिक क्रियाकलापको रूपमा वर्गीकरण गर्न सकिन्छ ।" प्रत्येक व्यावसायिक क्रियाकलाप मुनाफा आर्जन गर्न सञ्चालन गरिएको हुन्छ । एबोटको अनुसार "नाफा बिनाको व्यवसायलाई व्यवसाय भनिँदैन । पिटरसन र प्लाउम्यानका शब्दहरूमा "व्यवसाय

एक क्रियाकलाप हो जसमा विभिन्न व्यक्तिहरूले उपयोगी वस्तु तथा सेवाहरू पारस्परिक लाभ वा मुनाफाको लागि विनिमय गर्दछन्" ।

सामान्यतः मुनाफा आर्जन गर्ने उद्देश्यबाट सञ्चालित सामाजिक रूपमा स्वीकार्य र वैध आर्थिक क्रियाकलापलाई 'व्यवसाय' भनिन्छ । व्यवसायको प्रमुख लक्ष्य समाजमा बस्ने मानिसहरूको असीमित आवश्यकताहरूको पूर्ति गर्नु हो । त्यसैले उद्योग, व्यापार र वाणिज्य सेवाहरूद्वारा वस्तु तथा सेवाहरूको महत्त्व सिर्जना गरी अन्तिम उपभोक्ताहरूको आवश्यकता पूरा गर्नु पर्दछ । यसरी व्यवसायको सम्बन्ध वस्तु तथा सेवाहरूको उत्पादन, वितरण र विनिमयसँग रहेको पाइन्छ । व्यवसाय नाफाद्वारा प्रेरित आर्थिक क्रियाकलाप भएता पनि यसमा सधैं नाफा नै हुन्छ भन्ने छैन । यसमा जोखिम तत्त्व समावेश हुन्छ । त्यसैले भनिन्छ "जोखिम छैन भने व्यवसाय हुँदैन" । साथै व्यवसाय निरन्तर चलिरहने प्रक्रिया हो । यदि कुनै आर्थिक क्रियाकलाप निरन्तर रूपमा गरिँदैन भने त्यो व्यवसाय हुँदैन । व्यवसायले केही महत्त्वपूर्ण विशेषता ओगटेको हुन्छ । ठूलो वा सानो व्यापक वा सीमित श्रममूलक वा यन्त्रमूलक जे जस्तो भए पनि व्यवसायले ओगट्ने विशेषता एउटै हुने गर्दछ । प्रत्येक व्यवसायमा नाफा कमाएर जीवनयापन गर्ने तथा सम्पत्ति आर्जन गर्ने लक्ष्य रहने गर्दछ । नाफाको ध्येय नरहने हो भने त्यो समाजसेवा वा मानवताका अन्य पक्षको काम हुन सक्छ । व्यवसाय हुन सक्दैन । नाफा नभई वा निरन्तर नोक्सानी खपेर कसैले व्यवसाय गर्न सक्दैन । व्यवसाय मानवीय कार्य हो । मानिस बाहेक अन्य प्राणीले व्यवसाय गर्दैनन् । मानिसद्वारा नै गरिने सबै काम पनि व्यवसायिक हुँदैनन् । त्यस्तो मानवीय कार्य मात्र व्यवसाय हो जसमा आर्थिक तत्त्व समावेश हुन्छ । कुनै काम व्यवसाय हो वा होइन भनेर चिन्ने खास विशेषता त्यहाँ खरिद बिक्री हुन्छ वा हुँदैन भनेर हेर्नु हो । जहाँ खरिद बिक्री हुँदैन त्यहाँ व्यवसाय हुँदैन । व्यवसाय गर्नु ग्राहकलाई सन्तुष्ट पार्नु हो । विनिमय होस् वा बिक्री व्यवसायको एउटा पक्षमा ग्राहक रहन्छ । ग्राहकलाई बस्तु वा सेवा बेचेर नाफा आर्जन गर्न सकिन्छ । सामान्यतः एउटा मात्र कारोबार वा विनिमय व्यवसायभित्र पर्दैन । नाफाको उद्देश्यले प्रेरित कुनै पनि कारोबार व्यवसाय भए पनि पूर्ण व्यवसाय हुन कारोबारको निरन्तरता हुनुपर्छ । व्यवसायमा मुद्राको तत्त्व अनिवार्य मानिन्छ । मुद्रा बिना कारोबार वा व्यवसायको अस्तित्त्व खोज्न निकै गाह्रो पर्छ ।

उपर्युक्त छलफल तथा

परिभाषाहरूद्वारा स्पष्ट हुन्छ कि लाभ कमाउने उद्देश्य राखेर मानिसहरूद्वारा सञ्चालित आर्थिक क्रियाकलापलाई व्यवसाय भनिन्छ । व्यवसाय नियमित रूपमा सञ्चालन हुने जोखिमयुक्त खेल हो । आजको युगमा व्यवसायीले सेवाको भावलाई पनि अँगाल्नु पर्दछ किनभने सन्तुष्ट ग्राहक नै व्यवसायिक संगठनका सच्चा सम्पत्ति हुन् । व्यवसायभित्र उद्योग, व्यापार, वाणिज्य, यातायात, बैंकिङ्ग, बिमा आदि कारोबारहरू पर्दछन् । बैंकिङ्ग, यातायात तथा बिमा व्यवसायका सहयोगी कार्यभित्र पर्दछ । जसको सहयोगले व्यवसाय सफल हुन्छ ।

**व्यावसायिक अवसरहरूको पहिचान**

व्यवसायको विकास र विस्तार जतिसुकै भएको भए पनि यसको स्थापना एवम् सञ्चालन गर्ने विषय सजिलो छैन । पुँजी, जोखिम, उद्यमशीलता जस्ता थुप्रै पक्षमा गम्भीर भएर विश्लेषण गरेपछि मात्र कुनै व्यवसाय गर्ने वा नगर्ने निधो गर्न सकिन्छ । व्यवसायलाई धैर्य र युक्तिको काम मानिन्छ । भावना, संवेदनशीलता एवं पक्षपातमा यसको कुनै संलग्नता रहँदैन । यसैले कठोर कारोबार गर्नुपर्दा 'यो व्यवसाय हो भावना होइन' भन्ने गरिन्छ । व्यावसायिक स्वार्थ भनेको निःस्वार्थ होइन । आर्थिक स्वार्थका लागि व्यवसाय अँगालिन्छ । यसर्थ थुप्रै पक्ष र विषय विश्लेषण गरेर मात्र व्यवसायमा प्रवेश गर्ने निर्णय लिनुपर्छ । नयाँ व्यवसाय गर्न चाहने प्रत्येक व्यक्तिले कुन व्यवसाय गर्ने हो त्यसको पहिचान गर्नु साह्रै आवश्यक हुन्छ । सुरूमै एकै पटक यो व्यवसाय गर्ने भनेर रोज्न त सकिन्न, तैपनि व्यवसायको क्षेत्र र प्रकृति भने रोज्नै पर्छ । व्यवसाय रोज्न केही पृष्ठभूमिले सघाउ पुऱ्याउँछ । कसैको पुर्ख्यौली व्यवसाय हुन्छ, त्यसकै अनुभवबाट व्यवसाय रोज्न सकिन्छ । यसका साथै विभिन्न किताब पढेर, सम्बन्धित व्यक्तिसँग छलफल गरेर, व्यवसायको अवलोकन गरेर आदिमध्ये कुनै किसिमबाट यो व्यवसाय ठिक होला भनी पहिचान गर्नु उपयुक्त हुन्छ । व्यवसायिक वातावरण (Business Environment) ले व्यवसायिक संगठनमा विभिन्न किसिमले प्रभाव पार्ने भएकोले व्यवसायिक वातावरणको ठूलो महत्त्व हुन्छ ।

वातावरणको शाब्दिक अर्थ हो "परिवेश (surroundings) बाह्य वस्तुहरू (objects) प्रभावहरू वा परिस्थितिहरू जसअन्तर्गत कोही वा केही विद्यमान हुन्छन् ।" अतः व्यावसायिक वातावरणको परिभाषा के.डेविज (Davis) ले यसरी दिएका छन्, "एउटा संस्था वातावरण भनेको यसलाई घेर्ने र प्रभाव पार्ने सबै स्थितिहरू, घटनाहरू

र प्रभावहरूको जोड हो ।"

व्यावसायिक वातावरण भनेको संस्थाको सञ्चालनमा प्रभाव पार्ने विद्यमान स्थिति हो । संस्थाको सञ्चालनमा कानूनी वातावरण, वित्तीय वातावरण, राजनैतिक वातावरण, प्राविधिक वातावरण तथा आर्थिक वातावरणले असर पार्छ । संस्थाका विभिन्न निर्णयहरूमा यी वातावरणको महत्त्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापकीय निर्णय कार्य भनेको विभिन्न विकल्पहरूमध्ये एउटा खास विकल्प छनौट गर्ने प्रक्रिया हो । अतः डी.सी.हेगले भने भैं "आधुनिक व्यवस्थापकले आफूले गरिरहेका कार्यको आर्थिक/वित्तीय असर (implications) मात्र नभएर मानवीय/सङ्गठनात्मक र प्राविधिक असर पनि बुझ्नुपर्छ ।" यी कुराहरूले व्यवसायिक वातावरणसम्बन्धी अध्ययनको महत्त्व स्पष्ट पार्छ । संस्थाहरूले सान्दर्भिक वातावरणलाई तत्त्वहरू वा क्षेत्रहरू (sectors) मा वर्गीकरण गर्नुपर्छ । यस्तो वर्गीकरणले संस्थालाई जटिलताको समाधान गर्न, सञ्चालन भइरहेका विभिन्न प्रभावहरू बुझ्न र वातावरणीय परिवर्तनहरूलाई आफ्नो व्यवस्थापन प्रक्रियासँग सम्बन्धित बनाउनमा सघाउ पुऱ्याउँछ । यस्तो वर्गीकरण गर्नका लागि विभिन्न लेखकहरूले विभिन्न आधार बनाएको पाइन्छ । सान्दर्भिक वातावरणलाई सङ्गठनको आकार, क्रियाकलापका स्तर क्षेत्र, बजारको भौगोलिक ढकाइ, प्रविधिको प्रकृति, उत्पादनका प्रकृति, व्यवस्थापन दर्शन आदि तत्त्वका आधारमा वर्गीकरण गरिन्छ । यहाँ वातावरणलाई तत्त्वका आधारमा आर्थिक, सामाजिक, राजनैतिक, कानूनी र प्राविधिक गरी पाँच वर्गमा वर्गीकरण गरिएको छ ।

**व्यावसायिक अवसरका पहिचान**

सफल व्यावसाय प्रारम्भ गर्ने पहिलो चरण असल परियोजना विचारहरू (Ideas) का खोजी गर्नु भनिन्छ । सफलताको कुञ्जी ठिक समयमा ठिक व्यवसायमा प्रवेश गर्नुमा हुन्छ। यस्तो परामर्श सरल देखिन्छ । तर सु-सम्पादन गर्न कठिन हुन्छ किनकी असल व्यावसायिक अवसानहरू दूर्ग्राहृदय (Elusive) हुन्छन् । यस्ता अवसरहरू पहिचान गर्नका लागि कल्पना, वातावरणीय परिवर्तनमा संवेदनशीलता र संस्थाले के गर्न सक्छ भन्ने सम्बन्धमा यथार्थवादी मूल्याङ्कन आवश्यक हुन्छ । अवसर पहिचान गर्ने कार्य विभिन्न कुरामा निर्भर हुन्छ र विभिन्न कुराले असर पार्छ । यस कार्यका लागि आंशिक रूपमा परिमाण व्यक्त गर्न योग्य तत्त्वहरूका वस्तुगत विश्लेषण आवश्यक हुन्छ र आंशिक रूपमा गुणात्मक तत्त्वहरूका विषयगत विश्लेषण आवश्यक हुन्छ । त्यस्तै यस कार्य आंशिक रूपमा केन्द्रित सोचाइ (Convergent thinking) र

आंशिक रूपमा विभिन्न सोचाइ (Divergent thinking) मा निर्भर गर्छ । पहिचान भनेको विश्लेषणात्मक अभ्यास नभएर सञ्चालन गर्ने (Triggering) प्रक्रिया हो । पहिचानका धारणा सजिलो भए पनि यसलाई सम्पन्न गर्न कठिन हुन्छ किनकी यस कामका लागि मार्गदर्शन गर्ने कुनै सुपरिभाषित सिद्धान्त छैन् ।

विचार सिर्जनाको विधिको प्रयोग गर्न धेरै जानकारी र स्वत विश्लेषण पश्चात पनि निश्चित व्यावसायिक विचार सिर्जना हुन नसकेमा विभिन्न उपायद्वारा व्यावसायिक विचारको सिर्जना गर्नुपर्दछ । समूह केन्द्रित विधि अन्तर्गत व्यावसायिक विचार सिर्जना गर्ने बेलामा केही व्यक्तिहरू जो प्रत्यक्ष रूपमा व्यवसाय सञ्चालनमा आबद्ध हुन्छन् । तिनीहरूलाई निश्चित खाका (Format) मा जानकारीहरू दिन लगाइन्छ । अन्त्यमा ती सबै जानकारीको विश्लेषण गरी व्यावसायिक विचारको छनोट गरिन्छ । यस्तो समूहमा बस्ने मानिसहरू ८ देखि १४ जनाको सङ्ख्यामा हुन्छन् र विषयगत ज्ञाता पनि हुन्छन् । मानसिक दबाब विधि, समूह केन्द्रित विधिमा छलफल गरेर विचार सिर्जना हुने गरिएको हुन्छ । तर यस विधिमा समूहको एउटा व्यक्तिले अर्को व्यक्तिको आलोचना गर्न पाउँदैन । यस विधिमा चाहिँ व्यक्तिले बृहत् विचार भने राख्न पाउँछ र विचारहरू असङ्ख्य सङ्ख्यामा आउनु पर्दछ । त्यसै गरी यस विधिमा सुधारात्मक विचारहरू राख्ने छुट पनि हुन्छ । मानसिक दबाब विधिको प्रमुख्य उद्देश्य भनेको विचारहरूको गहिराइमा पुग्नु हो । जसले सामान्य देखि जटिल समस्याको पहिचान गरी व्यावसायिक अवसर छोप्ने आधार प्रष्ट्याउन सक्छ ।

**नयाँ व्यवसाय पहिचान तथा छनौट**

व्यावसायिक अवसरको पहिचान र व्यावसायिक अवसर भनेको बाह्य वातावरणको एउटा यस्तो क्षेत्र हो, जसको सदुपयोग गर्न सकेमा उद्यमीले उच्च कार्य सम्पादन एवम् सफलता प्राप्त गर्न सक्दछ । यसले उद्यमीलाई नयाँ व्यवसाय आरम्भ गर्न र आफ्नो हित अभिवृद्धि गर्न उत्प्रेरित एवम् सक्षम बनाउँदछ । विभिन्न आर्थिक, राजनैतिक, कानूनी, सामाजिक-साँस्कृतिक एवं प्राविधिक वातावरणीय तत्त्वहरूमा आउने परिवर्तनले व्यावसायिक अवसरहरू सिर्जना गरेर नयाँ व्यवसायको आरम्भ गर्नमा उद्यमीहरू सक्षम हुनुपर्दछ ।

व्यवसाय नै मानवीय गतिविधि भएकाले मानवीय उद्देश्य रहनु अस्वभाविक होइन र व्यवसायलाई मानवीय कार्य मानिनुको अर्थ कामदार र ग्राहक बाहेक अन्य पक्षमा पनि मानिसकै संलग्नता रहनु हो । सामान आपूर्तिकर्ता, वितरण

माध्यमका प्रत्येक विन्दुमा संलग्न मध्यस्थहरू, अन्य व्यक्तिहरू सबैको हित हेर्नु व्यवसायका कर्तव्यभित्र पर्दछन् । उद्योगलाई व्यवसायको आधारभूत क्षेत्र मानिन्छ । सबै औद्योगिक गतिविधि व्यवसायको क्षेत्रमा पर्दछन् । औद्योगिक गतिविधि अन्तर्गत निष्कर्षणात्मक उद्योग (Extractive industries), उत्पत्तिजनक उद्योग (Gentic Industry), उत्पादनमूलक उद्योग (Manufacturing industry), निर्माण उद्योग (Construction Industry) आदि पर्न आउँछन् । व्यवसायले राष्ट्रिय विकासका लागि ठूलो योगदान पुऱ्याउँछ । राष्ट्रिय विकासका मापदण्डका रूपमा कुल ग्रार्हस्थ्य उत्पादन, रोजगारी, आर्थिक गतिविधि, श्रमशक्तिको प्रयोग आदि रहने गर्दछन् । राष्ट्रभरका नागरिकलाई दैनिक उपभोग्य वस्तुदेखि अन्य सबै प्रकारका वस्तु एवं सेवा आवश्यक पर्दछन् । यस्ता वस्तु र सेवा आपूर्ति गर्ने क्षेत्र व्यवसाय नै हो । परम्परागत रूपमा धेरै जसो मानिस कृषिमा आश्रित हुँदै आएका छन् । आधुनिक समाजमा भने व्यवसायलाई नै सबभन्दा ठूलो रोजगारीको क्षेत्र मानिन्छ । देशलाई आर्थिक रूपमा आत्मनिर्भर गराउनका निम्ति व्यवसायको विकास हुनैपर्छ । व्यवसायले अन्तर्राष्ट्रिय हितमा पनि धेरै काम गर्छ । अन्तर्राष्ट्रिय व्यापारका कारण अन्तर्राष्ट्रिय सम्पर्क बढ्छ । एकअर्को देशका नागरिकमा परस्पर सम्बन्ध बढ्छ र परस्पर सहयोग गर्ने वातावरण बढ्छ । मानिसमा व्यवसायिक क्षमताको वृद्धि व्यवसायले नै गर्ने गर्छ । उत्पादकत्वको वृद्धि र प्रतिस्पर्धाको कारण पनि व्यवसाय नै हो ।

**SWOT ANALYSIS**

जब वस्तु तथा सेवा अरूको भन्दा केही फरक खालको हुन्छ त्यसले उपभोक्तालाई आकर्षण गर्न सक्दछ । यसबाट आकर्षित उपभोक्तालाई सन्तुष्ट पार्न सकियो भने ऊ सधैंको ग्राहक बन्न सक्छ । जसबाट व्यापार व्यवसायमा वृद्धि हुन्छ । व्यवसायमा नयाँ Idea वा नयाँ प्रक्रियाको प्रयोग वस्तु उत्पादन, प्याकिङ डिजाइनिङ र त्यसलाई विभिन्न किसिमले प्रवर्धन गर्ने क्रममा प्रयोग गर्न सकिन्छ । यसबाट आफ्नो वस्तु तथा सेवालाई अरूको भन्दा आकर्षक र फरक बनाउन सकिन्छ । जुन बजारशास्त्रको महत्त्वपूर्ण पक्ष पनि हो । आजको प्रतिस्पर्धी तथा छनौट पूर्ण जमानामा ग्रामीण जनताले पनि आफ्नो वस्तु तथा सेवाहरूलाई बजारमा बिक्री गर्नको लागि विभिन्न रणनीति अपनाउनु पर्दछ । यसको लागि उपयुक्त विचार र रणनीति सधैं आवश्यक हुन्छ । जसबाट उनीहरू आफ्ना वस्तु तथा सेवालाई सजिलोसँग बजारीकरण गर्न सक्षम हुन्छन् । हाम्रो ग्रामीण क्षेत्रमा

प्रचुर मात्रामा प्राकृतिक स्रोत व्यावसायिक सिपहरू कला संस्कृतिहरू, रहेका छन् । तिनीहरूलाई कसरी एक व्यावसायिक उत्पादन बनाएर बेच्न सकिन्छ ? त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने विषयमा चिन्तित हुनुपर्दछ । यसरी ग्रामीण स्रोतहरूलाई विवेकपूर्ण तरिकाले उपयोग गरेर बजारमा बिक्री योग्य बनाउन सके ग्रामीण बजारीकरण मार्फत ग्रामीण विकास सम्भव हुन्छ ।

व्यावसायिक योजनालाई नयाँ व्यवसाय आयोजना प्रतिवेदन (Venture Project Report) पनि भनिन्छ । सामान्य अर्थमा व्यावसायिक योजना भनेको उद्यमीले के गर्न लागेको छ भन्ने सम्बन्धित लिखित विवरण हो। यो उद्यमीले के हासिल गर्न खोजेको छ र कसरी हासिल गर्न खोजको छ भन्ने सम्बन्धित मार्गदर्शन हो । यसले भविष्यमा नयाँ व्यवसाय सञ्चालनका लागि सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरूलाई जनाउँदछ । अर्थात व्यावसायिक योजना भनेको नयाँ व्यवसायका लागि विस्तृत मार्गदर्शन हो । यो व्यावसायिक क्रियाकलापहरूको रूपरेखा हो । यसले नयाँ व्यवसायको क्रियाकलापहरूको साथै व्यवसायको दीर्घकालिन बृहत् लक्ष्य एवं उद्देश्यहरूलाई समेत समेट्दछ । यसमा समय, लागत कार्यविधि सबै निश्चित गरिएको हुन्छ । यसले व्यवसायको वर्णन, बजारीकरण, वित्तीय, सञ्चालन तथा व्यवस्थापन जस्ता सम्पूर्ण पक्षहरूलाई समेट्दछ । यस योजनाको माध्यमबाट नयाँ व्यवसायको लागि आवश्यक स्रोत साधनहरू परिचालन गर्न सहज हुन्छ । एउटा राम्रो व्यावसायिक योजनाले बाह्य पक्षको ध्यान आकर्षित गर्दछ । यसबाट लगानीकर्तालाई लगानी गर्न आकर्षित गर्न सफल हुन्छ । यसबाट व्यवसायले पुंजीको व्यवस्था गरी व्यवसाय सञ्चालन गर्ने आधार प्राप्त हुन्छ । यो एक किसिमले सडक-नक्शा/ रोडम्याप (Road-Map) कै रूपमा प्रयोग गरिन्छ । यसैका आधारमा व्यवसाय सञ्चालन गर्न सकिने हुन्छ र व्यावसायिक लक्ष्य हासिल गर्नमा सहयोगी बन्दछ ।

व्यावसायिक योजना नयाँ व्यवसाय सञ्चालन गर्नु पूर्व व्यवसायका सम्पूर्ण कुराहरूलाई समेटेर तयार पारिएको विवरण उद्यमीका लागि त्यस्तो मार्गदर्शन बन्छ, जसको सहयोगबाट ऊ आफ्नो लक्ष्यसम्म पुग्न सक्छ । यसमा समय लागत कार्यविधि सबै निश्चित गरिएको हुन्छ । यसले व्यवसायको वर्णन, बजारीकरण, वित्तीय सञ्चालन तथा व्यवस्थापनजस्ता सम्पूर्ण पक्षहरूलाई समेट्दछ । यस योजनाको माध्यमबाट नयाँ व्यवसायको लागि आवश्यक स्रोत साधनहरू परिचालन गर्न सहज हुन्छ ।

व्यावसायिक लक्ष्य हासिल गर्नमा यसको भूमिका व्यवसायको सफलताका लागि कोसेढुङ्गा सावित हुन सक्छ । धन कमाउने वा नाफा आर्जन गर्ने उद्देश्यले सञ्चालन गरिने मानवीय कार्यलाई व्यवसाय भनिन्छ । थोरै पूँजी लगानी गरेर स्थानीय स्तरमा सञ्चालन भएको यस्तो व्यवसायलाई साना व्यवसाय (small business) भनिन्छ । यस प्रकारको सानो व्यवसाय ज्यादै व्यक्तिवादी (Highly personalized) हुन्छ । यस्तो व्यवसाय अन्तर्गत वस्तुको उत्पादन परिवर्तन, स्थानान्तरण तथा बिक्री केन्द्रमा पुऱ्याउने जस्ता क्रियाकलापहरू पर्दछन् । यस्ता साना व्यवसायहरूको उद्देश्य नाफा आर्जन गर्नुको साथै सेवा प्रदान गर्ने कार्य पनि हुनुपर्दछ । कुनै पनि राष्ट्रको अर्थतन्त्रमा साना उद्योग तथा व्यापारको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । यिनै साना उद्योग, व्यापार, वाणिज्य र व्यावसायिक कारोबारहरू ठूला तथा मझौला उद्योगका परिपूरकका रूपमा रहेको पाइन्छ । कतिपय विकसित देशहरूमा साना व्यवसायको कारोबार नहुने हो भने कुल अर्थतन्त्र नै डामाडोल हुने खतरा देखिन्छ । यस्तो महत्त्वपूर्ण साना व्यवसायहरूको तुलनात्मक फाइदा तथा महत्त्व रहेको हुन्छ ।

व्यावसायिक योजना तयारी गर्दा उद्यमी आफै आफ्नो व्यवसायमा भिजेको छ र उसमा विषयगत ज्ञान छ भने उद्यमीले नै प्रतिवेदन तयार गर्नु राम्रो हुन्छ । तर अज्ञानतामा पनि प्रतिवेदन तयार गर्न खोज्नु मूर्खता मात्र हो । यस्तो बेला विभिन्न परामर्शदाता संस्था वा विशेषज्ञको सहयोग लिनुपर्ने हुन्छ । व्यवसायिक योजना तयारीको क्रममा धेरै विषयमा सूचना तथा जानकारी भेला पार्न सक्नु पर्दछ र लगानीकर्तालि प्रस्तावित व्यवसाय साच्चै नै सम्भाव्य छ भनेर प्रष्टाउन पारदर्शी सूचना तथा

**गजल**

**✍ गङ्गा कर्माचार्य पौडेल**



जिन्दगीमा ठूलो पीडा तिमीले दिएको चोट बन्यो
मेरो निष्ठा समर्पण तिम्रा लागि खोट बन्यो ।

रोएर म किन बस्थें जीवन जिउने कला सिकें
तिम्रो तिरस्कार मलाई मृत्यु जित्ने भोट बन्यो ।

नैतिकताको धरातलमा इमानको वृक्ष रोपें
उही वृक्ष मेरो लागि अमृत फल्ने बोट बन्यो ।

वाङ्मयको फाँटभरि अक्षरको खेती गरी
यो राष्ट्रको सेवा गर्नु मेरो एउटा अठोट बन्यो ।

जानकारी चाहिन्छ । यस्ता सूचना संकलन तथा उपयोग गर्दा व्यवसायी स्वयम् पनि व्यवसायिक योजनाको बारेमा प्रष्ट हुन जरूरी छ । एकातिर गोपनियताको आधारमा बनाइएको व्यावसायिक योजना चुहावट हुने सम्भावना हुने भएकोले यस प्रति सचेत हुनु जरूरी हुन्छ । तसर्थ प्रतिस्पर्धीलाई उछिन्नको लागि पनि व्यावसायिक योजनाको महत्त्व उल्लेखनीय रहन्छ । एउटा राम्रो व्यावसायिक प्रतिवेदन योजना सरल र छोटो हुनुपर्दछ । नेपालमा व्यवसाय योजना तयार गर्दा सामान्यतया चार अङ्गहरू समावेश गरिएको हुन्छ । यसको अलावा सम्बन्धित उद्यमको बारेमा छोटो विवरण पनि यसमा समावेश गरिन्छ । कुखुरापालन व्यवसायको उदाहरण लिएर व्यवसाय योजनाका अङ्गहरूको बारेमा अगाडि चर्चा गरिएको छ । व्यवसायीले नियमित रूपमा बजार अध्ययन गर्नु अति आवश्यक छ । बजार अध्ययनको मूल उद्देश्य उत्पादन गरिने वस्तुको माग र उपभोक्ताहरूको रूची थाहा पाउनु हो । बजार अध्ययनको आधारमा के कस्तो वस्तु उत्पादन गर्ने हो भन्ने बारेमा निर्णयमा पुगिन्छ । खास गरी उक्त वस्तुको डिजाइन, रङ्ग, आकार प्रकार, तौल, स्वाद के कस्तो हुने एवम् उत्पादित वस्तुको उपयोग कसरी गरिने हो आदि बारेमा निर्क्यौलमा पुगी योजना बनाइन्छ । यसका अतिरिक्त, उत्पादन गरको वस्तु बीच गुणस्तर, आकार प्रकार, मूल्य एवम् उपभोक्ता तथा व्यापारीहरूलाई दिइने सुविधाहरूमा के कस्तो अन्तर छन् भन्ने बारेमा पनि बजार सेवा योजनामा उल्लेख गर्नु पर्छ । यसै गरी उत्पादित वस्तुको बिक्री वितरणका तह एवं माध्यमहरू, लक्षित बजार तथा उपभोक्ताहरू, बजार प्रवर्द्धनका उपायहरू र बजार प्रतिस्पर्धाका रणनीतिहरू आदि पक्षहरूलाई विचार गरी बजार सेवा रणनीति पनि उल्लेख गर्नु आवश्यक हुन्छ ।

उद्यमीले नयाँ व्यवसाय शुरू हुनु भन्दा अगाडि परियोजनाको तयारी नै आफैँमा एउटा योजनाको रूपमा गर्न सकिएमा राम्रो हुन्छ । व्यावसायिक योजना तयारी गर्दा सङ्गठनको लक्ष्य, उद्देश्य र कार्य प्रणाली आदि सबै उल्लेख गरिने हुँदा काम गर्न एउटा स्पष्ट मार्गदर्शन मिल्छ । यसका अतिरिक्त कार्यकारीका सम्बन्धमा र परियोजनाका अरू धेरै पक्षाको समेत अध्ययन विश्लेषण गरिनाले परियोजना प्रतिवेदनबाट कार्यगत द्विविधा हटाउन सकिन्छ । वास्तविक क्रियाकलाप हुँदा पनि परियोजनाको उद्देश्य अनुरूप भए नभएको हेर्न सकिन्छ । व्यावसायिक योजना तयारी ठिक भएमा लगानीकर्ताहरू आकर्षित गर्न सकिन्छ । राम्रो योजना

प्रतिवेदनले व्यवसाय सञ्चालन गर्न आफू सक्षम, तयार र प्रतिबद्ध रहेको कुरालाई प्रष्टाउछ । फलस्वरूप लगानीकर्ता, ऋणदाता, आपूर्तिकर्ता र अन्य धेरै व्यवसायिक सरोकारवालाहरू रूचि देखाउन थाल्छन् । यो सफल पनि हुन्छ । उच्च पदका राम्रा कर्मचारी आकर्षण गर्न पनि योजना प्रतिवेदन राम्रो हुन जान्छ । लगानी उठाउनै सक्ला नसक्ला भन्ने लागेमा त्यस्तो व्यवसायिक प्रतिष्ठानमा पेशेवर कर्मचारी आकर्षित हुन सक्दैनन् । उचित व्यवसायको छनौट गरिसकेपछि व्यवसायलाई व्यवहारिक रूप दिन गरिने विभिन्न कार्यहरूलाई प्रारम्भिक अनुसन्धान भनिन्छ । प्रारम्भिक कार्यहरू राम्रो गर्न सकेको खण्डमा व्यवसायिक सफलता प्राप्त गर्न सजिलो हुन्छ । प्रारम्भिक कार्यभित्र वर्तमान र भविष्यमा हुन सक्ने कठिनाइहरूको पूर्वानुमान, प्रतिस्पर्धाको स्थितिको विश्लेषण, ग्राहकको बद्लिँदो रूची, आवश्यकता, फेशन आदिको अनुसन्धान पर्दछन्।

व्यवसायमैत्री वातावरणमा सार्क मुलुकहरूको अवस्था खस्किदै गएको कुरा हाल प्रतिवेदन प्रकाशित भएको छ । सो प्रतिवेदनअनुसार विश्व अर्थतन्त्रमा तुलनात्मक रूपले दक्षिण एसियाली मुलुकहरूको अवस्था सन्तोषजनक देखिएको छैन । प्रायजसो सूचकमा यस क्षेत्रका देशको अवस्था निराशाजनक नै देखिन्छ । सार्कका आठ मूलुकहरूमध्ये तुलनात्मक रूपमा भारत र भुटानको अवस्था सन्तोषजनक रहेको छ। पछिल्लो प्रतिवेदनमा विश्वका १ सय ९० अर्थतन्त्रमा गरिएको अध्ययनमा भारत ६७.२३ अंक सहित ७७औं स्थानमा र भुटान ६६.०८ अंकका साथ ८१औं स्थानमा रहेको छ । त्यस पछि श्रीलंका १ सयऔं स्थानमा रहेको छ । उसको अंक ६१.२३ रहेको छ । १ सय १०औं स्थानमा झरेको नेपालले जम्मा ५९.६३ अंक पाएको छ । मालदिप्स, पाकिस्तान, अफगानिस्तान र बंगलादेश क्रमश १ सय ३९औं, १ सय ३६औं, १ सय ६७औं तथा १ सय ८३औं स्थानमा परेकमा छन् । सबैभन्दा कम व्यवसायीमैत्री वातावरण भएको बंगलादेशको जम्मा ४१.९७ अंक रहँदा अफगानिस्तानले ४४.७७ र पाकिस्तानले ५५.३१ अंक प्राप्त गरेको छ । वर्ल्ड इकोनोमिक फोरमले विभिन्न १२ मुख्य सूचक तथा १ सय १४ उपसूचकका आधारमा तयार गर्ने ग्लोबल कम्पीटिटिभनेश इन्डेक्स २०१७–२०१८ ले पनि सार्क मुलुकको अवस्था सन्तोषजनक देखाएको छैन ।

संस्थागत व्यवस्था, नीति तथा उत्पादकत्व निर्धारण गर्ने साधनहरू यो प्रतिवेदनले सार्कमा नेपाल भारत, भुटान तथा श्रीलंका भन्दा पछाडि रहेको उल्लेख गरेको छ । जसअनुसार भारत

१ सय ३७ मुलुकमध्ये ४०औं स्थानमा, भुटान ८२औं स्थानमा, श्रीलंका ८५औं स्थानमा र नेपाल ८८औं स्थानमा रहेको छ । बंगलादेश ९९औं स्थानमा रहँदा पाकिस्तान भने सबैभन्दा पछाडि १ सय १५औं स्थानमा रहेको छ । वालस्ट्रि जर्नलका अनुसार तुलनात्मक रूपमा भुटान केही अगाडि रहेको छ । भुटान ६१.८ अंक सहित ८७औं स्थानमा रहेको छ । त्यसपछि क्रमशः श्रीलंका ७५.८ अंक सहित १ सय ११औं स्थानमा बंगलादेश ५५.१ अंक सहित १ सय २८ औं स्थानमा रहेको छ । भारत भने १ सय ३० औं स्थानमा रहेको छ । उसले ५४.५ अंक प्राप्त गर्दा पाकिस्तान ५४.४ अंक सहित नेपाल भन्दा दुई स्थान अगाडि अर्थात १ सय ३१औं स्थानमा रहेको छ । १ सय ३३औं स्थानमा रहेको नेपालको अंक ५४.१ मात्र रहेको छ । द्वन्द्वको चपेटामा परिरहेको अफगानिस्तान ५१.३ अंक सहित १ सय ५४औं स्थानमा रहँदा माल्दिप्स भने सबैभन्दा पछाडि अर्थात १ सय ५५औं स्थानमा रहेको छ ।

व्यवसाय सामान्यतः मुनाफाको लागि गरिन्छ । व्यवसायमा लगानी हुन्छ, श्रम लाग्छ र विभिन्न लागत समावेश हुन्छ । व्यवसायमा उद्यमशीलता आवश्यक पर्छ । उद्यमशीलताबाट नै मुनाफा आर्जन हुन्छ र मुनाफा उद्यमीको पारितोषक हो । व्यवसायलाई साहसीहरूको खेल मैदान भनिन्छ । साहस नभई व्यवसाय गर्न सकिदैन । जोखिम रहने र नोक्सान पनि व्यहोर्नु पर्ने सम्भावना हुँदा व्यवसायलाई साहसिलो पेशा भन्ने चलन छ । मुनाफा नै व्यवसायको आधारभूत उद्देश्य हुने गर्छ । मुनाफाको अपेक्षा, आकांक्षा र सम्भावना बेगर कुनै व्यवसाय सञ्चालन हुन सक्दैन । मुनाफासँग गाँसिएर व्यवसायमा ग्राहकको सेवा र सन्तुष्टि पनि आउँछ । जुन विषय महत्त्वपूर्ण हुन्छ । ग्राहक सन्तुष्ट भयो, ऊ स्थायी ग्राहक बन्न सक्छ । एउटा व्यवसायी आफूलाई ठूलो करदाता, ठूलो रोजगारदाता, ठूलो उद्योगपति, ठूलो व्यापारी, ठूलो निर्यातकर्ता, धनी व्यक्ति, ठूलो लगानीकर्ता आदि विशेषणद्वारा चिनाउन चाहन्छ । व्यवसाय भनेको आर्थिक स्वार्थ मात्र होइन, सामाजिक दायित्व पनि हो । समाजसेवा व्यवसायमा आउनु एउटा उद्देश्य हो । समाजलाई चाहिने वस्तु एवं सेवा गाउँघरसम्म ल्याएर बिक्री गर्नुलाई सेवाकै रूपमा लिइनुपर्छ । ग्राहकको सन्तुष्टि अर्को सामाजिक उद्देश्य हो । ग्राहकको इच्छा एवं आवश्यकताअनुसार व्यवसायिक सेवा गर्ने प्रत्येक व्यवसायको लक्ष्य हुन्छ । व्यवसाय जहिले पनि समाजप्रति उत्तरदायी हुनुपर्छ र व्यवसायमा मानवीय

उद्देश्य पनि अन्तर्निहित रहन्छ ।

नविनतम् ज्ञान सीप र क्षमता भएका आविष्कारक, उद्यमी र व्यवसायीलाई नवप्रवर्तनकारी उद्यम तथा व्यवसाय सञ्चालन गर्न सुरूवाती पुंजी उपलब्ध गराउन सरकारले कार्यविधि जारी गरेको हो । उद्योग, कृषि, उर्जा, स्वाथ्य, पर्यटन, शिक्षा, सूचना, प्रविधि लगायतका क्षेत्रमा आवश्यक लगानी योग्य पुंजी जुटाउन, लघु, घरेलु साना तथा मझौला, उद्यमी, व्यवसायी तथा आविष्कारकलाई कर्जा प्रदान गर्ने व्यवस्था कार्यविधिमा छ । कर्जा लिएको चार वर्षभित्र चुक्ता गर्नुपर्ने व्यवस्था पनि रहेको छ ।

कच्चा पदार्थहरू विभिन्न गुण, विशेषता र स्वभाव भएका हुन्छन् । तसर्थ तिनीहरूलाई खरिद गर्दा विभिन्न विधिहरू अपनाउन सकिन्छ । सामानहरू प्राप्त नहुँदै भुक्तानी गरेर, नगद बुझाएर वा उधारो लिएर त्यस्ता पदार्थहरू संकलन गर्न सकिन्छ । यस्ता विधि अवलम्बन गर्नु अगावै कच्चा पदार्थको स्रोत पहिचान गर्नुपर्दछ । साना व्यवसायीले यस्ता स्रोतहरू पहिचान गर्न निकै कठिनाई पर्दछ । अर्कोतर्फ यस्ता साना व्यवसायीले एकाधिकार मूल्य (Monopoly Price) तिर्ने, कमसल वस्तु खरिद गर्ने र अभाव सहनुपर्ने जस्ता समस्याहरू भोग्नुपर्दछ । कतिपय व्यवसायीले खरिदसम्बन्धी सर्त तथा अवस्थाहरूको ज्ञान नभएर सही स्रोत पत्ता लगाउनु नसक्ने स्थिति पनि रहन्छ । यसरी साना व्यवसायीहरूले कच्चा पदार्थ खरिद गर्दा धेरै समस्याहरू बेहोर्नुपर्दछ । प्रायजसो साना व्यवसायीहरूले स्थानीय क्षेत्रमा मात्र आफ्ना क्रियाकलापहरू सञ्चालन गर्दछन् । यी व्यवसायीहरूले ग्राहक सेवा र गुणस्तरमा कटौती गरेर पनि एकआपसमा प्रतिस्पर्धाको सामना गर्दछन् । व्यापारीहरूलाई वस्तु दिने साना व्यवसायीले उधारोको सुविधा पनि प्रदान गर्दछन् । उधारो बिक्री भएपछि ठिक समयमा असुल उपर हुनुपर्दछ । यदि क्रेताले तोकिएको समयमा भुक्तानी गरेन भने पुंजीको अभाव हुन सक्दछ । व्यवसाय सञ्चालनमा पुँजीको अभाव देखिएपछि व्यवसायलाई नै स्थगित वा बन्द गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ । त्यसबाहेक साना व्यवसायीहरूलाई पर्याप्त बजारसम्बन्धी ज्ञानको अभाव हुन सक्दछ, जसले बजारीकरण क्रियाकलापलाई नकारात्मक प्रभाव पार्न सक्दछन् ।

नेपालमा नयाँ-नयाँ साना व्यवसायहरूको संख्या बढिरहेको पनि छ र पुराना साना व्यवसायहरू असफल हुँदै गइरहेको स्थिति पनि छ । खास गरी उत्पादनमूलक औद्योगिक एकाइहरूको बाहेक अन्य सेवामूलक व्यवसाय तथा कतिपय खुद्रा व्यापारहरूको लिखित अभिलेख वा तथ्याङ्क नेपालमा

भेटिँदैन । सरकारी कार्यालयमा दर्ता नै नभइकन पनि कतिपय साना व्यवसायहरू सञ्चालन भइरहेका छन् । दर्ता एउटा प्रकृतिको व्यवसायको गर्ने र कारोबार अर्कै प्रवृत्तिको व्यवसायको गर्ने उद्यमीहरू पनि नभेटिने होइनन् । तसर्थ कति साना व्यवसायहरू स्थापना भए, कति असफल भए र कति रूग्ण (Sick) छन् तथा चलिरहेका छन् । तिनको यथार्थ अभिलेख छैन तापनि नेपालमा साना उद्यमी व्यवसायीहरू असफल हुने प्रवृत्ति (Trend) भने बढ्दो छ भन्ने कुरा बेला- बेलामा सञ्चार माध्यमले प्रकाशन गर्ने असफलताका तथ्याङ्कहरू बाट निश्चित गर्न सकिन्छ । ♦♦

लघुकथा

# प्रेम

✍ ममता मृदुल



म तिम्रो हुन चाहन्छु ।
हावाले सुस्तरी कोपिलालाई भन्यो ।

कोपिला छक्क परी उसको स्पर्श कोमल छ । मनको बीचमा बस्न खोजेजस्तो मृदुल आभास गरेकी छे । केही समयमा ढकमक्क फुलकी छ । हावाको झोक्काले जिस्काइरहन्छ । आहा प्रिय तिम्रोसाथ म कहिले छाड्दिन मलाई अरू जस्तो नसोच्नु । म सधैं तिम्रो हो ।

भरोसाको पहाड उक्लिरहेकी मस्त गुलाबमा नजर सबैको परिरहेको छ। पत्तै छैन बिचरीलाई । खुसीले हावासँग रमाउन चाहन्छे । हावाको मायामा डुबेकी उसलाई कसैको पर्वाह छैन । डर छैन । लोभ लालच पनि छैन । हावाको विशालपनमा गर्व छ । उसको प्रेममा चुर्लुम्म भएकी छे । हावा उसको सुगन्धमा मिसिएर वातावरणलाई सुगन्धित बनाउँदै छ । तीन दिन उन्मादमा बित्यो ।
दिउँसो चर्को घाम लागेको छ । हावा तात्तिएको छ ।
दुई जना मान्छे आए र कैंचीले फटाफट गुलाब काटे ।
हावाले रोक्न खोज्यो ।

प्रिय गुलाबलाई लाशमाथि समर्पित गरे । हावाले गुलाबको स्पर्श गरिरह्यो । उठाएर सबै फूलसँगै फाले । पर उछिट्टिई । गलेर दुर्गन्धित भई छोडेन उसको दुर्गन्धमा पनि ऊ समाहित भइरह्यो ।

# श्रीमद्भागवत सारतत्त्व विवेचना



✍ बद्रीप्रसाद ढकाल

श्रीमद्भागवतलाई पौरस्त्य वाङ्मयको अमूल्य र महत्त्वपूर्ण ग्रन्थ हो । यसको अध्ययन गरेका र यसको भावार्थका बारेमा ठुलाठुला विद्वान्हरूले आ-आफ्नो वैचारिक पक्षबाट व्याख्या विश्लेषण गर्ने गरेका छन्। त्यसैले 'विद्वान्हरूको विद्वत्ताको परीक्षा भागवतमा हुन्छ' विद्यावतां भागवते परीक्षा भनिएको छ । पौरस्त्य वाङ्मय परम्पराको निकै प्रसिद्ध यो भनाइ भागवतको अर्थ गाम्भीर्य र भाषिक प्रौढताको मूल्याङ्कन गरेर लेखिएको मानिन्छ । श्रीमद्भागवतलाई सम्पूर्ण ताप/दुःखको अन्त्य र परम आनन्द प्राप्तिका लागि पढ्ने, सुन्ने र बुझ्ने गरिन्छ । जीवन जगत्को वास्तविक तत्त्व ब्रह्म वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम् भागवत र त्यसलाई बुझ्न सहयोग गर्ने विषयहरू माया, सृष्टि, स्थिति, प्रलय, जीवात्मा, पुनर्जन्म, मुक्ति, जगत्, भक्ति, ज्ञान, कर्म आदिलाई विभिन्न आख्यान, संवाद, स्तुति, गीत आदिका माध्यमबाट प्रतीकात्मक अर्थको तहमा व्यक्त गरिएकाले भागवतमा अर्थ गाम्भीर्य छ भने धीमहि, दुर्मेधान्, संरोहयित्वा जस्ता वैदिक व्याकरणबाट सिद्ध गर्नुपर्ने केही शब्दका साथै लौकिक संस्कृतमा निबद्ध परिष्कृत र स्तरीय भाषा शैलीको प्रयोग रहेकाले भाषिक प्रौढता छ । अर्थ गाम्भीर्य र भाषिक प्रौढताकै कारण यसको रहस्य बुझ्न विद्वान्हरूले पनि निकै मिहिनेत गर्नुपर्ने भएकाले विद्वान्हरूको विद्वत्ताको परीक्षा गरिने कसीका रूपमा भागवतलाई लिइएको हो भन्ने गरिन्छ ।

भगवान्को यो 'भगवत इदम्' भन्ने अर्थमा 'भगवत्' शब्दमा 'अण्' प्रत्यय भई भागवत शब्द बनेको हो । कनिष्ठ भएर पनि भाषा र भाव दुवै दृष्टिले उत्कृष्ट महापुराणका रूपमा रहेको यस ग्रन्थको मूल नाम 'भागवत'मा आदरसूचक 'श्रीमत्' शब्द जोडेर पूरा नाम 'श्रीमद्भागवतमहापुराण' राखिएको हो । श्रीमद्भागवतको स्वरूप र आयाम हेर्ने हो भने १२ स्कन्ध र ३३५ अध्यायमा समेटिएको छ भने ६ अध्याय भागवत

माहात्म्यमा संरचित छ । बाह्र स्कन्धमा संरचित भागवतको पहिलो स्कन्ध उपक्रमका रूपमा र दोस्रो स्कन्ध भागवतको मुख्य विषयको सारका रूपमा रहेको छ । उपक्रम अंशका रूपमा रहेको पहिलो स्कन्धमा भागवत रचनाको सन्दर्भ, राजा परीक्षित्को जन्म र उनलाई तक्षक नागले डसेर सात दिनमा मृत्यु हुन्छ भनी ऋषि पुत्रले दिएको श्रापलाई प्रस्तुत गरिएको छ । मृत्यु नजिक आइपुगेपछि गङ्गाको किनारमा ध्यान मग्न भएका परीक्षित्ले आफूलाई भेट्न आएका शुकदेवसँग मृत्यु नजिकै आएका व्यक्तिले के गर्नुपर्छ भनी प्रश्न गरेपछि प्रत्युत्तरमा शुकदेवले जीवन जगत्को वास्तविक तत्त्वको बोध गर्नुपर्ने बताई चतुःश्लोकी भागवतको उपदेश गरेका छन् । चतुःश्लोकी भागवत भगवान् नारायणले ब्रह्मालाई जीवन जगत्को वास्तविकताबारे दिएको उपदेश हो । ब्रह्मको सगुण रूप भगवान्द्वारा गरिएको उपदेशात्मक अर्थ र भगवान्का निर्गुण रूप ब्रह्म र सगुण रूप भगवान्का विभिन्न अवतारको वर्णनका सृष्टिको वर्णनका रूपमा रहेको छ । यसको दोस्रो स्कन्धमा चतुःश्लोकी भागवतका माध्यमबाट समग्र भागवतको मुख्य प्रतिपाद्य विषय प्रस्तुत गरिसकेपछि तेस्रोदेखि बाह्रौं स्कन्धका दश स्कन्धमा विभिन्न कथाका माध्यमबाट भागवतको मुख्य विषयको विस्तार र बाह्रौं स्कन्धको उत्तरार्धमा उपसंहार/निष्कर्ष प्रस्तुत गरिएको छ ।

तेस्रोदेखि बाह्रौं स्कन्धसम्म प्रस्तुत गरिएका भागवतका विषय हुन्: सर्ग, विसर्ग, स्थान, पोषण, ऊति, मन्वन्तर, ईशानु कथा, निरोध, मुक्ति, आश्रय । तेस्रो स्कन्धमा सर्गको वर्णन गरिएको छ । सर्गको अर्थ सृष्टि हो । भागवतका अनुसार निर्गुण ब्रह्मले त्रिगुणात्मिका माया/ प्रकृतिलाई साथ लिएर गर्ने सृष्टि सर्ग हो । यस सृष्टि प्रक्रियामा निर्गुण ब्रह्मको 'एकबाट धेरै बन्न चाहन्छु' भन्ने इच्छा अनुरूप मूल प्रकृतिमा लीन भएका सत्त्व, रज र तमोगुणमा आपसी क्रिया प्रतिक्रिया भएपछि महत्त्वको उत्पत्ति हुन्छ । त्यसबाट तामस, राजस र सात्त्विक अहङ्कारको उत्पत्ति हुन्छ र उक्त त्रिगुणात्मक अहङ्कारबाट, पञ्चमहाभूतः पृथिवी, जल, तेज, वायु आकाश पञ्चतन्मात्राः रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या आदि भौतिक जगत्को उत्पत्ति हुन्छ । यसरी प्रकृतिबाट महत्त्व हुँदै समग्र विषयहरूको उत्पत्ति हुने यस प्रक्रियालाई नै भागवतमा सर्ग भनिएको छ । यस सृष्टिमा प्रकृति स्थलरूपमा दृश्यमान हुने भएकाले यसलाई प्राकृत सृष्टि पनि भनिएको छ ।

विसर्गको भनेको सृष्टिको विविधता हो । भागवतको चौथो स्कन्धमा

सृष्टिको विविधताअन्तर्गत जीवसृष्टिलाई लिइएको छ । प्राकृत सृष्टि भइसकेपछि जीवको सृष्टि हुन्छ । यस क्रममा सर्वप्रथम निर्गुण ब्रह्मको सगुणसाकार रूप प्रकट हुन्छ । निर्गुण ब्रह्मको सगुणसाकार रूप भनेको ब्रह्मा (सृष्टिकर्ता), विष्णु (पालनकर्ता) र शिव (संहारकर्ता) को समष्टि रूप हो । विराट्रूप पनि निर्गुण ब्रह्मकै सगुण रूप हो । निर्गुण ब्रह्मले माया/प्रकृतिको साथ लिई विराट्रूप धारण गरेपछि उक्त विराट्रूपको सहायताबाट ब्रह्माले जीवसृष्टिको विस्तार गरेका छन् । जीव सृष्टिका लागि ब्रह्माले पहिले मानस प्रक्रिया अवलम्बन गरेका छन् । यस प्रक्रियाबाट सृष्टिको निरन्तरता हुन नसक्ने बुझेपछि उनले जैविक प्रक्रिया अपनाएका छन् । ब्रह्माद्वारा गरिएको जीव सृष्टिलाई वैकृत सृष्टि भनिएको छ । यसअन्तर्गत सर्वप्रथम उद्भिज्ज (भुइँ फोरेर पैदा हुने) वनस्पति, औषधी आदिको सृष्टि, यसपछि अण्डज (अण्डबाट उत्पन्न हुने) र जरायुज (सालनालसहित उत्पन्न हुने) पशुपक्षीको सृष्टि र अन्त्यमा मनुष्यहरूको सृष्टि भएको छ । यसरी भागवतले वनस्पति पनि जीव हुन् भन्ने मान्यतालाई निकै पहिले नै स्थापित गरिसकेको छ । मनुष्यको सृष्टि अन्त्यमा गरिएकाले होला, समग्र सृष्टि प्रक्रियाकै उत्कृष्ट सृष्टिका रूपमा मनुष्य रहेको छ । जीवनजगत्को वास्तविकताको बोध गरी परम आनन्द प्राप्त गर्ने सामर्थ्य पनि मानिसमा मात्र रहेकाले यसलाई सर्वोत्कृष्ट जीवको संज्ञा दिइएको हो ।

भागवतमा अनय वर्णित विषयहरूमा जीवहरूको सुरक्षित किसिमले स्थिति होस् भन्ने उद्देश्यले सृष्टि गरिएका आकाशमण्डलका सूर्यचन्द्र आदि विभिन्न ग्रहहरू र भूमण्डलका विभिन्न द्वीप, समुद्र र वर्षहरूको वर्णन (स्थान, पञ्चम स्कन्ध), जीवहरूको सुरक्षा र पालनको समुचित व्यवस्था (पोषण, षष्ठ स्कन्ध), जीवले आफूले गरेको कर्मअनुसार फल भोग्ने र पुनर्जन्म प्राप्त गर्ने प्रक्रिया (ऊति, सप्तम स्कन्ध) सृष्टि प्रक्रियालाई सुव्यवस्थित बनाउन सहयोग गर्ने विभिन्न समयका राजाहरू र तिनका कार्य (मन्वन्तर, अष्टम स्कन्ध), निर्गुण ब्रह्मका विभिन्न सगुण रूप/अवतार र उनका प्रेमी भक्तहरूको विभिन्न आख्यानले युक्त भएका गाथाहरू (ईशकथा, नवम स्कन्ध), जीवनलाई दुःखी बनाउने काम, क्रोध, लोभलाई त्यागी परम तत्त्व (ब्रह्म र ब्रह्मको सोह्रै कलासम्पन्न पूर्ण अवतार श्रीकृष्ण) को चिन्तनमा एकाग्र हुने प्रक्रिया (निरोध, दशम स्कन्ध), जीव/मनुष्यले समस्त दुःखबाट मुक्त भएर परम आनन्द प्राप्ति गरेको अवस्था (मुक्ति, एकादश स्कन्ध) र सम्पूर्ण जीवनजगत्को पारमार्थिक सत्ताका

रूपमा रहेको ब्रह्म (आश्रय) को वर्णन गरिएको छ ।

भागवतको मुख्य उद्देश्य नै आश्रय तत्त्वरूप ब्रह्म र जीवको अभेदको बोध गराएर मानिसलाई परम आनन्द प्राप्त गराउनु हो । चारै वेदका महावाक्यहरू 'प्रज्ञानं ब्रह्म' (ऋग्वेद), 'अहं ब्रह्मास्मि' (यजुर्वेद) 'तत्त्वमसि' (सामवेद), 'अयमात्मा ब्रह्म' (अथर्ववेद) ले भनेको कुरा पनि यही हो । वेदका व्याख्यात्मक ग्रन्थ र पौरस्त्य वाङ्मयका प्रस्थानत्रयी (परमतत्त्व/आत्मतत्त्व बोधका तीन मार्ग) का रूपमा रहेका उपनिषद् (श्रुतिप्रस्थान), श्रीमद्भगवद्गीता (स्मृतिप्रस्थान) र ब्रह्मसूत्र (तर्क प्रस्थान) को सार पनि यही हो । जीव र ब्रह्मको एकत्त्वको बोधको स्थितिमा मानिस ज्ञानी, समदर्शी र त्यागी बन्दछ । यही स्थितिलाई जीवन्मुक्तिको अवस्था भनिन्छ । भागवतका प्रवक्ता शुकदेव यही जीवन्मुक्तिको अवस्थामा थिए । यो कुरा उनले भागवतमा बोलेको वचन र गरेको व्यवहारबाट थाहा हुन्छ । राजा परीक्षित्लाई सात दिनसम्म भागवत सुनाएर एवम् सुनेको कुरालाई मनन र निदिध्यासन गर्न प्रेरित गर्दै व्यहारमा उतार्न सिकाएर जीवन्मुक्त बनाउने कार्य पनि उनले नै गरेका छन् ।

सुरूमा अज्ञानको स्थितिमा रहेका राजा परीक्षित् 'तक्षकको डसाइबाट सात दिनमा मृत्यु हुन्छ' भनी ऋषिपुत्रबाट पाएको श्रापपछि अत्यन्त दुःखी र भयभीत भएका छन् तर शुकदेवबाट समग्र भागवत सुनेर त्यसको मनन र निदिध्यासन गरिसकेपछि चाहिँ उनमा ज्ञानबाट आफूभित्रको ब्रह्म उर्फ अहं ब्रह्म परमधाम ब्रह्माहं परमम् गतिको अनुभूति गर्दै मृत्यु भयबाट छुटकारा पाएको बताएका छन् । यसबाट जीवनमा सबैभन्दा ठुलो भय भनेको मृत्यु भय हो र यसको कारण भनेको अज्ञान हो भन्ने देखिन्छ । जबसम्म मन शुद्ध हुँदैन तबसम्म अज्ञानको निवृत्ति हुँदैन, यसर्थ निष्काम कर्म र भक्ति/सेवा गरेर मनलाई शुद्ध बनाएको र तत्त्वज्ञानबाट जीवनको वास्तविकता/आत्मतत्त्वको बोध गरेको वा जीवन्मुक्ति प्राप्त गरेको व्यक्ति नै संसारका सबै किसिमका भयबाट मुक्त भई परम आनन्द प्राप्त गर्दछ भन्ने भागवतको मान्यता हो । भागवतका अनुसार जीवन जगत्को वास्तविक तत्त्व भनेको सत्, चित् र आनन्दस्वरूप ब्रह्म हो । यसैलाई भागवतका विभिन्न ठाउँमा परमतत्त्व, परमात्मा, आत्मतत्त्व, आत्मा आदि नाम दिइएको छ । यही ब्रह्मबाट नै सम्पूर्ण जगत्का साथै जीवात्माको सृष्टि भएको हो ।

श्रीमद्भागवतका अनुसार ब्रह्मबाट सम्पूर्ण जीवनजगत्को सृष्टि

हुन्छ र पुनः ब्रह्ममै विलीन हुन्छ । यस्तै ब्रह्मले पनि आफैंभित्र रहेको सत्अंशरूप सामग्री र चित्अंशरूप इच्छाशक्ति एवम् कलाको प्रयोग गरी जीवनजगत्को सृष्टि गर्ने भएकाले ऊ जीवनजगत्को अभिन्न निमित्तोपादान कारण हो भनिएको छ ।

सूक्ष्म शरीर र स्थूल शरीरको प्रसङ्गको उल्लेख गर्दै यस पुस्तकमा स्थूल शरीर भौतिक तत्त्व (हाड, मासु, रगत) आदिले बनेको हुन्छ । भौतिक तत्त्वअन्तर्गत पृथिवी, जल, तेज, वायु, आकाश यी पाँच तत्त्व पर्ने भएकाले यिनबाट बनेको शरीरलाई पाञ्चभौतिक देह भनिन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ । अन्नबाट बन्ने भएकाले स्थूल शरीरलाई अन्नमय कोश भनिएको छ । अन्नबाट बनेको रजोवीर्यको पिण्डमा कारण शरीर हुँदै बनेको सूक्ष्म शरीरको प्रवेश गर्भावस्थामै हुने भए पनि गर्भावस्थाबाट बाहिर निस्केको अवस्थालाई जन्म भन्ने गरिएको छ । यही स्थूल शरीरबाट सूक्ष्म शरीरको विच्छेदन हुनुलाई मृत्यु भनिएको छ । यसैले ज्ञान प्राप्त नगरी भौतिक शरीरको मृत्यु हुँदैमा परम आनन्द/मुक्ति प्राप्त नहुने भएकाले मृत्यु र मुक्ति फरक कुरा हुन् भन्ने भागवतको मान्यता हो ।

पूर्वीय आध्यात्मवाद र पश्चिमी भौतिकवाद दुवै दृष्टिकोणलाई एकैसाथ राखेर यसको तत्त्वको निरूपण यस पुस्तकमा गरिएको छ । परमाणुवादी वैज्ञानिकले पनि सृष्टिको कारक तत्त्वका रूपमा रहेको परमाणु (atom) लाई (सत्, चित् र आनन्द यी तीन तत्त्वको समष्टि रूप निर्गुणनिराकार ब्रह्म भएझैं) तीन तत्त्व न्युट्रोन (neutron), इलेक्ट्रोन (electron) र प्रोटोन (proton) को समष्टिका रूपमा लिएका छन् (म्याक्सवेल इन्साइक्लोपिडिया, सन् २०१५:१८१) । यही एकीकृत ऊर्जापुञ्जका रूपमा रहेको एटममा महाविस्फोट (big bang) भएर त्यसमा रहेका अदृश्य परमाणुहरू गतिशील भएपछि सृष्टि प्रक्रिया प्रारम्भ हुन्छ र प्रलयपछि पुनः एटममै विलीन हुन्छ भन्ने मान्यता वैज्ञानिकको हो ।

यसै प्रसङ्ग चर्चा गर्दै डा. प्रेम प्रसाद चौलागाईंले ब्रह्म र एटम पुञ्जमा समानता देखिए पनि परमाणुवादी वैज्ञानिकले चाहिं सत् अर्थात परमाणु चाहिँ नित्य छ र यसबाट चेतनाको उत्पत्ति हुन्छ भन्ने मान्यता राखेका छन् भन्ने कुरा बताएका छन् । वस्तुतः परमाणुवादी वैज्ञानिकले भौतिक परमाणुबाट चैतन्यको सृष्टि हुन्छ भन्नुको अभिप्राय चैतन्यको अभिव्यक्ति हुन्छ भन्नु हो किनभने संसारको सृष्टिमा नयाँ तत्त्वको उत्पत्ति हुँदैन, भएकै तत्त्वको संयोजन मात्र हुन्छ भन्ने कुरा अधिकांश दर्शनले स्विकारेका छन् भन्ने

कुरा उल्लेख गरिएको छ । विज्ञानले पनि वंशाणु (gene) लाई नित्य नै मानेको छ । परमाणुवादीले एकातिर कुनै पनि नयाँ पदार्थको उत्पत्ति हुँदैन, देखिएका पदार्थ केवल परमाणुका विस्तार मात्र हुन् भन्ने मान्यता राख्नु र अर्कोतिर चैतन्यको उत्पत्ति हुन्छ भन्नु आफैंमा विरोधाभासपूर्ण हुन्छ । यसैले चैतन्यको उत्पत्ति नभई अभिव्यक्ति हुन्छ भन्दा परमाणुवादीको कथन तर्क सङ्गत बन्ने देखिन्छ ।

यसै सन्दर्भमा थप पुष्टि गर्दै पाश्चात्य परमाणुवादी वैज्ञानिकको मान्यता भागवतको मान्यतासँग केही फरक देखिए पनि आधुनिक भौतिक शास्त्रीहरूको सृष्टिसम्बन्धी मान्यता भने भागवतसँग निकै मिल्दोजुल्दो देखिन्छ भन्ने मत राखेका छन् । यद्यपि आधुनिक भौतिकशास्त्रीले पनि स्पष्टतः आत्म चैतन्यको कुरा गरेका छैनन् तर पनि भागवतमा उल्लेख गरिएको सृष्टि प्रक्रिया र आधुनिक भौतिक शास्त्रीहरूले उल्लेख गरेको सृष्टि प्रक्रिया निकै मिल्दोजुल्दो देखिन्छ । आधुनिक भौतिकशास्त्रीले जीवन जगत्को उत्पत्ति सर्वाधिक घनत्वको अवस्थामा रहेको कुनै विन्दु (singularity) बाट भएको र त्यसको अन्त्य पनि त्यस्तै विन्दुमा हुने बताएका छन् । यो विन्दु ऊर्जाशील अदृश्य उपपरमाणु (quantum) को समूह हो । उनीहरूले अदृश्य उपपरमाणुको संश्लेषण भएर सर्वाधिक घनत्वमा रहेको त्यस विन्दुलाई कृष्णच्छिद्र (Black hole) भनेका छन् । भौतिक शास्त्री आइन्स्टाइन (Albert Einstein,1879-1955) ले कृष्णच्छिद्रको अधिकतम गुरूत्व शक्तिका कारण त्यसभित्र छिरेको प्रकाशसमेत बाहिर ननिस्कने र त्यसले सबै चिज आफूमा समाहित गर्ने भएकाले त्यसको भार बढ्छ भन्ने धारणा राखेका थिए । पछि हकिङ (Stephen William Hawking, 1942-2018) ले अधिक गुरूत्व शक्तिले गर्दा कृष्णच्छिद्रभित्र हरेक चिजहरू खुम्चिएर खाँदिएर रहने र अझ खुम्चँदै जाँदा त्यसबाट विकिरण (rediation) उत्सर्जन हुने तथा बिस्तारै कृष्णच्छिद्र नष्ट हुने बताए । उक्त विकिरणको नाम उनकै नामबाट हकिङ्स रेडियसन (Hawking's rediation) राखिएको छ । विकिरण उत्सर्जन नगर्दा चाहिँ महाविस्फोटन भएर त्यसबाट नयाँ ब्रह्माण्डको सृष्टि पनि हुन सक्ने विचार व्यक्त गरे (विकिपिडिया, सन् २०२१ः३ (९) । भौतिक शास्त्रीको यो मान्यता भागवतको आधार ग्रन्थ ऋग्वेद (१। १२९।१(५) को "सृष्टिपूर्व अन्धकारबाट ढाकिएको सूक्ष्म, व्यापक आफ्नो शक्ति पुञ्जबाट निर्मित एक तत्त्व मात्र थियो । यसबाट सर्वप्रथम सङ्कल्प पैदा भयो । जुन

प्रथम मानसिक शक्तिका रूपमा थियो । यस शक्ति पुञ्जबाट चारैतिर किरण फैलियो, जुन किरण पदार्थको रूपमा प्रकट हुन थाल्यो ।" भन्ने भनाइसँग मिल्दोजुल्दो देखिन्छ ।

यसरी ऋग्वेदमा भनिएको अन्धकारबाट ढाकिएको ऊर्जाशील तत्त्व भौतिक शास्त्रीले भनेको सर्वाधिक घनत्वको अवस्थामा रहेको विन्दुसँग मिल्छ । ऋग्वेदमा उल्लेख गरिएको यही गतिशील र उर्जाशील तत्त्वलाई भागवतले निर्गुण, निराकार ब्रह्म भनेको छ । यसैलाई सृष्टि, स्थिति र प्रलयको कारकका रूपमा लिएको छ । भौतिक शास्त्रीहरूले पनि कृष्णच्छिदमा रहेका उर्जाशील उपपरमाणु पुञ्जको विस्फोटन हुँदा ब्रह्माण्ड बन्ने र विभिन्न माध्यमबाट उपपरमाणु पुञ्जमा परिणत भएपछि उक्त विन्दुमै समाहित हुने बताएका छन् । भौतिक शास्त्रीहरूले उक्त उपपरमाणु पुञ्जलाई चैतन्य युक्त मान्ने हो भने भागवत र भौतिकशास्त्रको विचार पूर्णतः मिल्ने देखिन्छ तर उनीहरूले चैतन्यलाई पछि उत्पन्न हुने तत्त्व मान्दा यसो हुन सकेको छैन । ऋण (−) र धन (+) लाई संसार सञ्चालन र सन्तुलनको प्रमुख नियामक ठान्ने भौतिक शास्त्रीले जीवनजगत्को सृष्टिको कारकका रूपमा केवल भौतिक तत्त्वलाई मात्र स्विकार्नु चाहिँ अचम्मको विषय बनेको छ । यसैले भौतिक शास्त्र पूर्ण बन्न सकेको छैन । भागवतले चाहिँ यी दुवै तत्त्वलाई ब्रह्मकै अंश स्विकारी यसैलाई जीवनजगत्को सृष्टिको प्रमुख कारक मानेकाले यो पूर्ण शास्त्र बनेको छ । यसैले यो पूर्ण शास्त्र भागवतको सारतत्त्व भनेको ब्रह्मबाट उत्पन्न जीव ब्रह्मबाट भिन्न हुन सक्दैन, ब्रह्मको शक्ति माया/अविद्याद्वारा भ्रान्त भएर उसले यो तथ्य बुझ्न सकेको छैन, जब ज्ञानबाट अविद्यामाथि विजय प्राप्त गरी उसले जीव र ब्रह्मको एकताको बोध गर्दछ । यस स्थितिमा नै सबै किसिमका भय र दुःखबाट मुक्त भएर ऊ त्यागी, समदर्शी र परमआनन्दित हुन्छ । यस किसिमको ज्ञान शुद्ध भएको मनबाट मात्र सम्भव हुन्छ । मनलाई शुद्ध बनाउने साधन चाहिँ भक्ति/सेवा, वैराग्य र निष्काम कर्म हुन् ।

वर्तमान समयमा प्रचलनमा रहेको समालोचनाको प्राचीन रूप नै टीका हो । यसको सिद्धान्तको चर्चा यस पुस्तकमा गरिएको हो । समालोचनाको प्रारूप टीकाले सारतत्त्व/कृतिनिष्ठ गूढ अर्थलाई सहज ढङ्गले बोध गराउने भएकाले 'टीका गुरूणां गुरूः' अर्थात 'टीका गुरूको पनि गुरू हो' भन्ने भनाइ प्रचलनमा रहेको छ । भागवतको अर्थबोध गराउने उद्देश्यले पौरस्त्य वाङ्मयको परम्परामा टीका परम्परा कायम रहेको छ । उस

कृतिमा टीका ग्रन्थको चर्चा गर्दै 'टीकाग्रन्थको प्रणयन परम्परा र रामानन्दी टीका' शीर्षकमा विस्तृत रूपमा प्रकाश पारिएको छ । यस कृतिमा टीका ग्रन्थका उदाहरणका रूपमा श्रीधराचार्यविरचित भावार्थदीपिका टीका, बल्लभाचार्यरचित सुबोधिनी टीका उत्कृष्ट टीका हुन् । यिनै टीका ग्रन्थलाई मुख्य आधार बनाएर नेपाली भाषामा भागवतको समीक्षा गरिएको कृति स्वामी डा. रामानन्द गिरिद्वारा रचित श्रीमद्भागवत महापुराण, नेपाली अनुवाद रामानन्दी टीका हो भन्दै यसै कृतिको समीक्षा यस पुस्तकमा गरिएको छ । रामानन्दी टीका र यसमा भएको भिन्नता चाहिं के हो भने रामानन्दी टीकामा भागवतका प्रत्येक श्लोकको अन्वय क्रममा अनुवाद गर्ने क्रममा तात्पर्योद्घाटनका दृष्टिले व्याख्येय अंशको थप विवेचना गरिएको छ भने यस समीक्षा कृतिमा चाहिं रामानन्दी टीकामा विवेचना गरिएका समग्र अंशलाई विषयवस्तुको प्राधान्यका आधारमा वर्गीकरण गरी टीकाको सैद्धान्तिक आधारमा उक्त विषयवस्तुको विश्लेषण गरेर तात्पर्यको निरूपण गरिएको छ । यसैले यो कृति छोटो समयमा सहज किसिमले समग्र भागवतको सारतत्त्व बोध गर्न चाहने जिज्ञासुका लागि पठनीय र मननीय बनेको छ ।

पौरस्त्य वाङ्मयको परम्परामा प्रशस्त टीकाग्रन्थ रचिए पनि कृति समीक्षाको उत्कृष्ट विधाका रूपमा रहेको यस विधाको सैद्धान्तिक आधार बनाइएको छैन । यस पुस्तकमा समालोचनाको पूर्वीय परम्परा टीका नभएकाले यसको सिद्धान्त र प्रयोगलाई यस कृतिले स्पष्ट पारेको छ । यस सन्दर्भमा टीकाको सैद्धान्तिक आधार तयार पार्नु पनि यस समीक्षा कृतिको अर्को उल्लेख्य उपलब्धि हो । यस कृतिमा पौरस्त्य वाङ्मय परम्परामा रचित टीकाग्रन्थको सर्वेक्षणात्मक समीक्षण गरी तिनमा प्रयुक्त वैशिष्ट्यको विश्लेषणका साथै यसका समकक्षी विधाका रूपमा रहेका वृत्ति, वार्तिक, भाष्य, भाष्यविज्ञान (Hermeneutics) र आधुनिक समालोचना (Criticism) सँग यस विधाको तुलनासमेत गरी प्राप्त भएका वैशिष्ट्यका आधारमा टीकाको सैद्धान्तिक आधार तयार पारिएको छ । सोही सैद्धान्तिक आधारमा भागवत, रामानन्दी टीकाको विश्लेषण गरी मूल्याङ्कन समेत गरिएको छ । यसैले यो समीक्षा कृति भागवतका विविध विषयमा जान्न चाहने तथा भागवतका बारेमा शोध, खोज र अनुसन्धान गर्न चाहनेका लागि पठनीय तथा सङ्ग्रहणीय बनेको छ । ♦♦♦

# देशको चौतर्फी विकासमा सहकारी र वास्तविकता



✍ **सुदर्शन अधिकारी**

राष्ट्रिय सहकारी महासंघको अगुवाइमा गत साउन २१ गते १६ वटा संघको प्रतिनिधित्व रहेको सहकारी सयन्त्रले सहकारीहरूलाई प्रतिदिन ५ प्रतिशतभन्दा बढी बचत फिर्ता नगर्न, पर्याप्त तरलता कायम राख्न, नगद लाभांश वितरण नगर्न, स्वनियमनमा रहन अपिल गरेको थियो । संयन्त्रको अपिल आएको १० दिन पनि नबित्दै सहकारी विभागले साउन ३१ मा ११ बुँदे निर्देशन जारी गर्दै सहकारीलाई उक्त वित्तीय अनुशासन कायम गर्न र स्वनियममा बस्न भनेको अवस्था छ । तर सहकारीमा आएको बेथिति र अनियमितता कम हुनुको साटो झन् धेरै घटनाहरू समाचारका रूपमा आइरहेका छन् ।

नेपालको आर्थिक विकास र रोजगारीका लागि महत्त्वपूर्ण भूमिका रहेकोले यसको विकास र पारदर्शिता अनि आर्थिक अनुशासनको अपेक्षा गरिनु स्वभाावक नै हो । सहकारीले स–साना रकमलाई एकत्रित गरेर ठूलो पुंजी निर्माण गर्दै स्वरोजगारी तथा आर्थिक विकासमा टेवा दिने भएकोले सहकारीलाई ज्यादा महत्त्वको संस्था मानिन्छ । पछिल्लो समयमा सहकारीमा मौलाउदै गएको विकृति र बेथितिका कारण आम नागरिकमा चिन्ता बढ्दै जानु स्वभाविक नै हो । नाम चलेका र ठूला सहकारीले नै अनियमितता गरी बचतकर्ताको रकम फिर्ता नदिंदा समस्यामा परेका छन् । नेपालको सहकारीको इतिहासलाई हेर्ने हो भने वि.सं. २०१३ सालमा स्थापना भएको बखान ऋण सहकारी संस्था नै पहिलो सहकारी हो ।

सहकारीको विश्वव्यापी सात सिद्धान्त र मूल्य, मान्यता अनुरूप देशका किसान, कालिगड, श्रमिक, न्युन आय समूह एवम् सिमान्तीकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुंजी, प्रविधि तथा सीपलाई

स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनका रूपमा सहकारी संस्थाहरूको प्रर्वधन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी ऐन तर्जुमा गरिएको ऐनको प्रस्तावनामा नै उल्लेख गरिएको छ । पछिल्लो समयमा सहकारीमा वित्तीय सुशासन अत्यन्तै कमजोर रहेको, समितिका भिन्न समितिले काम गर्न नसकेको अवस्था देखिन्छ ।

देशमा संघीय व्यवस्था आउनु अगाडि सहकारी संस्थाको दर्ता, नियमन तथा सुपरिवेक्षण सहकारी विभाग अन्तर्गत डिभिजन सहकारीबाट हुँदै आइरहेकोमा देश संघीयतामा गएपछि तीन तहको नियमनकारी निकायका दायरामा राखिएको छ । हाल नेपालमा रहेका अधिकांश सहकारी संस्थाहरू सहकारी ऐन २०४८ तथा हालको सहकारी ऐन, २०४७ अन्तर्गत दर्ता भएर सञ्चालनमा रहेका छन् । सहकारी विभागको पछिल्लो विवरण अनुसार हाल बचत तथा ऋण, बहुउद्धेशीय, कृषि, श्रमिक, सेवालगायत देशमा २९ हजार ८ सय ८६ सहकारी संघ संस्था रहेका छन् । यी मध्ये संघीय सरकार अन्तर्गत १ सय २५ वटा सहकारी संस्था रहेका छन् । त्यसै गरी प्रदेश सरकार अन्तर्गत ६ हजार २ र स्थानीय सरकार अन्तर्गत २३ हजार ७ सय ५९ सहकारी संघ संस्था रहेका छन् ।

पछिल्लो समयमा केन्द्रीय बैंकको नीति अनुरूप तरलताको संस्था पनि बढ्दै गएको देखिन्छ । सहकारीमा अनेकौं समस्याका कारण जनविश्वास घट्दै गएको छ भने सहकारीले थरी थरीका बहाना बनाएर बचत फिर्ता नदिने, समस्या देखाएर पन्छिने गरेका देखिन्छ । ऋण प्रवाह गर्दा ऋण फिर्ता गर्न सक्ने वा नसक्ने ख्याल नै नगरी ऋण प्रभाव गर्नु, नाता गोतालाई बेपर्बाह ऋण प्रवाह गर्नु पनि सहकारी समस्यामा पर्नुको मुख्य कारण बनेको देखिन्छ । भाखा नागेका ऋण असुली गर्न नसक्नु, संस्थाले धान्नै नसक्ने गरी ब्याज वितरण गनु, सहकारीले व्यवस्था गरे अनुरूप कर्जा सूचना केन्द्र नहुनु जस्ता कारणले सहकारी संस्था समस्यामा परेको छन् ।

सहकारी संस्थामा पर्याप्त आर्थिक ज्ञान नभएका व्यक्ति नै सञ्चालक बन्ने प्रवृत्तिले समस्या जटिल बनेको देखिन्छ । सहकारीमा संलग्न

सदस्यहरूलाई वित्तीय शिक्षाको अभाव हुनु, समय समयमा तालिम तथा प्रशिक्षणको प्रभावकारी व्यवस्था नहुनु कयौं समस्याको रूपमा रहेको देखिन्छ । अर्को कारण भनेको आन्तरिक प्रणाली अत्यन्तै कमजोर रहनु, आन्तरिक कार्यविधि, नीति उपसमितिको कार्य र सञ्चालन प्रक्रिया कमजोर रहनु जस्ता छन् । हालसम्म भएका नियमक निकायहरूमा रहेका कर्मचारीको संख्या कम रहनु, भएका कर्मचारीबाट पनि कम मात्रामा मात्र निरीक्षण गरिनु थप समस्याहरूका रूपमा देखिन्छ । साथै वार्षिक कार्ययोजना तथा सोको प्रगती विश्लेषण गर्ने परिपाटी नहुनु पनि सहकारीको अधोगति भएकोमा सहमत हुनै पर्छ ।

सहकारी देशको गरिबी निवारण गर्ने मुख्य माध्यमको रूपमा रहेको संस्था समेत भएकोले यसको सुशासन जरूरी रहेको छ । आजभोलि सहकारीमा निक्षेप झिक्नेहरूको लर्को लागिरहेका छन् भने सहकारीले चाहिँ बचतकर्ताको माग अनुसार निक्षेप फिर्ता गर्न सकेका छैनन् । यसै कारणले आर्थिक रूपमा बलिया र ठूला भनिएका सहकारहरूले पनि सूचना जारी गरेर तत्काल सदस्यलाई बचत फिर्ता दिन नसक्ने बताउदै आएका छन् । यता सहकारीमा भाखा नागेका ऋण बढ्नुका साथै बचत फिर्ताको चाप बढिरहेकाले ऋण असुलमा जोड दिने र तरलता सुधार नहुँदासम्म संस्थाले अचल सम्पत्ति खरिद नगर्ने, अनावश्यक खर्च नगरी जोखिम व्यवस्थापन र सुशासनमा जोड दिनका लागि पनि संयन्त्रले भनेको छ । यसै गरी नगद लाभांश वितरण नगर्ने, कारोबारलाई सकेसम्म डिजिटल प्रणालीमा लैजाने, वित्तीय मापदण्ड (पर्ल्स)लागू गर्ने र महासंघ, सहकारी बैंक, केन्द्रिय संघ, प्रदेश वा जिल्ला संघहरूले सञ्चालन गरेका स्तरीकरण कार्यक्रममा संस्थालाई सहभागी गराउने र उद्देश्य मिल्ने अन्य सहकारी संस्थासँग एकीकरण गर्न समेत भनेको अवस्था छ ।

सहकारी विभागले घाटामा रहेका सहकारीलाई नाफा नहुन्जेलका लागि सेयर लाभांश र कर्मचारीलाई बोनस रकम वितरण नगर्न, सञ्चालकहरूको सुविधा कटौती गर्न, मितव्ययिता अपनाउन, प्रशासनिक खर्च घटाउन तथा सकेसम्म स्थिर सम्पत्तिमा लगानी नगर्न जोडदार रूपमा निर्देशन दिएको छ । यसै गरी ऋण असुलीका लागि प्राथमिकतामा राखेर कार्य गर्न तथा लगानीको सुनिश्चतता नभएसम्म कर्जा लगानी समेत नगर्न भनिएको छ । सहकारीलाई व्यवस्थित र भरपर्दो संस्था बनाउन मासिक र वार्षिक विवरण नियामक निकायमा पठाउन, आवश्यक वित्तीय सूचना कोपोमिस प्रणालीमा

प्रविष्ट गर्न विभागले निर्देशन दिएको छ । सञ्चालक समिति, लेखा समिति, लेखा सुवरिवेक्षण समिति र व्यवस्थापन संस्थाको नियमित कारोबार, तरलता, सम्पत्ति तथा दायित्वको नियमित जाँचबुझ गर्नुपर्ने विभागले जनाएको अवस्था छ ।

आम नागरिकलाई सहकारीमा बचत गर्दा विशेष चनाखो हुन समेत सचेत बनाएको छ जसका लागि अपिल जारी गरिएको छ । समुदायको र सदस्यको दिगो विकासमा जोड दिने सहकारी संस्थामा लेखिएको यस किसिमको विषम् अवस्था प्रति आम नागरिमा सतर्कता पनि आएको देखिन्छ । बजारको व्यापकता तथा कुव्यस्थाका कारण सहकारीमा थप समस्या आएको निश्चित हो । सर्वसाधारण नागरिकको जीवनस्तर सुधार गर्दै आर्थिक विकास अनि रोजगारी समेतमा टेवा पुग्ने सहकारीलाई सबैले जिम्मेवार भएर सही मार्गमा लैजानुपर्छ । लगभग तीस हजारको हाराहारीमा रहेका सहकारीहरूमध्ये एक दर्जन जतिले गलत मार्गमा पाइला बढाउदैमा निराश भएर सबै बिग्रियो भन्नु पनि उचित नहोला । त्यसैले हामी सबैले सजग भएर लगानी तथा बचतमा ध्यान दिनुपर्ने देखिन्छ ।

सहकारीले आर्थिक विकास र रोजगारीमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गाउँका बेरोजगार युवा वर्गले सहकारीबाट ऋण लिएर व्यवसाय गरी आय आर्जन गर्न सक्छन् । उदाहरणका लागि दुई चार लाख सहकारीबाट ऋण लिएर व्यवसायिक खेती गरी आय आर्जन गर्न सक्छन् । कुखुरा पालन, बेमौसमी तरकारी उत्पादन, च्याउ उत्पादन, दालमोठ उद्योग, साबुन उत्पादन, बाख्रा पालन, बंगुर पालन, माछा पालन, ग्रिल उद्योग, वर्कसप सञ्चालन, ब्युटिपार्लर, रेडियो तथा घडी मर्मत लगायतका अनगिन्ती व्यवसाय सञ्चालन गरी आय आर्जन गर्न सकिन्छ । एउटी बेरोजगारी महिलाले सहकारीबाट ऋण लिएर सिलाई बुनाईको काम गरी अरूलाई समेत रोजगारी दिँदै मनग्य आम्दानी गर्न सक्छिन् ।

छरिएर रहेका रकमलाई जुटाएर उत्पादनको क्षेत्रमा लगानी गरी पर्याप्ति फाइदा लिन सकिन्छ । रोजगारीको अभावमा दैनिक हजारौं युवा विदेशिने गरेको सन्दर्भमा गाउँमा नै बसेर स्वरोजगारी सिर्जना गरी फाइदा लिन सकिन्छ । चरम बेरोजगारीलाई समेत कम गर्न सकिन्छ । त्यति मात्र नभएर महिलाहरूले नेतृत्वको समेत विकास गर्न सक्ने भएकोले सहकारी हरेक दृष्टिकोणले हितकारी रहेको देखिन्छ । जुन संस्थामा महिलाको नेतृत्व रहेको हुन्छ त्यस संस्थाको प्रगति पनि धेरै भएको दृष्टान्त पनि पर्याप्त मात्रामा पाइन्छ ।

सहकारीले व्यवसायिक क्षेत्रमा अब्बल कार्य गर्न सक्छन् । यसका लागि सरकारी वा बाँझो जमिनलाई ठूलो परिणाममा लिएर कृषिजन्य कच्चा पदार्थको उत्पादन गर्न सकिन्छ । सामूहिक तथा संस्थागत खेतीलाई प्रोत्साहन गरी आर्थिक विकास गर्न सकिन्छ ।

उत्पादनमा प्रयोग गरिने यन्त्र, उपकरणको उत्पादन गर्नर व्यवसायीकरणको विकास गर्न समेत सहकारी ज्यादा उपयोगी हुन्छ । आधुनिक सुपरमार्केटहरू सञ्चालन गर्न पनि सकिन्छ । निर्यातजन्य उद्योगहरू सञ्चालन गरी सहकारीको उद्देश्य अनुसार चलाउने हो भने अवश्य पनि सफलता प्राप्त गर्न सकिन्छ । हामीले सहकारी मार्फत गरिबी निवारण गर्न सकिने विभिन्न आधारहरू रहेका छन् । खास गरी सहकारीलाई स्वायत्तता प्रदान गरिएपछि सहकारी संघ, संस्थाहरूको गठन गर्ने क्रम बढेर गएको देखिन्छ । हालसम्म ३५ हजार भन्दा बढी सहकारी संघ संस्थाहरू क्रियाशील रहेका छन् । यसमा आबद्ध ६३ लाख भन्दा ज्यादा सदस्यहरू छन् । यस मध्ये ५१ प्रतिशत भन्दा ज्यादा महिलाहरू सहभागी छन् । सहकारीबाट ६५ हजारभन्दा धेरैले प्रत्यक्ष रोजगारी पाएका छन् । स्वरोजगार बनेका छन् भने वैदेशिक रोजगारीमा गएकाहरू फर्केर व्यावसायिक खेती तथा उद्यम गरेर जीवन सफल बनाएका छन् ।

विपन्न वर्गहरू मुक्त कमैया, राउटे, मुसहर, चेपाङ लगायतका समुदाय सहकारी मार्फत सक्रिय भएका छन् । त्यसै गरी सहकारी मार्फत महिला सशक्तिकरणमा टेवा पुगेको छ । उनीहरूले विभिन्न आयमूलक कार्य गरेर आर्थिक अवस्था सुधार गरेका छन् भने क्षमता पनि बढाएका छन् । महिलाहरू आत्मनिर्भर बन्दै गरिबी समेत घटाउदै गएको अवस्था छ । आर्थिक अवस्था कमजोर भएका निम्नस्तरीय तथा सिमान्तकृत वर्गहरूको उत्थान पनि यही सहकारी मार्फत हुन सक्छ । सहकारी मार्फत उनीहरूलाई सुलभ ब्याजदरमा ऋण दिएर सीपमा आधारित व्यवसाय गरी आर्थिक अवस्था सुधार गर्न सकिन्छ । हाम्रो देश प्राकृतिक रूपमा ज्यादै सुन्दर रहेकोले यसको उपयोग गर्न पनि सहकारी संस्था प्रभावकारी हुन्छ । प्रशस्त मात्रामा घास पाइने भएकोले हिमाल, पहाड, तराइका मानिसहरूले संगठित रूपमा भेडा, बाख्रा, च्याङ्ग्रा पालन गरी प्रशस्त फाइदा लिन सकिन्छ । यसबाट उन तथा मासुको उत्पादन गर्न सकिन्छ ।

त्यसै गरी जडिबुटी, फलफूल खेती गरी पर्याप्त मात्रामा लाभ लिन सकिन्छ । खाद्यान्न तथा मौसमी र बेमौसमी तरकारी व्यावसायिक रूपमा

गरेर आर्थिक रूपमा सवल बन्न सकिन्छ । बाँझो जमिनमा बीउ बिजन उत्पादन गरी आय आर्जन गर्न सकिन्छ । नेपालमा व्याप्त गरिबी हटाउन सहकारी एउटा प्रभावकारी माध्यम बन्न सक्छ । पछिल्लो आँकडा हेर्दा देशभर जम्मा जनसंख्याको बीस प्रतिशत मानिस सहकारीमा सहभागी छन् । नेपालको संविधान २०७२ मा नै सहकारीलाई अर्थतन्त्रको मेरूदण्डको रूपमा उल्लेख गरिनुले पनि यसको महत्त्व झल्किन्छ । सहकारीमा सबै सदस्यहरूको भूमिका बराबर हुने भएकोले सबै सदस्यका बीचमा पारदर्शिता कायम गरी विकास र सबलताको दिशामा बढ्नुपर्छ । सहकारीका हरेक सदस्यले संस्थाको अवस्थाका बारेमा पर्याप्त जानकारी राख्नुपर्छ ।

सहकारीका सदस्यले आफ्नो हक, अधिकार, सहकारी संस्थाको अवस्था, आफूले जम्मा गरेको पैसाको सुरक्षा, नेतृत्वको कार्यशैली र सुविधा आदिका बारेमा पर्याप्त जानकारी राख्नुपर्छ । सहकारी सञ्चालकले सदस्यको चित्त बुझाउने काममा विशेष ध्यान दिनुपर्छ । यदि त्यो गर्न सकिएन भने सहकारीप्रतिको आकर्षण क्रमश घट्दै जान्छ । सहकारीका हरेक सदस्यले सहकारी शिक्षाका बारेमा ज्ञान हुनुपर्छ । संस्थामा सदस्यको भूमिका, कर्तव्य र सहयोगका बारेमा समेत प्रशस्त जानकारी हुनुपर्छ । सहकारीको उद्देश्य, मर्म, सिद्धान्त, मूल्य मान्यताहरूको बारेमा बताउनुपर्छ । सहकारीको समुचित विकासका लागि एउटा सञ्चालक र साधारण सदस्यको हैसियत बराबर हुनुपर्छ । संस्थाको ऋण प्रवाह तथा ऋणको जोखिमको अवस्था कस्तो रहेको छ त्यसको राम्रो जानकारी राख्नुपर्छ ।

सफल सहकारी संस्था बन्नका लागि पर्ल्स अवधारणको पालना महत्त्वपूर्ण हुन्छ । यो बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई सक्षम र सबल बनाउने प्रयास स्वरूप विकास गरिएको अनुगमन प्रणाली हो । यसमा समग्र वित्तीय संरचना, लेखा प्रणाली, व्यावसायिक योजना, बजारीकरण, आन्तरिक नियन्त्रण र व्यवस्थापन सूचना प्रणालीलाई दिशाबोध गर्छ । सुचकहरू भएको एक प्रभावकारी अनुगमन प्रणाली हो जसले कुनै पनि बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको वित्तीय अवस्थाको एकिकृत विश्लेषण र विवेचना गर्न सहयोग पुग्छ । यो विश्लेषण प्रक्रिया अन्तर्राष्ट्रिय रूपमा स्वीकृत वित्तीय मापदण्ड पनि हो । सन् १९८० मा डेविडरिचार्डसनले प्रतिपादन गरेको महत्त्वपूर्ण ओजार नै हो ।

पर्ल्सले संस्थाको हालको वास्तविक वित्तीय अवस्था पत्ता लगाउन, व्यवसायिक योजना तथा वार्षिक कार्य

योजना बनाउन, व्यवस्थापनको तर्फबाट व्यवस्थापकीय प्रक्रिया सञ्चालन गर्न उपयोगी हुन्छ । संस्थालाई आवश्यक नीति, कार्यविधि र निर्देशिकाहरू तयार गर्न, संघ संस्थाहरूको प्रणालीमा एकरूपता कायम गर्न, वित्तीय अनुपातहरूको विश्लेषण गर्नको लागि पनि यो ज्यादा उपयोगी हुन्छ । अन्तर्राष्ट्रिय रूपमा अवलम्बन गरिएको प्रमाणिक औजार निर्धारण गर्न, भावी रणनीति तय गर्न, वास्तविक वित्तीय अवस्थाको यकिन गर्न समेत यो अत्यन्तै लाभप्रद देखिएको छ । पर्ल्स अन्तर्गत ६ वटा विषय छन् भने यसै भित्र ४४ वटा सूचकहरू रहेका छन् । यो विश्वभर ज्यादै प्रचलनमा रहेको विधि पनि हो ।

सहकारी संस्थाले तरलता कायम राख्न सक्नुपर्छ । सामान्यतया तरलता भन्नाले बचतकर्ताले मागेको बखत फिर्ता दिने, ऋण भुक्तानी गर्ने, अत्यावश्यक खर्च भुक्तानी गर्न सक्ने अवस्था हो । कुनै पनि बचत तथा ऋण कारोबार गर्ने संस्थाले समयमा दायित्वहरू फिर्ता गर्न तरलताको प्रभावकारी व्यवस्था गर्नुपर्छ । दायित्व माग गर्ने बित्तिकै भुक्तानी गर्न सकिएन भने सदस्यहरूको संस्थाप्रति अविश्वास सिर्जना हुन्छ र संस्थामा बचत संकलन प्रभावकारी हुन सक्दैन । पर्ल्स अनुसार कुल बचत निक्षेपको १५ प्रतिशत तरलता व्यवस्था गर्नुपर्छ । जुन नगद नै साथमा राख्नुपर्छ भन्ने जरूरी छैन अन्य वित्तीय संस्थाहरूमा खाता खोली राख्न सकिन्छ । तर अत्यधिक तरलता पनि संस्थाको लागि हानीकारक हुने हुनाले तरलतालाई सन्तुलनमा कायम गराउनुपर्छ ।

सहकारीमा प्रतिफल र लागतको अवस्था कस्तो रहेको छ ? मुनाफा गरेर सदस्यहरूलाई लाभांश दिलाउने सक्षमता, लगानीको अनुपातमा प्रतिफल कुन क्षेत्रमा भएको छ ? लागत एवम् लगानीले कति प्रतिफल दिएको छ ? सञ्चालन खर्चको सीमा, मुनाफा औसत सम्पत्ति, मुनाफा दर र स्प्रेड दर कस्तो छ भन्ने विषयमा यस प्रणालीले संकेत गर्छ ।

त्यसै गरी लगानीमा रहेको ऋण, तरल लगानी, वित्तीय लगानी, अन्य गैर वित्तीय क्षेत्रमा भएको लगानीको प्रतिफल दरको बारेमा विश्लेषण गर्छ । सहकारी संस्थाले निम्न तथा विपन्न वर्गको आर्थिक अवस्थालाई सुधार गरी समग्र विकासमा सहयोग गर्ने भएकोले यसको समुचित विकासमा हरेक सदस्यको भूमिका रहन्छ । सबै सदस्यहरूले यो मेरै संस्था हो भन्ने भावनाको विकास हुनुपर्छ । सहकारीमा देखिएका स-साना बेथितिहरू हटाउन पहल गनुपर्छ जसबाट सहकारी प्रति थप विश्वासको वातावरण निर्माण हुन्छ । ♦♦♦

कविता

# पात झरेर पुरानो



✍ **सरस्वती श्रेष्ठ 'सरु'**

पात झरेर पुरानो
फेरि पलाए नवीनतम् नवीनतम् आँकुराहरू माटोमा
रात ढलेर अँध्यारो
फेरि उदायो उल्लासित उल्लासित उज्यालो आँखामा
कति ताराहरू झरेर अँध्यारा भए रातहरू
कति रातहरू ढलेर उज्याला भए दिनहरू
कति फूलहरू आगोमा फुले
कति फूलहरू धुवाँमा फुले
कति फूलहरू हाँसीहाँसी वीरङ्गना भए
सलाम ! ती सबै फूलहरूलाई
जसले अरूलाई उज्यालो दिलाउन आफू बलिरहे
जसले अरूलाई उठाउन आफू ढलिरहे
अँध्यारोले घुँडा टेकेर शिर झुकाएको छ
हाम्रै पाउमा यतिखेर
ओकेलेर सिङ्गो रात मधुर बिहानी झल्मलाएको छ
हाम्रै पोल्टामा यतिखेर
आधा थुँगामात्र भएर नफुलुन् फूलहरू अब
आधा गाग्रीमात्र भएर नभरिउन् मनहरू अब
अब त उज्यालै उज्यालोको होली खेल्नुपर्छ
अब त उत्सवै उत्सवको होली खेल्नुपर्छ
उभाएर मुट्ठीमा पसिनाको थोपाथोपा
उठाएर मुट्ठीमा माटोको ढिकाढिका
पातहरू झरेर पुरानो
फेरि पलाए नवीनतम् नवीनतम् आँकुराहरू माटोमा ।

निबन्ध

# नेपालीको सहृदयी सूत्र



✍ छायादत्त न्यौपाने 'बगर'

भाषा यादृच्छिक हुन्छ । यो वाक्प्रतीकहरूको व्यवस्था हो । भाषाले मानव मुखका उच्चार्य ध्वनिलाई बुझाउँछ जुन अर्थवान् हुन्छ । भूगोल, समाज, संस्कृतिअनुसार भाषाको संरचना, अर्थ र प्रयोगमा भिन्नता रहे पनि यो मानवीय व्यवहार चलाउने र संवेदना अभिव्यक्त गर्ने विचार विनिमयकारी अभिव्यक्तिकला हो । यसले विचार विनिमय गरी व्यवहारमा गति थपेर सूचना लेनदेन हुँदा संसारका भाषाहरू महत्त्वपूर्ण अभिव्यक्तिका स्रोतका परिपूरक बन्छन् । यिनका आ–आफ्नै स्रोत, संरचना, लिपि, ध्वनि आदि सङ्केतकहरूले निजी विशेषताको जतनसँगै आपसी मित्रताको पनि महिमागान गर्छन् । नेपाली भाषा पनि यी र यस्तै विशेषताहरू भएको प्राचीन भाषा संस्कृतको सन्तान हो । नेपालमा प्रचलित अरू धेरै भाषा र भाषिकाले यसको समृद्धिमा साथ दिएका छन् । संस्कृत मूलबाट जन्मेर अरू विभिन्न भाषिक स्रोतहरू पछ्याउँदै आएको नेपाली भाषा सबै नेपालीको सम्पर्क सूत्रका रूपमा अगाडि रहेको ।

नेपाली भूगोलमा बसोबास गर्ने हामी सबै नेपाली । नेपाली भूगोल, जनता, संस्कार, संस्कृति, प्रकृति र इतिहास बोकेका समृद्ध वाङमयका सन्तान नेपाली । नेपाली भूगोलमा जन्मी हुर्की यहींको मौलिक संस्कार संस्कृति बोकेर विभिन्न मुलुकमा पुगेका हामी नेपाली । नेपालीको साझा सम्पर्क सूत्र भाषा नेपाली हो । यही भाषाको आत्मीय साइनोमा जोडिएका हामी नेपाली । नेपाली नेपालीको सम्पर्क सूत्र भाषा नेपाली । धेरै नेपालीको मातृभाषा र सबै नेपालीलाई एउटै सूत्रमा गाँस्ने भाषा नेपाली । नेपाली भाषा सबै नेपालीको साझा सम्पदा हो ।

भाषाले मानवीय विचार र व्यवहार विनिमय गर्छ । जीवन निर्वाहका दैनिक कर्म सञ्चालन भाषाबाटै गरिन्छ । आवश्यक वस्तुको व्यावहारिक क्रियाकलाप गर्ने/गराउने उपकरणका रूपमा भाषाको भूमिका रहन्छ । यसको प्रयोग साङ्केतिक, सूत्रात्मक र व्याख्यात्मक शैलीले हुने

गर्दछ । भाषाहरू बिच आपसी सम्बन्ध जुट्ने/जुटाउने पनि भाषाबाटै हो । नेपालमा प्रचलित भाषाहरूबिच व्यवहार विनिमय गर्ने भाषा नेपाली हो । विदेशी भाषाहरूसँग मित्रता स्थापित गर्ने भाषा पनि नेपाली नै हो । नेपाली मन माटोसँग भिजेको भाषा हो नेपाली ।

नेपाली नेपालभरि र नेपाल बाहेकका देशहरूमा छरिएर रहेका नेपाली मूलका नेपालीको प्रिय भाषा मानिन्छ । हामी नेपाली जो जहाँ रहे पनि एकत्त्व प्रदान गर्ने विनिमयको माध्यम भाषा नेपाली नै हो । हामीलाई नेपाली भएको प्रमाण दिने सजिलो र भरपर्दो स्रोत पनि यही नै हो । यो नेपालको राष्ट्र भाषा हो । नेपालमा कृषिकर्म, शिक्षा, स्वास्थ्य, कानून, उद्योगधन्दा, विचार विनिमय आदि सञ्चालनका लागि कामकाजी भाषा पनि यही हो । समग्र नेपालीको भौतिक विकासका लागि प्रयोगमा आउने र अरू मातृभाषी नेपालीलाई आपसमा जोड्ने भाषा पनि नेपाली नै हो । नेपाली भूगोलभित्र हुर्केका १२३ (पछिल्लो समय अरू थपिएको भन्ने सुनिन्छ) भाषाको विकास र संरक्षणका लागि सहयोगी बनेको मित्र भाषा नेपाली हो। यसलाई सबै नेपालीबिचको भावनात्मक संवेदना स्पर्श गर्दै सांस्कृतिक सूत्रमा उनेर सामयिक जीवनसँग जोड्ने विचार विनिमयको बलियो आधार मानिएको छ । नेपाली भाषाको मूल खोज्दा संस्कृत/प्राकृतिसम्म पुगिन्छ । यसको लिपि र व्याकरण संस्कृतसित मिल्छ । यसको लिपि संसारकै प्राचीन र वैज्ञानिक मानिने देवनागरी हो । यसलाई ब्राह्मी लिपि पनि भनिन्छ । नेपाली संसारका प्राचीन भाषामध्ये अग्रस्थानमा रहेको छ ।

आज सिङ्गो पृथ्वी छिमेकी सरह खुम्चिएको छ । पृथ्वीको एउटा छेउको मान्छे अर्को कुनामा सजिलै पुग्ने भएको छ । एउटा भूगोलबाट सर्दै गर्दा मानिसले आफूले सिकेको संस्कार र भोगेको संस्कृति लिएर जान्छ । मान्छे जहाँ पुग्यो त्यहींको जनजीवनसित अन्तर्घुलित हुने प्रक्रियासँग जोडिन्छ । नयाँसँग जोडिँदै गर्दा पुरानो छोडिदै जाने समस्या रहन्छ तर आज विज्ञानको उपलब्धि, यातायातको सुविधा र विद्युतीय सञ्जालको देनले सृष्टि सौन्दर्यको मौलिक पहिचान सँगसँगै जतन गर्न सकिने भएको छ । संसारभर छरिएर रहेका नेपालीले सजग भई अपनाएको भाषिक गतिविधि र निजी सम्पदाप्रतिको चासोले नेपाली भाषाको विकास, विस्तार तथा समृद्धिमा गतिलो टेवा पुगेको देखिन्छ ।

नेपाल बाहिरका भारतीय नेपालीले नेपाली भाषाको उत्थानका लागि हिजोदेखि गर्दै आएको र गरिरहेको

योगदान उल्लेख्य रहेको विषयमा विमति छैन । नेपाली भाषाको उत्थानका लागि पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, लीलबहादुर क्षेत्री, इन्द्रबहादुर राई, पवन चामलिङ समेत धेरै भाषासेवीहरूले गरेको योगदान ऐतिहासिक महत्त्वको छ । पछिल्लो समय भारतीय भूमि दार्जिलिङ, आसाम, देहरादुन, मेघालय समेत भुटान, बर्माबाट सामाजिक सञ्जालमा जोडिएर सञ्चालनमा आएका साहित्यिक सिर्जनात्मक गतिविधिले नेपाली नेपालीबिच हार्दिकता बढाएको पाइन्छ । यसै गरी अमेरिका, बेलायत, बेल्जियम, जापान लगायतका मुलुकबाट पनि विद्युतीय सञ्जालको सदुपयोग भई नेपाली वाङ्मयको श्रीवृद्धिसँगै आपसी मेल र मित्रतालाई गाढा बनाई ताजकीकरण गरेको वस्तुतथ्य हामी सबैका सामु छर्लङ्ग छ । हामी नेपाली भाषी जहाँ छौँ त्यहींबाट जोडिएर आ-आफ्नो जीवन भोगाइका अनुभव अनुभूति साट्ने अवसर पाएका छौँ । यो सुखद संयोगमा विज्ञान प्रविधिको देन छ । यसबाट नेपाली मौलिक संस्कार संस्कृतिले सिकाएको सहृदयी व्यवहार गर्ने ज्ञान, सिपयुक्त जीवनशैली पुस्तान्तरणमा पनि मद्दत मिलेको देखिन्छ । नेपाली भाषा साहित्यको माध्यमबाट सञ्चालित गतिविधिले चाडपर्व, पोसाक, खाइखुराक, श्रमशीलता र बहुजातिबिच कायम गरेको एकताको मर्म पनि व्यक्त गरिरहेको पाइन्छ । बहुभाषा संस्कृति र तिनले डोऱ्याई ल्याएको मौलिक परम्परालाई सम्मान दिने सामाजिक रीतले ताप्लेजुङ, डोल्पा, दार्चुला, खोटाङ, रूपन्देही, पर्सा, मुस्ताङमा बस्ने नेपाली र भारत, जापान, चीन, अमेरिका, बेलायत, क्यानडा आदि विविध भूगोलमा रहेर गरिएको जीवन सङ्घर्षबारे जानकारी दिन सञ्जालमा जोडिएर पछ्याइएको वाङ्मयी सत्कर्म नेपाली भाषीको आत्मगौरवको प्रतीक पनि हो ।

संसारमा प्रचलित भाषा परिवारमध्ये भारोपेली परिवारको आर्य इरानेली हुँदै आएको संस्कृत भाषाको सन्तान नेपाली भाषा आज नेपाली भूगोलमा सीमित छैन । यसको विस्तारले भारत, चीन, बेलायत, अमेरिका, जापानजस्ता मुलुकबाट नेपाली भाषामा पनि समाचार सम्प्रेषण गरिरहेको छ । यी मुलुकहरूमा रहेका नेपालीले आफ्नो भाषा नेपालीमा पुस्तक लेख्ने, साहित्यिक सभा गोष्ठी गर्ने, चाडपर्व मनाउने, नेपाली महोत्सवहरूमा ती विभिन्न देशका सेलिब्रेटीहरू सहभागी गराउने, नेपाली भाषा शिक्षणको लागि आवश्यक प्रबन्ध मिलाउने, नेपालबाट साहित्यकारहरू निम्त्याएर अन्तर्क्रिया गर्ने/गराउने जस्ता रचनात्मक विमर्श नियमित भइरहेको देखिन्छ । यसबाट

भाषिक सम्पदाको प्रवर्धन भएको छ । नेपाली मूलका गैर नेपालीमाझ नेपाली भाषाप्रतिको आस्था र विश्वास बढेको छ । प्रत्येक नेपालीले म नेपाली मूलको भारतीय हुँ, म नेपाली मूलको अमेरिकन हुँ, म नेपाली मूलको बेलायती हुँ भनेर नेपाली भाषी हुनुमा गर्व गरिरहेको अवस्था छ । यसले नेपालमा रहेका नेपालीको शिर उठेको र ती ठाउँमा बसेर नेपाली भाषाको सेवा गरिरहेका नेपलीप्रतिको आत्मीय साइनो चुलिँदै गएको अनुभूति दिन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका साहित्यिक सभा गोष्ठीहरू हुने साइत जुरेको छ ।

आज नेपाली भाषामा लेखिएको साहित्य संसारका साहित्यको अग्रपङ्क्तिमा पुगेको छ । गुरूप्रसाद मैनालीको "नासो"कथा संग्रह, डायमन्ड शमशेर राणाको 'सेतोबाघ', पारिजातको 'शिरीषको फूल', देवकोटाको 'मुनामदन' जस्ता कैयौं कृति र कृतिकारको देनले नेपाली भाषाको प्रसिद्धि बढाएको पाइन्छ । भर्खरै नेपाली भाषामा कविताको नयाँ शैली साइनो सुरू भएको छ । सात, आठ र नौ अक्षरका तीन पङ्क्ति तथा चौबिस अक्षरको पूर्ण संरचना हुने साइनो कविता नेपाली भाषाको माध्यमबाट विश्वसाहित्यमा पुगिसकेको नवीनतम शैली हो । यो नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी, मलेसियन भाषाहरूमा भारतीय, अमेरिकन, मलेसिन भाषा भाषी नागरिक तथा स्रष्टाहरूको पनि प्रिय भइसकेको छ । यसैगरी बेलाबखत हुने नेपाली र भारतीय साहित्यकार बिचको मित्रवत् छलफलले पनि साहित्यिक र भाषिक अन्तरसम्बन्ध प्रगाढ बन्दै गरेको देखाउँछ । यस कार्यले भारत तथा अरू तिर पनि नेपाली भाषाको महत्त्व बढाएको छ । भारतीय नेपाली भाषीहरूले गरेको प्राज्ञिक सङ्घर्ष र भारतको संविधानमा नेपाली भाषालाई ससम्मान स्थान दिलाउन मिलेको सफलता ऐतिहासिक रहेको छ । भारतीय नेपालीहरूले गरेको यस सराहनीय कार्यको जति प्रशंसा गरे पनि कम हुन्छ ।

भाषिक उत्थानको कुरा गर्दा नेपालमा रहेर नेपाली भाषाको श्रीवृद्धिमा समर्पित हुन जस्तो सजिलो विदेशमा रहेका साथीहरूलाई छैन । स्वदेशमा बसेर जीवन निर्वाहका लागि गरिने श्रम सहज हुन्छ, नेपालीपन स्वाभाविक हुन्छ । कार्यक्रमहरू गर्दा पनि आफ्नै भूमि, ऐन नियम, राष्ट्रिय मूल्य मान्यतामा रहन पाइन्छ तर विदेशमा रहेका साथीहरूले बढी चुनौतीहरू खेप्नु पर्ने हुन्छ । सम्बन्धित देशको नीतिनियमको पालनासँगै मातृभाषाका रूपमा नेपालीलाई उपयोग गर्नुपर्ने हुन्छ । जुन देशमा जीवन निर्वाहको लागि आर्थिक जोहो गरिँदै छ त्यस देशको भाषा

संस्कृतिको पनि सम्मान गर्दै नेपालीपन पछ्याउनु पर्ने हुन्छ । ती ठाउँमा रहेर वाङ्मयको उत्थानका लागि भिडिरहेका नेपाली भाषीले नेपालको भौतिक विकासमा समेत भरथेग गर्दै आएको योगदान पनि अनुकरणीय रहिआएको छ । यस कार्यमा पनि भाषिक महिमाले देन दिएकै हुन्छ ।

नेपाली भाषाले सबैतिरका धेरै नेपालीलाई एउटै सूत्रमा जोडेको छ । नेपाली भूगोल र प्रकृति चिनाउने संस्कृति जनाउने, संस्कार सिकाउने, उत्पादन बुझाउनु, धार्मिक आस्थाका कुरा गर्ने जीवनका गतिविधिमा मिसाएर गरिने सहकार्यको विनिमयमा जुन आत्मीयता झल्किन्छ त्यो भाषिक सामर्थ्य हो । त्यसमा नेपाली भाषाको माधुर्य सलबलाउँछ । नेपाली पोसाक, परिकार, प्रविधिजन्य उपकरण, अर्मपर्म, ऐंचोपैंचोले चलाउने विधि व्यवहारको सामाजिक सम्बन्धमा बेग्लै स्वाद पाइन्छ, विशिष्ट परिचय झल्किन्छ र यो पुस्तौंदेखि पुस्तान्तरण हुँदै आएको मौलिक सम्पदा शाखा सन्तान जहाँ बसे पनि मूलसँग एकत्त्व रहिरहन्छ, आत्मीय सद्भावले तानिरहन्छ, आपसी सहानुभूति प्रकट भइरहन्छ । हो, भाषा वर्ण, अक्षर, शब्द, पदावली वाक्य अनुच्छेद हुँदै सङ्कथनसम्म विस्तार भएर मानवीय संवेदना सम्प्रेषण गर्ने अभिव्यक्तिको मूतरूर्प हो । यसले नेपाली भनेर चिनाउने र चिनिने गरी चिनारी सङ्कलन, सम्प्रेषण र विस्तार गर्छ, गर्दै आएको छ । पुस्तान्तरण, खेलकुद, पर्यटन, उद्योग व्यवसाय, विज्ञान प्रविधि, फरक भूगोल, समयप्रवाह आदिले गराउने जनसम्पर्कका कारणले भाषिक संरचनामा देखिने परिवर्तनबारे लेखक पाठकहरू बिचको सहकार्यबाट आवश्यक सूचना आदान-प्रदान भई प्रयोगात्मक एक रूपताका लागि समन्वय र सहजीकरण पनि भइरहेको हुन्छ । विभिन्न देशका विश्वविद्यालय र प्राज्ञिक संस्थाहरूमा पनि नेपाली भाषाको अध्ययन अनुसन्धानसहित विमर्श हुनु पनि नेपाली भाषाको गरिमा उचालिनु नै हो । त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूमा विभिन्न देशका नागरिकले नेपाली भाषाको अध्ययन अनुसन्धानमा देखाएको रूचि पनि नेपाली भाषाप्रतिको आकर्षण हो ।

नेपाली मौलिक परिचय भएको ऐतिहासिक भाषा हो । नेपाली भाषा भूगोल, लिपि र स्रोतका हिसाबले पनि ज्यादै पुरानो मानिन्छ । यसको वाङ्मयले पनि वैदिक परम्परा जोड्छ, सनातनी मूल्यको जरो समात्छ तर विकासको आरम्भ धेरै पछि भएको देखिन्छ । यसको ऐतिहासिक सन्दर्भमा पुग्दा

शिलापत्र, ताम्रपत्र, भोजपत्र, औषधी उपचारसम्बन्धी सूचना सम्प्रेषण गर्ने गरेको देखिन्छ भने शासन पद्धतिका विषयमा चर्चा गरेको पनि पाइन्छ । लोकपरम्पराको निरन्तर पुस्तान्तरणका लागि मुख्य भूमिकामा नेपाली भाषा रहँदै आएको पाइन्छ । नेपालमा प्रचलित नेपाली, मैथिली, भोजपुरी, गुरूङ, थारू, मगर, तामाङ, नेपालजस्ता सयौं भाषाको साथ सहयोग र मित्रताले पनि नेपाली भाषाको साख उठाएको पाइन्छ । नेपालीको जीवनपद्धति र वृत्ति विकासमा पनि यी भाषाहरूको आपसी सम्बन्ध र उपयोगले योगदान गर्दै आएको देखिन्छ ।

भाषाको विकासमा वाङ्मयी सिर्जनाको देन रहन्छ । नेपाली र नेपालका भाषाहरूमा पनि हजारौं पुस्तक लेखिएका छन् । यिनमा जीवनका विविध विषय क्षेत्र र तिनको प्रचार प्रसार भएकै छ । नेपाली भाषाको प्रवर्धन, विस्तार र स्थायित्व नेपालको गौरव हो, नेपालीको पौरख हो । यस भाषालाई स्वाभिमानका साथ संसारभर छरिएर पनि एउटै मालामा उनिएका अनेक नेपालीको मौलिक परिचय दिन सक्षम भएकाले साझा सम्पदाका रूपमा स्वीकार गरिएको हो । नेपाली भाषाको उद्भव र विकासको गाथा बताउने विश्वासिलो स्रोत यही हो । यही विशेष जगले नेपाली भाषालाई विश्वसामुदायमाझ उभ्याएको छ । नेपाली भूगोल–सगरमाथा, लुम्बिनी, मुस्ताङ; विभूति-गौतम बुद्ध, अरनिको, जयपृथ्वीबहादुर सिंह, पासाङ ल्हामू शेर्पा, ऐतिहासिक कलाकृति, प्राकृतिक स्रोत, जलसम्पदा, कस्तुरी, एकसिङे गैंडा, डाँफे, काँडेभ्याकुर समेत जीवनदायी जरीबुटीहरूसित जोडेर नवीनतातिर डोऱ्याउने शक्ति नेपाली भाषामा रहेको छ र डोऱ्याइरहेको पनि छ । जिउने आवश्यकता र मानवीय जिज्ञासा समनका लागि भौगोलिक दूरीले जसलाई जहाँ पुऱ्याएको भए पनि हामी नेपाली, हामीलाई जोड्ने भाषा नेपाली, हामी चिनिएको सम्पर्कसूत्र नेपाली ! यो तथ्य अकाट्य हुँदा हुँदै पनि यदाकदा कतिपय अतिवादी साथीहरूबाट नेपाली भाषा खस भाषा हो, खसहरूको भाषा हो भनेर अदूरदर्शी सोच र सङ्कुचित मानसिकतामा खुम्चिने/खुम्च्याउने जस्ता दुष्प्रयासजन्य अभिव्यक्ति सुनिन्छ । यो धेरै नेपालीको मातृभाषा र सबै नेपालीको सम्पर्कसूत्र भएकाले यसलाई केही खसहरूको सीमित घेरामा पारिनु नेपाल र नेपाली प्रियका लागि सह्य हुँदैन । यसै गरी नवीनताका नाउँमा जथाभावी आगन्तुक शब्द, शब्दावलीको प्रयोग र वर्णविन्यास सम्बन्धी विचलन पनि स्वीकार्य हुँदैन ।

भाषाले समेटेको जनभावना र यसको मौलिक संरचनामा आँच आउने काम कहीं कतैबाट हुनु नेपाल र नेपालीको हित विपरीत हुन्छ । अरू भाषाको सम्मान गर्नु तिनबाट सहयोग लिनु राम्रो कुरा हो तर नेपाली भाषाको जग हल्लिने कर्म कसैबाट नगरियोस् भन्ने जोडदार आग्रह रहन्छ । इमानदार भई नेपाली भाषाको मूल र मर्मको वकालत गरिरहँदा अन्य भाषा बिर्सेको भन्ने आशय भने पटक्कै होइन ।

**नेपाली भाषाका विशेषताहरू** :

- नेपालको संवैधानिक भाषाका रूपमा स्थापित हुनु
- नेपाल राज्यका सम्पूर्ण अङ्गहरूको कामकाजी भाषा हुनु
- संसारकै प्राचीन भाषा संस्कृत, प्राकृत हुँदै आर्यभाषाको रूपमा विकसित हुनु
- प्राचीन लिपि ब्राह्मीको शाखा देवनागरी लिपि हुनु
- संसारकै ठुलो भाषा परिवार भारोपेलीको सदस्य हुनु
- धेरै नेपालीको मातृभाषा र सबै नेपालीको सम्पर्क भाषा हुनु
- वर्ण, अक्षर, शब्द, पदावली, उपवाक्य, वाक्य संरचना हुनु
- स्वर र व्यञ्जनमा विभाजित ध्वनि योजन हुनु
- अनुकरणात्मक र द्वित्व प्रक्रियाबाट शब्द निर्माण हुनु
- आदरार्थी क्रियापदले महत्त्व पाउनु
- विशेषण, नाम र क्रिया शब्दको निश्चित पदक्रम हुनु
- भारत, भुटान लगायत संसारका देशहरूमा फैलिनु
- द्रविड, भोटबर्मेली भाषा परिवार तथा क्षेत्रीय भाषिकाहरूबाट शब्दहरू ग्रहण गर्नु
- नेपालमा प्रचलित भाषाहरूको जननीका रूपमा रहेर सबै भाषा, भाषीबिचको अन्तरसम्बन्धलाई व्यवस्थित गरी विश्वसनीय तुल्याउनु
- संसारका धेरै मातृभाषी भएका भाषा भनेर चिनिनु.........

भनिन्छ–समय परिस्थिति बलवान् हुन्छ । यही बलवान् समय परिस्थितिले भाषाको महत्त्व बुझाउँछ । जब मान्छे आफ्नो थातथलोबाट पर पुग्छ र त्यहींको भाषा संस्कृतिबाट थिचिन थाल्छ अनि आफ्नो मातृभाषा संस्कृतिको सम्झना आउँछ । आज विज्ञानले पृथ्वी खुम्च्याएर संसार नजिक बनाइदिएको छ । मान्छेको भीड बढेको छ । यही भीडमा मान्छे परबाट देखिने गरी उभिन चाहन्छ, निजत्व प्रदर्शन गर्ने अवसर खोज्छ । यसैका लागि मान्छेलाई निजत्वले पिरोल्दो रहेछ । अरूभन्दा भिन्न रूप र विशेष मौलिक परम्परा समेत जोडेर कसरी प्रस्तुत हुने ?

हो, यति नै बेला भाषा संस्कृतिले मान्छेको पोसिलो खुराक बनेर गर्बिलो उपस्थिति जनाउन सक्ने रहेछ । यही मर्म थाहा पाएपछि मान्छे आफ्नो पुर्ख्यौली सम्पदाप्रति नतमस्तक भई जतन गर्ने दायित्व महसुस गर्ने रहेछ । यसकै परिणाम हो आज संसारमा छरिएका नेपालीले नेपाली भाषाप्रति देखाएको सान्निध्य, उत्तरदायित्वबोध र भाषिक उत्थानमा गरेको श्रम दान पनि । मानव सृष्टि सौन्दर्य अभिव्यक्त गर्ने भाषिक इतिहासको अध्ययन, अनुसन्धान, विश्लेषण, लिपि, प्रयोक्ता, वैज्ञानिकता खोतलेर संसारका भाषाहरूबिचको अन्तरसम्बन्ध केलाएर प्रस्तुत हुन सके नेपाली भाषाको गरिमा उच्चस्थानमा पुगेको देखिन्छ । यहीं उज्यालो स्थानमा उभिएको सहृदयी नेपाली ढुकढुकी सुनौं । पृथ्वीका छेउकुना छुने दौडमा सहभागी हामी सहृदयी नेपाली भाषी जो जहाँ भए पनि सँगसँगै मुस्कुराउन पाउँछौं, मित्रतमा गति थपेर हात मिलाउँछौं, निर्बाध रमाउन सक्छौं । जीवनबोध हेतु मर्मस्पर्शी भावको सम्प्रेषणीय ज्ञान–विज्ञानसँग फैलिने, व्यावहारिक सिप सिक्ने, उन्नति–प्रगति बटुल्ने अभ्यास भाषाले गराउँछ । यसैबाट सचेत प्रयत्न गरिन्छ । मान्छेको दैनन्दिनीलाई गति दिने माध्यम पनि यही हो । ताप्लेजुङ, झापा, पर्सा, दोलखा, मुस्ताङ, महेन्द्रनगर, हुम्ला जोड्दै विदेशमा बस्ने नेपालीहरूबिच भावनात्मक साइनो लाएर आत्मीय रङ मिसाउने काम यसैले गर्दै आएको छ । यही हो सिङ्गै भूगोलभरिका नेपाली मनमाटोको सुगन्धप्रेमी सहृदयी मित्र सिंचन दिने सार्थक सूत्र । ♦♦♦

## गजल

**✍ गंगा खड्का**



तिम्रो मेरो पिरतीको अब फूल फुल्ने भयो
नओइलाउने गरीकन दिव्य डाली झुल्ने भयो ।

मुटुमुटु गाँसिएछ कि अन्जानैमा हामी दुईको
सम्झनाको नशा लाग्दा भोक प्यास भुल्ने भयो ।

आदत बस्दा तिमीलाई मनमुटुमा सजाउने
पानी पर्न छाडेर आकाश पनि खुल्ने भयो ।

तिमी मेरो आसपासमा बस भन्छ यो मनले
मौसम पनि मधुमासको अङ्गालोमा डुल्ने भयो।

कस्तो साइनो बसेछ अजम्बरी हामी दुईको
जीवन जिउने कला बोकी इन्द्रेणी रङ घुल्ने भयो ।

# घरेलु हिंसाः न्यूनीकरणका उपायहरू



✍ प्र.ना.उ. भोजराज पाण्डेय

नेपालको मध्ये भागमा अवस्थित नवलपरासी जिल्लाको रामग्राम नगरपालिका वडा नं ६ की एक महिला आफ्नै श्रीमान र सासू ससुराबाट घरेलु हिंसाको पीडित बनेको भन्दै जिल्ला प्रहरी कार्यालयमा पुगेकी छिन्, कारण हो "दाइजो" । सानै उमेरमा एक आपसमा माया प्रेम बसेपछि दुवै जना कानूनी बन्धन तोडेर भागी विवाह गरी दुई वर्ष छिमेकी मुलुक भारतमा बस्दै गरेकोमा घरबाट बुबाआमाले "बुहारीलाई पनि लिएर घरमा फर्केर आउनु छोरा " भनेर ढिपी गरे पछि काखमा दुधे बालक सहित घरमा आए पछिको केही दिन पश्चात नै सासू ससुराले दाइजोको विषय उठाए पछि सासू ससुरा र बुहारी बीचमा सामान्य विवाद, किचकिच, झगडा हुँदै हातपात सम्मको अवस्था सिजना भई घरमा हिंसा र कलहको बिउ रोपिन पुग्यो । आफ्नै श्रीमतीलाई बुबाआमाबाट भएको यस विभेद र अन्यायको बारेमा उसले एक शब्द पनि निकालेन र प्रतिवाद गर्ने कुनै पहल गरेन । पहिले विवाह नहुँदै माया प्रेम गर्ने बेला "तिमी बाहेक अरू मलाई केही चाहिँदैन" भनेर प्रेमिकालाई वशमा पारेर भागी विवाह गरी भारत गए पश्चात छोरा समेतको जन्म भई घरमा फर्के पछि निजको श्रीमानले पनि आमाबुबाकै बोलीमा लोली मिलाउदै श्रीमतीलाई दाइजो किन नल्याएको भन्दै दिनहुँ कुटन थाले पछि पीडित महिला साहस गरेर घरेलु हिंसाको उजुरी लिई प्रहरी कहाँ पुगेकी हुन् ।

माथि उल्लेखित घटना त हाम्रो नेपाली समाजमा हुने एउटा प्रतिनिधि घटना हो । साँध सीमाना, बालबच्चा, खानपान, लवाई खवाई, देखासिकी, र सामाजिक सञ्जालमा पोष्ट भएका विचार र तस्बिर लगायतका अन्य विविध झिनामसिना विषयहरू नै हिंसाका उपजहरू हुन । मानिसको मनमा आपराधिक वा खराब विचार पैदा हुनलाई कुनै पूर्ववत योजना बनाई रहनु पर्दैन । क्षणक्षणमा नै विषयवस्तुको आधारमा विचारमा

परिवर्तन आउँछ । जब मानिसको मनमा खराब विचार हाबी हुन्छ तब उसमा खराब काम गर्ने मनसाय पैदा भई हिंसा गर्न उद्वेलित हुन्छ ।

हिंसा, अत्याचार, अन्याय आफैमा एउटा पीडा बोध गर्ने शब्द हुन् । हिंसा भनेको सामान्यतया एउटै परिवार भित्र एक व्यक्तिले अर्को व्यक्तिलाई दिने यातना, पीडा, दुःख र अपमान हो । यो शारीरिक, मानसिक, आर्थिक, यौनजन्य वा जुनसुकै रूपमा पनि हुन सक्दछ । शारीरिक रूपमा कुटपिट गर्ने, चोटपटक लाग्ने, यातना दिने, मानसिक रूपमा अपमान, गाली गलौज गर्ने, डर धम्की दिने, त्राशपूर्ण वा अत्यासपूर्ण व्यवहार गर्ने, हतोत्साहित गर्ने, जिस्क्याउने जस्ता कार्यहरू हिंसाका रूपहरू हुन् । त्यस्तै यसका साथै यौनजन्य प्रकृतिका दुर्व्यवहार, परम्परागत तथा रूढीवादी संस्कारहरू र महिला तथा पुरूषको आत्मसम्मानमा ठेस पुऱ्याउने लगायतका क्रियाकलापहरू पनि हिंसाजन्य क्रियाकलापहरू हुन् ।

अर्को अर्थमा भन्नु पर्दा परिवार भित्र आर्थिक स्रोत साधनको पहुँच, प्रयोग र उपभोगबाट कसैलाई वञ्चित गर्ने, दाइजोको कारण बुहारीलाई घरबाट निकाला गर्ने, आत्मसम्मानमा चोट पुऱ्याउने जस्ता क्रियाकलापलाई अपमान यातना वा पीडा भन्न सकिन्छ । नेपालको वर्तमान संविधान २०७२ मा "महिला भएकै कारण कुनै किसिमको भेदभाव गरिने छैन, प्रत्येक महिलालाई स्वाभिमानी भई, स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार हुनेछ" भन्ने उल्लेख गरिएको छ ।

आ.व. २०७८/७९ मा नेपालमा दर्ता भएका महिला हिंसाको संख्या २१ हजार ३ सय ११ छ । जसमध्ये नाबालिका जबरजस्ती करणी मात्र १ हजार ५ सय ६० रहेका छन् । जबकी १० वर्ष अगाडि आर्थिक वर्ष २०६९/७० मा महिला र बालिका माथि हुने हिंसा र अपराधका घटनाको संख्या ३ हजार १ सय ४७ थियो । त्यो संख्या १० वर्षको अवधिमा बढेर २१ हजारको हाराहारीमा पुगेको छ । तथ्यांक अनुसार नेपालमा लैंगिक हिंसा विगत १० वर्षको अवधिमा करिब ७ गुणाले वृद्धि भएको देखिन्छ ।

नेपालमा प्रचलित रहेका ऐन कानूनहरूमा प्रत्येक महिलाहरूमा प्रजनन् स्वास्थ्य सम्बन्धी हक अधिकार हुनेछ भनि उल्लेख गरिए तापनि श्रमिक महिलाहरूलाई सेवा सुविधा सहित प्रसुती बिदा दिने सन्दर्भमा कतिपय अवस्थामा सुविधा सहितको बिदा दिन आनाकानी भएको अवस्था छ । महिला हिंसा सम्बन्धी कानून प्रभावकारी भएको भए तापनि परिवारकै सदस्यहरूबाट परिवारकै सदस्यहरूलाई गरिने हिंसालाई कानूनी

कारबाही भन्दा पनि इज्जत प्रतिष्ठा वा मान मर्यादाको कारण सम्बन्धित निकाय सम्म पुग्न नदिई बलपूर्वक समाधान खोजिनुले यसले केही हद सम्म प्रश्नहरू जन्माउने गरेको पाइन्छ ।

पछिल्लो समयमा सामाजिक सञ्जालको बढ्दो प्रयोग पनि हिंसा वृद्धि हुनुको प्रमुख कारणको रूपमा रहेको छ । नचिनेका मानिसहरूसँग फेसबुक मार्फत सम्बन्ध स्थापित गर्न खोज्दा परिवारका सदस्यहरू बीचमा बेमेल हुन गई त्यसले हिंसाको रूप धारण गरेको अवस्था पनि छ । देखासिखिको कारण आफ्नो अनावश्यक आवश्यकता पूर्ति गराउन महिलाहरूले आफ्नो श्रीमान प्रति दबाब सिर्जना गरी पुरूषलाई हिंसामा पुऱ्याएको अवस्था पनि छ । यहाँसम्म की परिवारका सदस्यहरू बीचमा मोबाइलको पासवर्डको विषयलाई लिएर समेत हिंसाजन्य व्यवहारहरू हुने गरेको छ । श्रीमान श्रीमती बीच यही विषय बढ्दै गएर पारपाचुके सम्म पुगेको अवस्था पनि छ । बालबालिकाहरू सामाजिक सञ्जालको दुरूपयोगको कारण पनि हिंसामा पर्ने गरेका छन् । सामाजिक सञ्जालको प्रयोग गर्ने क्रममा विश्वासमा परी आफ्नो साथीलाई गोप्यता सेयर गर्दा पछि त्यसैलाई ब्लाकमेलिङ्को माध्यम बनाएर बालबालिका माथि आर्थिक, यौनजन्य तथा मानसिक हिंसा समेत हुने गरेको छ ।

महिला हिंसा बढ्दै जानुको अन्य कारणहरूमा परिवार भित्र माया, सम्मान र अनुशासनहिनताको कारण अराजक स्थिति उत्पन्न हुनु, शिक्षा र चेतनाको अभाव, मदिराजन्य पदार्थको प्रयोग, पारिवारिक बेमेल, बहुविवाह, बाल विवाह, अन्तरजातीय विवाहका कारण विचार, भावना र संस्कृतिमा मिलन नहुनु र रूप, सौन्दर्य र धन सम्पत्तिको प्रलोभनमा परेर र राजनीतिक तथा विविध सामाजिक प्रतिशोधको कारण पनि हिंसाका घटनाहरू बढिरहेका छन् ।

खास गरी हिंसा सहने बानी, पारिवारिक, सामाजिक डरले दूषित क्रियाकलापहरू बाहिर निस्कन नसक्दा हिंसात्मक कार्यहरू अझ बढ्दै गएका छन् । नेपाली समाजमा पुरूषहरू सधैं उच्च स्थानमा रहने र महिलाहरूको परिश्रम कामको संवेदनशीलता र प्रजनन स्वास्थ्यका उत्पादनमूलक भूमिका स्वीकार गर्न नसक्दा महिला यौन चाहना पूरा गराउने, घरको काममा सहयोग गर्ने, निःशुल्क सहयोगीको रूपमा हेर्ने परम्परा कायम नै छ । विभिन्न प्रकारका पीडा सहन नसकी कानूनी बाटो रोज्दा पनि उचित समयमा उचित न्याय प्राप्त गर्न नसक्दा अर्को पीडा हुने र पीडकले अपराध गर्न झन उत्साहित

हुने गरेको छ । वैदेशिक रोजगारमा जाने महिलाहरू पनि विभिन्न प्रकारका पीडा, दुर्व्यवहार र विभिन्न प्रकारका यातना सहन बाध्य भएका र त्यस्ता हिंसालाई सामान्य रूपमा लिने प्रचलनले हिंसा भन बढ्न गइरहेको छ । युवाहरूलाई स्वदेशमै रोजगारीको यथेष्ठ अवसर प्राप्त नभएको कारण दैनिक रूपमा पुरूष तथा महिलाहरू खाडी लगायतका मुलुकहरूमा वैदेशिक रोजगारमा जाँदा घरमा परिवारका अन्य सदस्यहरूबाट विभिन्न प्रकारका हिंसामा परेको अवस्थाहरू ज्यादै पीडादायक छन् ।

कुनै पनि हिंसात्मक क्रियाकलापले परिवार समाज र समाज तथा परिवारको विकासमा प्रत्यक्ष असर पार्ने भएकोले हिंसा अन्त्यका लागि हामी अग्रसर हुनु आवश्यक छ । नेपाली समाजमा व्याप्त पुरूष मानसिकतामा कठोर रूपमा परिवर्तन हुनु पर्दछ । महिलाहरूको श्रम, शहनशीलता र लगनशील मेहनती गुणको कदर गरिनु पर्दछ, महिलाहरूलाई शिक्षा चेतना दिनुको साथै विद्यालय स्तरदेखि नै महिलामैत्री पाठ्यक्रम निर्माण गरिनु पर्दछ, कानून कार्यान्वयनको पक्ष बलियो र सबैका लागि समान हुनुपर्दछ ।

महिला हिंसा र अपमान गर्ने, यौन दुर्व्यवहार गर्नेहरूलाई कानूनबमोजिम गरिनु पर्दछ । सामाजिक सञ्जालका माध्यमहरू युट्युव, टिकटक लगायतको कारण पनि हिंसाजन्य क्रियाकलापहरू परिवारमा हुने गरेका छन् । परिवारमा मदिरा र लागूपदार्थ सेवनका कारण अधिकांश हिंसाजन्य घटनाहरू घटेको देखिएकोले प्रहरीले यस विरूद्ध जनचेतना फैलाउने कार्यलाई अभ प्रभावकारी बनाउनु पर्दछ । हिंसा रोकथाम तथा न्यूनीकरणको लागि विभिन्न तह र तप्काबाट अनेकन प्रयासहरू भएका छन् तर ती पर्याप्त छैनन् । यसमा प्रहरीको चेतनामूलक प्रयास बढी प्रभावकारी हुन सक्दछ । सामाजिक, साँस्कृतिक, धार्मिक तथा विभिन्न अन्धविश्वासी परम्पराका कारण महिलाहरूले खपिरहनु परेका यस्ता विकृति अन्त्य गरिनु आवश्यक छ ।

वैदेशिक रोजगारको लागि खाडी लगायतका मुलुकहरूमा गइरहेको युवा जनशक्ति रोक्न देशमा रोजगारको व्यवस्था गर्ने, प्रत्येक परिवारमा एक आपसमा सम्मानजनक व्यवहार गर्न सिकाउने किसिमका नैतिक शिक्षा दिने र अनुशासन सिकाउन सकेमा यस्ता समस्याहरू कम गराउन सकिन्छ । समाजमा हिंसा अन्त्यका लागि आफ्नो हक अधिकार र कर्तव्य प्रति पूर्ण जिम्मेवार भई सभ्य र अनुशासित समाज निर्माण गर्न सकेमा कोसेढुङ्गा साबित हुने कुरामा द्विविधा रहँदैन । ♦♦

कविता

# गलत बाटो

✍ घनबहादुर थापा



बाटा हजारौं थिए
ती मध्ये,
सहज बाटो छान्न सकिन्थ्यो
घुम्ती बाटोले धेरै अनुभव दिन्छ भनिन्थ्यो
हजार माइलको लामो बाटो
एक पाइलाबाटै सुरू हुन्छ भनिन्थ्यो
त्यसैले,
मैले पनि एउटै पाइलाबाट सुरू गरेको हुँ
भविष्यलाई भर्भराउँदो बनाउने यात्रा ।

हुन त सपना बग्रेल्ती थिए
फैलिएर नागबेली बाटोहरूमा
हस्याङ् फस्याङ् गर्दै कुदिरहेका थिए
एक्कासि जाममा फस्दै
असरल्ल बिस्कुन बनेका थिए
तथापि,
त्याग, शौर्य, बलिदान, अपेक्षा, आवश्यकता
समर्पण आदि आदि,
अनन्त आकाश जसरी फैलिएका थिए
लक्ष्यप्रति दृढ, प्रतिबद्ध र समर्पित भएर ।

भन्छन्,
खुकुरीको चोट अचानोलाई
मात्र थाहा हुन्छ
खराब निष्कर्षको कालकुट विष रोपेर
दिवा स्वप्नाबाहेक कहाँ अमृत
फल्ने रहेछ र ?
लक्ष्यको हलो जुवा सिस्नोको
झाङ्मा फालेर
अवैध बाटो हिंड्नुको लज्जाबोध
शायद जुत्ताको प्रहार र
तिरस्कारको उपहार
भन्दा ठूलो अर्को के उपहार होला र ?
सपना साकार पार्ने महलको
जग खन्न छोडेर
बर्बादीको चिहान खोतल्न थालेपछि
बाटाहरू फेरिने रहेछन्
कोरेको गोरेटो मेटिएर
बन्ने रहेछ यात्रा गन्तव्यहीन
असफल नायकझैं सपना
अधुरा बन्ने रहेछन्
र, बाटोको किनारामा लमतन्न
सुत्ने रहेछ
गन्तव्यको तगारो बनेर
र, बाँकी रहने रहेछ
केवल पश्चाताप औ प्रायश्चित !

# अध्यात्म चिन्तन र मानव शरीर



✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

**शास्त्र के हो** ?

नेपाल देवभूमि हो, नेपालीहरू अध्यात्म प्रेमी छन् । हामीले अध्यात्म सागरमा पौडी खेल्दै जीवनलाई आफैं उद्धार गर्न सक्नु पर्दछ । यहाँ केही जीवननोपयोगी सूत्रहरूको चर्चा गरिन्छ । वेदप्रणिहितो धर्मोह्यधर्मस्तद्विर्पययः । वेदो नारयणः साक्षात्स्वंभूरिति शुश्रुम ।। भागवत ६।४।४०, यसको अर्थः वेदले जे जुन कर्म र त्यसको विधान बताएको छ, त्यो नै धर्म हो, जे निषेध छ, त्यो अधर्म हो । वेद स्वयं भगवान हो, जीवको स्वाभाविक श्वासप्रश्वास स्वयं ईश्वरको प्रकाश र ज्ञान हो । वेद अपौरूषेय छ, कुनै महापुरूष वा कसैबाट आएको नभई स्वयं ईश्वर सृजित हो । अन्य धर्महरू कोही कतैबाट आएको पाइन्छ ।

ज्योतिषामपि तज्योतिस्तमसः परमुच्यते । ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ।। गीता १३। १७, यसको अर्थः त्यो परब्रह्म ज्योतिको ज्योति मायाबाट अफ पर छ, त्यो परमात्मा बोधस्वरूप, जान्न योग्य र तत्त्व ज्ञानबाट प्राप्त गर्न योग्य र सबैको हृदयमा विशेषरूपले स्थित छ । दिवा तपति आदिच्चो रति आभाति चन्द्रिमा । सन्नद्धो खत्तियो तपति भायी तपति ब्राह्मणे । अथ सब्बमहोरति बुद्धो तपति तेजसा ।। धम्मपद ३८७, यसको अर्थः सूर्य दिनमा प्रकाशित, रातामा चन्द्रमा, कवच्ले क्षत्रीय प्रकाशवान् हुन्छ भने ध्यानका कारण ब्राह्मण प्रकाशित हुन्छ । बुद्ध आफ्नो तेजले आफैं प्रकाशित छन् ।

धर्म के हो ? सत्यमेवेश्वरो लोके सत्यं धर्मसदाश्रितः । सत्यमूलानि सर्वाणि सत्यान्नास्तिपरं पदम् ।। वाल्मीकि रामायण, यसको अर्थः सत्यले नै संसार अडेको छ, सत्यमै धर्म आश्रित छ र, सत्य नै सबको मूल जरो हो, धर्म हो, सत्यभन्दा अर्को ठूलो पद नै छैन । श्रद्धया धार्यते धर्मो बहुभिनीर्थराशिभिः । निष्किन्चना हि मुनयः श्रद्धावन्तो दिवं गताः । गरूड पुराण । अर्थः धर्मको धारण

श्रद्धाबाट हुन्छ, धेरै धनबाट होइन, अत्यन्त निर्धनहरूले पनि श्रद्धाले स्वर्ग र मोक्ष प्राप्त गरेका छन् । धारणाद् धर्ममित्याहुधर्मेण विधृताः प्रजाः । यः स्याद धारणसंयुक्तः स धर्म इति निश्चयाः, महाभारत १०९।११ शान्ति पर्व । यसको अर्थः धारण गर्नुको नाम धर्म हो, यसले अधोगतिबाट बचाउँछ र जीवनको रक्षा गर्छ । धर्मले नै सबै प्रजा अर्थात प्राणीको रक्षा हुन्छ, धारण गरिराखेको हुन्छ, धारण अनि पोषण पनि हुन्छ त्यही नै धर्म हो ।

सत्येन धार्यते पृथ्वी सत्येन तपते रविः । सत्येन वाति वायुश्च सर्वं सत्ये प्रतिष्ठितम् । चाणक्य नीति ५ । १९, यसको अर्थः सत्यले पृथ्वी अडेको छ, सत्यले नै सूर्य उदाउने, अस्ताउने, प्रकाश गराउने हुन्, सत्यले वायु बहने, संसारमा भएका सबै सत्यले नै अडेका छन्, अतः सबैको आधार सत्य नै हो । सत्यं व्रूयात् प्रियं व्रूयात् न व्रूयात् सत्यमप्रियम् । प्रियं च नाअनृतं व्रूयादेष धर्म सनातनः ।। मनुस्मृति ४। १३८, यसको अर्थः सत्य बोल्नु, सुन्नेलाई प्रिय लाग्ने बोली नै बोल्नु, सुन्नेलाई अप्रिय लाग्ने सत्य नै पनि नबोल्नु, सुन्नेलाई प्रिय लाग्छ भन्दैमा भूठ पनि नबोल्नु । सत्यं व्रह्म तपः सत्यं सत्यं विसृजते प्रजाः । सत्येन धार्यते लोकः स्वर्ग सत्येन गच्छति । महाभारत, शान्ति पर्व, यसको अर्थः सत्य नै व्रह्म हो, तप भन्नु पनि सत्य हो, सत्यबाटै प्रजा भनौं प्राणी रक्षा हुन्छ । सत्यले नै संसारलाई धारण गरेको छ, सत्यले नै स्वर्ग जाने हो । उपनिषद्ले व्रह्म सत्यं जगन्मिथ्या भनेको छ । भागवत सत्यं परं धीमहि भन्दै आरम्भ हुन्छ । अर्थात सत्य मात्रै ध्यान गर्न योग्य छ भनिएको हो, परम प्रभु त्यही हो जो अविनाशी र सत्य छ ।

भतृहरि भन्नुहुन्छ : भोगे रोगभयं, कुले च्यूतिभयं, वृत्ते नृपालाद्भयं । माने दैन्यभयं, बले रिपुभयं, रूपे जरायाः भयम् । शास्त्रे वादिभयं, गुणे खलभयं, कायेकृतान्ताद् भयं, सर्वं वस्तु भयान्वितं भुवि नृणां वैराग्यमेवाअभयम् । भतृहरिको वैराग्यशतक ३१, यसको अर्थः खानामा रोगको भय छ, कुलमा च्युत हुने डर छ, धनमा चोर र राज्यको भय छ, मानमा दीनताको डर छ, गरिबले धनीलाई सहन्नन्, बलवानमा शत्रुको भय छ, रूपमा जरा बुढ्याइँको त्रास छ, शास्त्रज्ञका आलोचक बढी हुन्छन्, गुणीलाई निन्दाको डर हुन्छ, शरीरलाई कालको भय छ, संसारमा भयरहित केही छैन र त वैराग्य मात्र भयरहित छ । मनुस्मृति भन्छः धर्म एव हतो हन्ति, धर्मो रक्षति रक्षितः, यसको अर्थ धर्मको जसले रक्षा गर्छ, धर्मले उसलाई रक्षा गर्छ । त्यसैले गुरू व्यासको भनाइ छः अष्टादश पुराणेषु व्यासस्य वचनं द्वयम् । परोपकार पुण्याय

पापाय परपीडनम् । १८ पुराणका रचयिता वेद व्यासले जम्मा दुई शब्द भनेः अरूको उपकार गर्नाले पुण्य हुन्छ र अरूको पीडाले पाप हुन्छ । मनुस्मृतिको भनाइ छः अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियग्रिहः । दानं दया दमः क्षान्तिः सर्वेषां धर्मसाधनम् । यसको अर्थः हिंसा नगर्नु, सत्य र आचरणमा बस्नु, चोरी नगर्नु, शुद्ध रहनु, इन्द्रियलाई अधिनमा राख्नु, यथाशक्य दान गर्नु, सबैप्रति दया गर्नु, मनलाई नियन्त्रणमा राख्नु, सदैव शान्त रहनु मानव मात्रको धर्मको लक्षण हो । संसारका सबै धर्म सम्प्रदायहरूको अध्ययन गर्दा यस्तै विचार पाइन्छ । बुद्धको पन्चशीलः हिंसारहित जीवन, चोरी नगर्ने, झूठ नबोल्ने, व्यभिचार नगर्ने र मद्यपान नगर्ने हो । बुद्धका प्रमुख ४ वादहरू महायान, जसलाई पुरातनवाद भनियो, हीनयान जसलाई संशोधनवाद भनियो, बज्रयान जसलाई अस्तित्ववाद भनियो र थेरवाद जसलाई अनिश्वरवाद भनिएको छ । बुद्धका ४ आर्य सत्यमा दुःख सत्य, समुदय सत्य, निरोध सत्य र मार्ग सत्य हुन् । जैन धर्मका पनि ४ वाद छन् । दिगम्वरवाद जो निर्वस्त्र हुन्छन्, श्वेताम्वरवाद जसले सेतो वस्त्र धारण गर्छन्, श्वेताम्वर जो मूर्तिपूजक छन् र अर्का श्वेताम्वर जो तेरापन्थी हुन् ।

इश्वरका बारे क-कसले के भने त ? यं शैवा समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो । बौद्धाः बुद्धः इति प्रमाणपटकः कर्तेति नैयायिकाः ।। अर्हन्नित्यथ जैन शासनरता कर्मेति मीमाँशकाः । सोअयंमे विदधातुवान्छितफलम् त्रैलोक्यनाथो हरिः ।। यसको अर्थः शैवमार्गीहरूले ईश्वरलाई शिव भने, वेदान्तीहरूले ब्रह्म भने, बौद्धमार्गीहरूले बुद्ध भने, नैयायिकहरूले कर्ता भने, जैनमार्गीहरूले अर्हन्त भने, मीमांशकहरूले कर्म भने, जसले जे भने ठिकै भने, तिनै लोकका मालिक त्रैलोक्यनाथका श्रीहरि, परमेश्वरबाट मानव मात्रले वान्छित फल पाऊन् हामी यही भन्छौं । शिखमार्गीहरूले गुरू नानकको उपासना गर्छन् । उनका प्रार्थनामा ५ नाम छन्: सत्य, यथार्थता, ईश्वरको नाममा दया, सद्विचार, ईश्वर स्तुति र उनैको गुणगान ।

यजुर्वेदले संसारभरि शान्ति भनेको छ, सामवेदले शरीरका सबै अंगले कल्याण सोचुन्, देखुन्, पूर्णायु होस् भन्दै संसारैभरि हितकर होस् भनेको छ । द्यौ शान्ति, स्वस्तिन इन्द्रो भन्ने वाक्यांशहरू तमाम व्यक्तिहरूले उच्चारण र व्यवहारिक प्रयोग गर्ने भन्ने चाहेको छ, ऋग्वेद मन्त्रहरूको खानी नै हो र अथर्व वेदले अर्थ संसारको, विकासको, विज्ञानको उपयोग र सदुपयोग खोजेको छ, स्थापत्यवेद वास्तुशास्त्र यसैमा पर्छ, मानव विकास र कल्याण अनि प्रगति । गीताले भनेको छ मन एव मनुष्याणां

कारणं बन्ध मोक्षयोः, उपनिषद्ले पनि यही भनेको छ अर्थात बन्धनमा पर्ने वा मुक्ति पाउने आफ्नै मनले हो मान्छेको । देवी भागवतको श्लोकः न देहो न च जीवात्मार्नेन्द्रियाणि परं तपः । मन एवं मनुष्याणां कारणं बन्ध मोक्षयौः । यसको अर्थः बन्धनको कारण न देह हो, न जीव वा इन्द्रियहरू नै, बरू मानिसको मन नै यसको कारण हो शुकदेव स्वामी लगायत राजर्षि जनकहरूको निचोड हो यो । देह भएर पनि जनक विदेह हुन् उनी भन्छन्: देहोअयं मम बन्धोअयं न ममेति च मुम्तता । तथा धनं गृहं राज्यं न ममेति च निश्चयः ।। यसको अर्थः यो देह मेरो हो, म बद्ध छु, यस्तो विचारले मुक्त हुन सकिन्न, धन र राज्य पनि मेरो होइन, मलाई दृढ निश्चय छ देह नै मेरो होइन, मैले आर्जन गरेको राज्य मेरो कसरी हुन्छ र । त्यसैले म विदेह हुँ, शुकदेवलाई अर्थ्याउँदै जनक भन्नुहुन्छ । त्यसैले जनकलाई शुकदेवले गुरू मानेका हुन् ।

महाभारत ३९ । ७२ अक्रोधेन जयेत् क्रोधमसाधुं साधुना जयेत् । जयेत् कदर्यं दानेन जयेत् सत्येन चानृतम् ।। यसको अर्थः अक्रोधले क्रोधलाई जित्नु, असाधुहरूलाई साधुको व्यवहारले जित्नु, कृपणलाई दानले जित्नु र झूठलाई सत्यले जित्नु यसको अर्थ हो । बुद्धको धम्मपद २२३ ले भनेको छः अक्कोधेन जिने कोधं असाधुं साधुना जिने । जिने कदारियं दनेन सच्चेन अलिकवादिनं । यसको अर्थः क्रोधीलाई अक्रोधले जित्नु, असाधुलाई साधु भएर, नराम्रो गर्नेलाई राम्रो गरेर, कृपणीलाई दिएर र असत्यवादीलाई सत्यबाट जीवन सञ्चालन गर्नु वेश हुन्छ ।

महाभारतले भनेको छ कर्म नगर्ने र उदासीन गृहस्थ र माया, ममता, संग्रहमा रहने सन्यासी कसैले भलो गर्न सक्दैनन् । शिव पुराणले भनेको छ मम अर्थात मेरो भन्नु दुःख निम्त्याउनु हो, न मम अर्थात मेरो होइन भन्नु परं सुख हो । भागवतले भनेको छ आशा हि परमं दुःख निराशा परमं सुख । योग के हो भन्ने अर्थमा गीताले योगश्चित्तवृत्ति निरोधः भनेको छ । यसको अर्थ हो चित्तका अनेकन वृत्तिहरूको निरोधको नाम योग हो । योगले जोड्ने काम गर्छ, जीवको शिवसँग, आत्माको परमात्मासँग । कर्मयोग, ज्ञान योग र भक्तियोगको चर्चा छ गीतामा । कर्मले मल दोष निवारण गर्छ, भक्ति भनौं उपासनाले विक्षेप दोष निवारण गर्छ, ज्ञानले आवरण दोष हटाई स्वप्रकाश गराउँछ । ज्ञान वा वेदान्त भन्नु अद्वैत हो, दुई नभई एक भन्नु अद्वैत हो । कर्मयोगीहरूको मतमा यज्ञ, तप, दान, व्रत, यम, नियम आदि पुरूषार्थ हो । आत्मज्ञान प्राप्त गरिसकेका योगीहरूले भने जलले पूर्ण र मृत पाषाणका मूर्तिहरूमा पनि स्नान वा पूजा गर्न त्यति रूचि देखाउँदैनन् । उनीहरूले ज्ञान प्राप्त

गरिसकेकाले कर्म गर्न कुनै बाँकी नै हुन्न । कर्मकै बारे गीताको निचोड छः क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति । गीता ९।२१ अर्थ हुन्छ, अर्थात मानिसले गरेको पुण्य सञ्चिति सकिएपछि मर्त्यलोकमै फर्कनु पर्छ, मर्ने चोलाहरूको आश्रयस्थललाई मर्त्यलोक भनौं पृथ्वी भनिन्छ । पृथ्वीको गुण मोह र लोभ हो । मधु र कैटभलाई विस्थापित गर्दै पृथ्वी उदय गराइएको भनेका छन् शास्त्रहरूले । भगवानको नाभिबाट ब्रह्मा उदय गराई विश्वको सिर्जना गरिएको र सर्जक ब्रह्मा, पालक उनै विष्णु अनि सम्हारको जिम्मा रूद्रलाई दिइएको छ, यी पृथक होइनन् कार्यभेदले अलग देखिएका, स्वरूप फरक देखिएको हो । यसैलाई जि ओ डिगड् भनेका छन् पश्चिमाहरूले । सबै शास्त्रहरूको निचोड अद्वैत हो, एकं ब्रह्म द्वितियो नास्ति, द्वैतं नो सहते श्रुति भनिएको छ, वेदान्तले शिवोअहं भनेको छ ।

**ओशोले योगलाई विशुद्ध विज्ञान हो भनेका छन् ।**

विवेक चुडामणीको शब्दमा न योगेन न साँख्येन कर्मणा नो न विद्यया । ब्रह्मात्मैकत्वबोधेन मोक्षः सिध्यति नान्यथा । यसको अर्थ हुन्छ : न योगले, न सांख्य योगले न यज्ञकर्मादिले, न विद्याबाट दोषको निवृत्ति भई परमानन्द प्राप्ति नै हुन्छ, ब्रह्मको एकत्वबोधबाट मात्रै मोहको क्षय हुन्छ, मोक्ष हुन्छ, शब्दार्थले पनि स्पष्ट हुन्छ मोहको क्षयीकरण नै मोह हो । वेदान्त भन्नु आद्य गुरू शंकराचार्यको शांकर भाष्य आदि उनका कृतिहरू हुन् । वेदान्त दर्शनका तिन प्रस्थान विन्दुहरू छन्, जसलाई प्रस्थानत्रयी भनिन्छ । यी भनेका उपनिषद्, ब्रह्मसूत्र र गीता हुन् । उपनिषद् श्रवणात्मक छ, ब्रह्मसूत्र मननात्मक छ र गीता भने निदिध्यासनात्मक छ, यिनको विवेचना जति गरे पनि कम हुन्छ, विन्दु, अक्षर अक्षर केलाई पृथक विवेचना गर्न सकिन्छ । रामायण वाल्मीकिले भवानीशंकरौ वन्दे श्रद्धाविश्साससरूपिणौ । याभ्यां बिना न पश्यन्ति सिद्धाः स्वान्तः स्थमीश्वरम् भनेको छ । यसको अर्थ हुन्छ भगवान र शंकर भन्नु दुई श्रद्धा र विश्वास हुन् । यिनको नमन पछि मात्रै आत्मेश्वर ईश्वर चिनिन सक्छ, सिद्ध महात्माहरूले पनि ईश्वर देख्न सक्दैनन्, ईश्वर अनुभूतिको विषय हो प्रत्यक्ष देखिने होइन । प्रत्यक्षमा ईश्वर साकार ब्रह्माण्ड हो, अप्रत्यक्षमा ईश्वर निराकार सबैको चित् शक्ति हो, जसको अभावमा सबैको अन्त्य भइहाल्छ । वाइवलले पनि जो मानिस आत्मिक छैन, उसले आत्मिक कुरा जान्दैन, परमेश्वरको आत्माका कुरा उसले बुझ्दैन र जान्दैन, साधारण व्यक्तिले बुझ्न सक्दैन आत्मिक ईश्वर प्राप्त त कसरी होला र । आत्मा जान्ने

अल्लाह हुन भनिएको छ, आत्माले मात्रै आत्मा देख्न सक्ने भनेको छ । गीताले आत्मा अमर छ भनेको छ, उसको जन्म, मृत्यु, सुख, दुःख भन्ने हुन्न, यो शास्वत छ र कहिल्यै क्षीण हुन्न भनेको छ । घट्ने, बढ्ने पनि हुन्न, विकार रहित छ, सत्, चित् आनन्दरूपको अंश हो, यसले सबै जड पदार्थहरूको सत्तालाई स्वचालित गराउँछ, आफू साक्षीरूप हुन्छ, केही गर वा नगर भन्ने आदेश दिँदैन केवल साक्षी बस्छ, स्वयं प्रकाशवान छ यो भेदरहित छ, आकारप्रकारले देख्न तौल्न सकिन्न, एक रौंको हजारौं गुणा कम भएकाले सूक्ष्मदर्शक यन्त्रले पनि यो देखिन्न, विज्ञान यसको खोजीमा त छ तर अधुरो खोजीमा । ♦

कविता

# देश धान्ने खोइ धुरी खाँबो ?



✍ **राजबाबु श्रेष्ठ (सागर)**

ईटाटारको भैंसे बुढाका,
पन्ध्र सय वर्षको बुढो सिमल
त्यतिकै कहाँ ढलेका हुन र ?
कसौंडीमा ढुङ्गा राखेर उमाल्दा आमाले
त्यतिकै ढुङ्गा कहाँ गलेका हुन् र ?
अश्लील ताराहरू देखेर खबरदारनी बज्यैले
त्यतिकै कहाँ आँखा छलेकी हुन् र ?

हो ! यहाँ परीहरू सबै उदास छिन् ।
राजकुमारहरू गधीमा पागल भएपछि ।
हो ! आमा उदास छिन् ।
पिताहरूले बारी जोत्ने हलो सबै भाचेपछि ।
हो ! बारी जोत्ने हलो नै भाचिएपछि
जोतिएनन् त्यस दिनदेखि मेरो देश ।

"ऊ" हेर ! माइला, आकाशमा,
घामको छाया जून उदास बसेकी छिन्"
आमाले चोर औंलाले जूनलाई
देखाउँदै भन्नुभयो ।
मैले बुझिनँ, अहँ बुझ्दै बुझिनँ ।
मैल घामको छाया जूनलाई हेरें ।
त्यो जून र पूर्णीमा उस्तै उस्तै पो लाग्यो ।
जताततै दागैदाग ।

मैले बुझेको यत्ति हो,
उज्यालो हुनु त आफ्नै छाया हराउनु पो रहेछ ।
जस्तो कि, घाम ।
घामको छाया कसले देखेको छ र, साथी ?
आमा आफैं सोचिरेहेकी छिन् पिँढीमा बसेर ।
र पर्खिरहेकी छिन्,
जीवनको त्यो एक मुठी उज्यालो,
र पिउँदैछिन् अँध्यारो आशाको बटुकोमा ।

यत्तिखेर आमाले,
सहिद गेटको पूर्वीद्वारमा ठिङ्ग उभिएर
निराश हुँदै सोधिरहेकी छिन्, चारै सहिदहरूलाई
"देश धान्ने खोइ धुरी खाँबो ?"

# हिमाल आरोहणमा नेपाल प्रहरी सन्दर्भ सगरमाथा आरोहण



✍ **प्र.नि.जनार्दन घिमिरे**

मुलुकको शान्ति सुरक्षा र अमनचैन कायम राख्नुको साथै अपराधको रोकथाम र अनुसन्धानमा अग्रणी भूमिका निर्वाह गर्दै आएको नेपाल प्रहरीले त्यसका अलावा विभिन्न क्षेत्रमा आफ्नो सहभागिता जनाउदै आएको छ । पछिल्लो उदाहरणको रूपमा नेपाल प्रहरीको तर्फबाट भएको सर्वोच्च शिखर सगरमाथा आरोहणलाई लिन सकिन्छ ।

इन्टरपोलको स्थापनाको शताब्दी वर्षलाई मनाउने क्रममा यसको १००औं सदस्य राष्ट्रको रूपमा रहेको नेपाल प्रहरीको तर्फबाट प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपालीले विश्वको सर्वोच्च शिखर सगरमाथामा इन्टरपोल र नेपाल प्रहरीको झन्डा फहऱ्याउन सफल भएका छन् । विक्रम सम्वत् २०८० साल जेष्ठ २ गते मंगलबार बिहान सहयोगी आरोही विवश शेर्पा सहित सगरमाथाको चुचुरोमा पाइला टेक्न सफल आरोही नेपालीले नेपाल प्रहरीले अपराधको रोकथाम र प्रभावकारी अनुसन्धानका साथै शान्ति सुरक्षा र अमनचैन कायम गर्ने कार्यमा जुनसुकै चुनौती सामना गर्न तयार रहेको सन्देश प्रवाह गरेका छन् ।

सगरमाथा आरोहणको इतिहासलाई हेर्ने हो भने सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीले पहिलो पल्ट सगरमाथाको सफल आरोहण गरेका थिए । त्यस यता निरन्तर रूपमा स्वदेशी तथा विदेशी आरोहिले सगरमाथामा सफल आरोहण गरिसकेका छन् । त्यसको ठिक ७० वर्ष पछि नेपाल प्रहरीको तर्फबाट सगरमाथाको सफल आरोहण भएको हो । अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोल र नेपाल प्रहरीको झन्डा सगरमाथामा फहऱ्याउनुबाट १ सय ९५ राष्ट्र सहभागी रहेको इन्टरपोलको सदस्य राष्ट्र बिच अपराध विरूद्धको ऐक्यबद्धता कायम हुनुको साथै विश्व भरका आरोही

पर्यटक बिच सुरक्षाको थप प्रत्याभूति हुने विश्वास नेपाल प्रहरीले लिएको छ ।

हिमाल आरोहणको सन्दर्भमा नेपाल प्रहरीको प्रयास हेर्ने हो भने विक्रम सम्वत् २०३० लाई सम्झनु पर्ने हुन्छ । विक्रम सम्वत् २०३० को दशकमा नेपाल प्रहरीमा पर्वत आरोहणलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल प्रहरी पर्वतारोहण तथा साहसिक प्रतिष्ठान स्थापना गरियो । पर्वतारोहण सम्बन्धी प्रशिक्षणको साथै आरोहणको क्रममा वेपत्ता नागरिकको खोजी तथा उद्धार कार्यको लागि दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले स्थापित यस प्रतिष्ठान स्थापना गरेर नेपाल प्रहरीले आरोहण क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको इतिहासले देखाउछ । प्रतिष्ठानको स्थापना देखिनै आरोहणको क्षेत्रमा नेपाल प्रहरीका सदस्यका कुनै न कुनै भूमिका रहँदै आएको पनि छ । स्वदेश तथा विदेशका विभिन्न हिमाल आरोहणका साथै विभिन्न समयमा भएको सगरमाथा सरसफाइ अभियानमा समेत नेपाल प्रहरीको सहभागिता विगतमा रहेको थियो ।

विक्रम सम्वत् २०३३ सालमा नेपाल प्रहरीको तर्फबाट ६ हजार ९ सय २० मिटर अग्लो टुकुचे हिमाल आरोहण गरी पहिलो पल्ट हिमाल आरोहणमा सफलता हासिल गरेको थियो । २७ सदस्यीय नेपाल प्रहरीको टोलीले आरम्भ गरेको उक्त आरोहण २०३३ साल असोज १६ गते नवमीको दिन आरोही मध्ये ९ जनाले सफलता पूर्वक आरोहण गरेको थिए । यसै गरी विक्रम सम्वत् २०४१ सालमा नेपाल प्रहरीको महिला टोलीले ६ हजार १ सय १९ मिटर अग्लो लोबुचे हिमाल सफलतापूर्वक आरोहण गरेको थियो । ३१ जना महिला प्रहरी आरोही रहेको उक्त हिमालको आरोहण दलले विक्रम सम्वत् २०४१ साल भदौ २६ गते उक्त हिमालको सफलतापूर्वक आरोहण गरेको थियो । त्यस यता सन् १९८४ नेपाल प्रहरीले सगरमाथा सफाइ अभियानमा सहभागिता जनाए यता विभिन्न समयमा विभिन्न हिमालको सफल आरोहण गरिसकेको छ । पछिल्लो पटक पनि सगरमाथा आरोहण पूर्व नेपाल प्रहरीका प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपाली सहितको आरोहण दलले सफल आरोहण गरेको थियो ।

हिमाल आरोहण भन्ने बितिक्कै सुन्दा जती रोमाञ्चक बनाउछ वास्तविकतामा त्यतिनै कठिन र चुनौतीपूर्ण पनि छ । हाइ अल्टिच्युडमा गरिने आरोहणमा न्यून तापक्रम, कठिन मार्ग, अक्सिजनका कमी हिम पहिरोजस्ता कारण ज्याननै जाने जोखिम रहन्छ । र त्यस कारण हिमाल

आरोहणमा सफलता प्राप्त गर्नेको साथसाथै मृत्युवरण गर्नेको संख्या पनि त्यतिनै छ । यसै वर्ष पनि हिमाल आरोहणको क्रममा ४ जनाको ज्यान गएको तथ्याङ्क छ । यस वर्षको यस सिजनमा मात्र १६ वटा हिमालको आरोहणको लागि ७ सय ४२ जनाले आरोहणको अनुमति लिएकोमा ४ सय ८ जनाले सगरमाथा आरोहणको अनुमति लिएका थिए ।

समग्रमा भन्नुपर्दा हिमाल आरोहण आफैंमा कठिन र चुनौतीपूर्ण छ । त्यसमा पनि विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पाईला टेक्ने सपना हजारौंले देख्छन् । सयौंले प्रयास गर्छन् र केहीले मात्र सफलता हासिल गर्छन् । त्यसमा पनि सगरमाथाको शिखरमा प्रथम पाइला टेकेको ७० वर्ष पछि अनि नेपाल प्रहरीले हिमाल आरोहण थालेको ४७ वर्ष पछि नेपाल प्रहरीको प्रतिनिनिधित्व गर्दै इन्टरपोल र नेपाल प्रहरीको झन्डा सगरमाथाको शिरमा फहऱ्याउने किर्तिमानी आरोही प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपालीको साहसपूर्ण कार्यको प्रहरी संगठनले उच्च कदर गर्नै पर्छ । ♦♦

**गजल**

# मेरो देश



✍ **रेणु अधिकारी 'मौनता'**

जहाँ आफ्नो देशको माया मुटु भित्र बसेको हुन्छ ।
डाँफे मुनालको मिठो स्वरमा मन फसेको हुन्छ ।

त्यही आफ्नो जन्मभूमि स्वर्ग भन्दा पनि प्यारो ,
जहाँ नेपालीको पवित्र मायाले कसेको हुन्छ ।

यही माटोमा खोज्दैछौ हामी सन्तानको भविष्य,
जहाँ हात पाउ खियाउँदै पसिना खसेको हुन्छ ।

यहाँ बटुवा सुस्ताउने शितल चौतारी छन् ।
जहाँ हिमालले सूर्यको लालीमा घसेको हुन्छ ।

यही सुन्दर शान्त प्यारो मेरो देश नेपाल ।
जहाँ कृष्ण, राम, बुद्धको सन्देश पसेको हुन्छ ।

# प्रेम र सेवा



✍ राजेशमान के.सी.

आध्यात्मिक गुरू सत्य साई बाबाले आफ्नो दिव्य सन्देशमा भन्नु भएको छ, Love all, Serve all अर्थात सबैलाई प्रेम गर र सबैप्रति सेवाभाव राख । उहाँको यस दिव्य सन्देशबाट हामी के स्पष्ट बुझ्न सक्छौं भने प्रेम र सेवा दुवैलाई हामीले एक अर्काको परिपूरकको रूपमा लिनु पर्दछ । अथवा भनौं प्रेम र सेवालाई सत्य साई बाबाले आध्यात्मिक जीवनरूपी रथको दुईवटा पाङ्ग्राको रूपमा लिनु भएको छ । जुन रथ आध्यात्मिक मार्ग हुँदै परमात्माको द्वारसम्म पुग्न, परमात्माको स्थानसम्म पुग्न प्रेम र सेवारूपी दुवै पाङ्ग्रा सन्तुलिन रूपमा गुड्नु आवश्यक छ । त्यसैले उहाँ भन्नु हुन्छ प्रेम आफै सेवाको रूपमा अभिव्यक्त हुनु पर्दछ । अर्थात सेवा प्रदान गर्दा हामीले अन्तरहृदयदेखि नै प्रेममयी भएर निःस्वार्थ भावले कार्य गर्नु पर्दछ ।

मनुष्य जीवन छोटो छ र अनिश्चित छ । तर अनिश्चित भएकै कारण मानव जीवन अत्यन्त मूल्यवान पनि छ । त्यसैले यस्तो मूल्यवान जीवनलाई हामीले त्यत्तिकै खेर जान दिनु हुँदैन । समयको कत्ति पनि खेर नजाने गरी हामीले आफ्नो जीवनलाई सार्थक तुल्याउने प्रयत्न गर्नु पर्दछ । हामी आफ्नो जीवनलाई सार्थकता तब मात्र प्रदान गर्न सक्तछौं जब हामी निःस्वार्थ भावले सेवामा लाग्दछौं र, निःस्वार्थ भावले सेवामा लाग्नु भनेको हामीले कुनै प्रकारको फलको आशा नराखी गर्ने सेवा नै हो । जस्तो कि सत्य साई बाबाले आफ्नो दिव्य सन्देशमा भन्नु भएको छ (सेवा प्रदान गर्दा तिमीले कुनै पुरस्कारको आशा राख्नु हुँदैन, सेवा प्राप्त गर्नेबाट तिमीले धन्यवाद, कृतज्ञताको पनि आकांक्षा राख्नु हुँदैन र सबैभन्दा महत्त्वपूर्ण कुरा सेवा देखावाको लागि गरिनु हुँदैन, सेवा प्रदर्शनको लागि गरिनु हुँदैन । सँगसँगै उहाँले के पनि भन्नु भएको छ भने तिमीले सेवा प्रदान गर्दा कुनै जात, जाति, धर्म, वर्ण, लिङ्ग अथवा राष्ट्रियताको समेत

भेदभाव नगरी निःस्वार्थ भावले सेवा प्रदान गर्नु पर्दछ ।

सत्य साई बाबा अगाडि भन्नु हुन्छ-तिमीले हेक्का राख्नु पर्ने कुरा कति मात्र हो भने सेवा त्यस्तो व्यक्ति वा समुदायलाई गरिनु पर्दछ जसलाई यसको आवश्यकता परेको हुन्छ । वास्तवमा भोकाएकोलाई खानेकुरा दिनु, तिर्खाएकोलाई पिउने पानी दिनु, जाडोले कठ्याङ्ग्रिएकोलाई न्यानो कपडा दिनु र रोगीलाई औषधीमुलोको व्यवस्था गरिदिनु यो नै सबैभन्दा ठूलो सेवा हो । पेट भरेकोलाई होटलमा लगेर टन्न खुवाउनु अथवा सुटेडबुटेडलाई लुगा दिनु त्यो सेवा होइन । त्यसैले जबजब सेवाको आवश्यकता हुन्छ, जबजब सेवाको आव्हान हुन्छ तिमी सेवा भावले अभिप्रेरित भई बिना कन्जुस्याईं निःस्वार्थ सेवाको लागि तत्पर रहनु पर्दछ र, मुख्य कुरा सेवा प्रदान गर्दा मैले यति गरें वा उति गरें भन्ने किसिमको अहङ्कारभाव राख्नु हुँदैन । तिम्रो कर्तव्य भनेको सबैमा समभाव राखी निःस्वार्थ सेवा गर्नु हो बाँकी सबै परिणाम परमात्मामा छोडिदेउ । यो नै सेवाको उत्तम रूप हो र तिमीले गर्ने कुनै पनि आध्यात्मिक मार्गको पहिलो खुड्किलो पनि निःस्वार्थ सेवा नै हो भनेर उहाँले आफ्नो दिव्य सन्देशमा भन्नु भएको छ ।

प्रेमको सन्दर्भमा सत्य साई बाबा भन्नु हुन्छ प्रेम पनि सेवाजस्तै निःस्वार्थ हुनु पर्दछ । किनकी निःस्वार्थ प्रेममा नै दैवत्व लुकेको हुन्छ । अरूलाई दिनु र क्षमा गर्नुबाट प्रेम जीवन्त हुन्छ भने अरूबाट लिनु र बिर्सनुबाट स्वार्थ जीवन्त रहन्छ । त्यसैले सबै जीवात्मालाई प्रेम गर, प्रेमपूर्वक रहुँ, प्रेमपूर्वक बोल र प्रेमपूर्वक नै अघि बढ । यो नै सही र सत्मार्गमा लाग्ने सबैभन्दा उत्तम उपाय हो । उहाँ भन्नु हुन्छ -प्रेमले पनि सेवाले जस्तै जात, जाति, धर्म, वर्ण, लिङ्ग र समुदायमा कुनै प्रकारको भेदभाव राख्दैन र राख्नु हुँदैन । प्रेमले सबैलाई एउटै दैवी परिवारको रूपमा देख्दछ । त्यसैले प्रेमलाई सीमित घेराभित्र पनि राख्नु हुँदैन । यसलाई जतिसक्दो फैलिन दिनुपर्दछ र व्यापक बनाउनु पर्दछ । जसरी मानव शरीरमा रगत शिरबाट प्रवाह हुँदै पाउसम्म पुग्छ त्यसै गरी प्रेमको प्रवाह पनि आफू, आफ्नो घर परिवार, समाज र राष्ट्र हुँदै विश्वसम्म फैलाउने प्रयत्न गर्नु पर्दछ ।

उहाँ भन्नु हुन्छ -जहाँ प्रेम हुन्छ, त्यहाँ शान्ति हुन्छ, जहाँ शान्ति हुन्छ, त्यहाँ ईश्वरको बास हुन्छ र जहाँ ईश्वरको बास हुन्छ त्यहाँ आनन्द हुन्छ । त्यसैले आफ्नो हृदय परमात्मा प्रेमले ओतप्रोत बनाउ र आनन्द प्राप्त गर । जसरी तिमीले चन्द्रमालाई प्रष्ट रूपमा हेर्न चन्द्रमाकै जुन वा प्रकाशको सहायता

चाहिन्छ त्यसै गरी ईश्वर जो स्वयम् प्रेमको प्रतिरूप हुनुहुन्छ उनलाई देख्न वा अनुभूति गर्न पनि प्रेम र समर्पणकै आवश्यकता पर्दछ । उहाँले आफ्नो दिव्य सन्देशमा भन्नु भएको छ ।

अन्त्यमा, सत्य साई बाबाले आफ्नो दिव्य सन्देशमा भन्नु भएको छ -मेरो जीवनको सम्पूर्ण लक्ष र सङ्कल्प मानव प्रेम र सेवामा समर्पित छ । वास्तवमा सत्य साई बाबा प्रेम र सेवाको अलौकिक प्रतिमूर्ति नै हुनुहुन्थ्यो । उहाँले आफ्नो सम्पूर्ण जीवन आध्यात्मिक साधनामा समर्पित गरी मानव हित र कल्याणका लागि जति पनि योगदान पुऱ्याउनु भयो, मानव हित र कल्याणका लागि जति पनि दिव्य सन्देशहरू दिनु भयो ती सबै मानव प्रेम र मानव सेवाबाट नै ओतप्रोत रहेको हामी पाउँछौं । सत्य साई बाबाको यिनै जीवनी र मार्गदर्शनलाई अवलम्बन गर्दै हामी निरन्तर सही र सद्मार्गमा लागिरहन सक्यौं भने अवश्य पनि हामी आफ्नो जीवन सफल र सार्थक तुल्याउन सक्नेछौं अनि अरूलाई पनि यस किसिमको जीवन जिउन अभिप्रेरित गर्न सक्ने छौं । ♦

**कविता**

## गर्जन



✍ **बिन्दु अधिकारी ढकाल**

ढोलढयाङ्ग्रो बजाउने
चित्कार त्यो
कसको गर्जना हो
बुझ्रुकपाको मख्खिन साटो
गर्जक गर्दन
कुन जात अनाज हो

तेल झिकेको छोक्रा
पिना खली
त्योभन्दा कैयौं गुना
भुक्तभोग देह
सधैं किन हेय

कला गला
तनसँग रिस
मनसँग रिस
तिललाई पहाड
मौलायो इख

थिति अवस्थिति
योग्य दिन
अयोग्य छिन
पिँध्नु पिस्नु पिन्नु
हो, सादृश्य चाल
डक्नु डस्नु
थिचोमिचो यो नठान्नु
जतिबेला पनि मसला नुन

अभिमान स्वाभिमान
त्रिकोणात्मक धुपी
होइन ज्यान !

# साहित्यकार पर्ल साइडेन्सीक्लिएर वक



✍ त्रिचन्द्र प्रतिक्षा

विश्वमा दजर्नभन्दा बढी नारी साहित्यकारहरूले नोवेल पुरस्कार पाइसकेका छन् । तीमध्ये सबैभन्दा बढी पुस्तकहरू लेख्ने, देशको वस्तुस्थितिहरूलाई यथार्थमा उतार्न सक्ने पूर्वीय संसारलाई पश्चिमी संसारसँग परिचित गराउने आफ्नो भावनालाई परिष्कृत रूपमा प्रचार गर्ने श्रेय विश्वको अमूल्य निधि अत्यन्त लोकप्रिय अमेरिकी साहित्यकार पर्ल साइडेन्सीक्लिएर वक अर्थात पर्ल एस. वकलाई छ । अमेरिकी साहित्यकारहरूमध्ये पल वकले सन् १९३८ को नोवेल साहित्य पुरस्कार विश्वको बहुचर्चित पुस्तक 'द गुड अर्थ' मा पाएकी थिइन् । हुन त यो भन्दा अगाडि पनि उक्त पुस्तकका लागि सन् १९३२ मा 'पुलिट्जर' साहित्य पुरस्कार र सन् १९३५ मा 'विलियम डिन पदक' पाइसकेकी थिइन् ।

पर्ल वकको जन्म जुन २६, १८९२ का दिन पश्चिम भर्जिनियाको हिन्सबोरो भन्ने शहरमा भएको थियो भने उनको अधिकांश बाल्य जीवन चीनमा बित्यो । उनका बाबु एवं सेलिम वक चीनमा गएका थिए र उनी ५ महिनाकी हुँदा चीनको विशाल भूमिमा भिज्ने मौका पाइन् भने प्रारम्भिक शिक्षा पनि चीनमै पाइन्, पहिलो प्रारम्भिक प्रशिक्षिका चीनी महिला नै थिइन्, जसले लोक कथाहरूको माध्यमबाट चीनको प्राचीन परम्पराहरू उनलाई अवगत गराइन् । उनको प्रारम्भिक शिक्षा १५ वर्षमा शुरू भयो । वकलाई शिक्षा ग्रहण गर्नाका लागि चिंगक्यांगबाट संघाई जानु पर्‍यो । उनी १७ वर्षकी हुँदा उच्च अध्ययनको लागि स्वदेश अमेरिका गइन् । जहाँ उनी भर्जिनियाको रेनडोल्फ म्याकन महिला विश्वविद्यालयमा प्रवेश गरिन् ।

सन् १९१४ मा उक्त विश्व विद्यालयबाट स्नातक भएपछि उनी पुनः चीन फर्किन् । २५ वर्षको उमेरमा सन् १९१७ मा उनको विवाह जोन भार्सिङ्ग सँग भयो । उनका पति पनि चीनमै काम गर्ने भएकाले उनी आफ्नो पतिसँग अर्को ५ वर्षसम्म उत्तरी चीनमा

बसिन् । पढाईको क्रममा वकले सन् १९२६ मा कार्नेल विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा मास्टर डिग्री हासिल गरिन् ।

सन् १९२१ देखि १९३१ सम्म वकले विभिन्न विश्वविद्यालयमा अङ्ग्रेजी साहित्यको प्राध्यापन पनि गरिन् । यसै सन्दर्भमा सन् १९३३ मा एल विश्वविद्यालयले उनलाई 'मास्टर अफ् आर्टस्' को उपाधिले विभूषित गरिन् । तर पछि उनका श्रीमान्सँग पारिवारिक जीवन मेल खाएन फलस्वरूप उनले पारपाचुके गरेर सन् १९३५ मा अमेरिकाकै जोन डे कम्पनीका प्रकाशन संस्थानका सभापति रिचर्ड ने वाल्ससँग दोस्रो विवाह गरिन् । सोही दोस्रो पतिबाट एक छोरा र एक छोरी समेत पाइन् ।

सन् १९३६ मा अमेरिकी कला र साहित्य संस्थानको सदस्य र सन् १९४१ देखि पूर्व-पश्चिम सङ्घको सभापति समेत भइन् । पर्ल वकले १६ वटा भन्दा बढी उपन्यास र बालकहरूका लागि २५ वटा पुस्तकहरू लेखेकी छिन् । चीनको विषयमा मात्र यिनका ८ वटा पुस्तकहरू छन् । उनका रचनाहरूमा देश विदेशका विभिन्न बासिन्दाहरूको सामाजिक, आर्थिक, कटुसत्यहरू उजागर भएको पाइन्छ । नोवेल साहित्य पुरस्कार हात पारेको विश्वको बहुचर्चित पुस्तक 'द गुड अर्थ' पनि चीनकै विषयमा लेखिएको उपन्यास हो । यो उपन्यास विश्वका थुप्रै भाषामा अनुवाद भइसकेको छ । यस उपन्यासमा चीनका कृषकहरूको विभत्स वर्णन पढ्न पाइन्छ र यसै उपन्यासबाट पूर्वीय भूमिको बारेमा पश्चिमका जनतालाई यथार्थ अवगत भएको मानिएको छ । यो उपन्यास अङ्ग्रेजी भाषामा मात्र कति प्रति बिक्री भयो, त्यसको सही तथ्याङ्क आजसम्म गर्न सकिएको छैन । भनिन्छ, यो उपन्यास, अमेरिकामा मात्र लगातार २१ महिनासम्म बिक्री भइरहेको थियो । पूर्वीय संसारको विषयमा आफ्नो रचना उनले पश्चिमी संसारलाई दिएकोले नै आज वक पूर्व र पश्चिमको दोभान मानिएकी छिन् ।

पर्ल वकको पहिलो रचना सन् १९२३ मा अमेरिकाको एट्लान्टिक पत्रिकामा प्रकाशित भएको थियो । 'द गुड अर्थ' का अतिरिक्त उनका प्रसिद्ध उपन्यासहरूमा, 'फस्ट वाइफ एण्ड अदर एस्टोरिज्', 'पेट्रियट', 'चाइना इन ब्लाक एण्ड व्हाइट', 'लेटर फ्रम पेइचिङ्', 'द मडर', 'पेर्टिट अफ्म्यारिज' र 'सन्स्' आदि छन् ।


श्रीमती वकले आफ्नो चीन प्रवासकालमा त्यहाँको प्राचीन परम्पराको गहिरो अध्ययन गरेकी थिइन,

यही कारणले उनको कथा साहित्यमा त्यहाँको जनजीवनको यथार्थ र सजीव चित्रण भएको पाइन्छ । उनले साहित्यको माध्यमबाट नै संसारको एक प्राचीन संस्कृतिको परिचय विश्वको अन्य संस्कृतिसँग परिचित गराइन् । श्रीमती वकले आफ्नो जीवनलाई नै साहित्य सेवामा समर्पित गरिन् । एकपल्ट कोलम्बिया विश्व विद्यालयमा बोल्दा वकले भनिन्, "साहित्य साधन नै मेरो एक मात्र अभिन्न अङ्ग हो, जसमा मैले ईश्वरलाई देख्ने गर्दछु ।"

यी महान साहित्यिक नारीको अधिकांश बाल्यजीवन चीनमा बिते पनि मृत्यु चाहिं पैतृक भूमि अमेरिकामा मार्च ६, १९७३ महिनामा ८० वर्षको उमेरमा भयो । वकको नश्वर शरीर यस संसारमा बिलाएर गए तापनि उनले छोडेर गएका असंख्य चर्चित पुस्तकहरू हाम्रा माझमा अहिलेसम्म छँदैछन् । जसको नाम साहित्याकाशमा सधैं अटल अमर भएर रहने छ र रहिरहने छ । ♦♦♦

**बालकविता**

## नेपाल आमाकी छोरी



✍ **श्यामकृष्ण डंगोल 'प्रतीक्षा'**

आँखाको नानी
सुन्दर संसार हेर्ने बानी ।
सबैको छु प्यारी
नेपाल आमाकी छोरी ।

साना-साना नानी
गौतम बुद्ध जस्तै ज्ञानी ।
बिहानै उठ्छौं हामी
हात-मुख धुने बानी ।

बिहानको चिया नास्ता खाई
सधैं पढ्ने गर्छौं हामी ।
स्कुल जान्छौं खाना खाई
किताब-कापी झोला बोकी हामी ।

नजानेको कुरा स्कुलमा
गुरू-आमासँग सोध्ने बानी ।
राम्रोसँग पढेर विश्वमा
शान्तिको सन्देश छर्ने हामी ।

लोककथा

# थुम्कोमा पूजा



✍ यशु श्रेष्ठ

आज भोटुले धेरै भ्याकुर ल्याएछ । ऊ असाध्यै खुसी थियो । गुफाको एक कुनामा बसेर भोटुले भ्याकुर गन्न लाग्यो ।

"मैले पनि आज धेरै गिठ्ठा भेट्टाएँ । आजको लागि खानेकुरा त प्रशस्तै हुने भयो ।" भोटुका बा पनि एक पोका गिठ्ठा बोकेर गुफामा आइपुगे ।

"आहा, कति धेरै खानेकुरा !" परिवारका सबै जना रमाए ।

"एकैदिनमा सबै खाएर सकिँदैन । आधा आज खाने, आधा भोलि खाने ।" भोटुले भन्यो ।

"हो, यसै गर्नुपर्छ ।" भोटुको कुरामा सबै जना सहमत भए । भोटुका बाले आगो सल्काए । सबै जना आगोको वरिपरि बसे । गिठ्ठा र भ्याकुर पोल्दै खान लागे ।

"टन्नै अघाइयो त !" पेट मुसार्दै बा गुफा बाहिर गए । "हामी पनि अघायौं । अब सुत्नु पर्छ ।" सबै जना सुत्ने तरखर गर्न लागे ।

"बाहिर त पूरै अँध्यारो भइसक्यो । अब चितुवा आउन बेर छैन । सुतौं सुतौं ।" बा पनि गुफाभित्र आए । बाले गुफाको मुखमा ढुङ्गा राखे । अनि, सबै जना लस्करै सुते ।

बिहान सबेरै भोटुका आँखा खुले । 'भ्याकुर पोलेर खानु पऱ्यो ।' ऊ भ्याकुर राखेको ठाउँमा गयो ।

'ला, खै त भ्याकुर ? गिठ्ठा पनि छैन ।' भोटु अचम्मले करायो । "हँ, के भन्छ यो ? त्यही खरानी वरिपरि हेर्न ।" बाले आँखा नखोलेरै भने ।

"छैन के बा ।' ऊ दौडदै अलि पर गयो, "यहाँ रहेछ एउटा चाहिँ । अलि पर अर्को रहेछ ।" उसले भ्याकुर टिप्यो । "हैन बा, यो भ्याकुरलाई केले चिथारेको ? चितुवाले हो त ?" भोटु बानेरै आयो । बा अलिअलि हाँस्दै, आँखा मिच्दै बोले, "हा हा भ्याकुरलाई पनि कतै चितुवाले चिथोर्छ त ? देउता रिसाए क्या देउता । देउताले लिएर गएका हुन् ।"

"केको देउता रिसाउनु नि । मुसा लागेको हो के मुसा ! अब यहाँ पनि मुसा आउन लागे ।" आमा पनि उठिन् । "अनि, मुसा देउता होइन त ? ठुलो देउताको वाहन हो मुसा ।" बाले भने, "अब देउतालाई नचढाई खान भएन ।"

बा गुफाबाट बाहिर निस्किए । उनी थुम्को माथि गए । भोटु पनि बाको पछिपछि गयो ।

बाले थुम्कोको एउटा रूख वरपर सफा गरे । रूखको फेदमा एउटा ढुङ्गा गाडे । "भोटु, जा त फूल लिएर आइज ।" भोटुलाई अह्राए । आफू चाहिँ आँखा चिम्म गरेर के के फलाक्न लागे । भोटुले फूल लिएर आयो । बाले ढुङ्गामा फूल चढाए । भोटुलाई पनि चढाउन भने ।

"अबदेखि जे खानेकुरा ल्याए पनि यहाँ नचढाई नखाने । देउतालाई चढाएर खाए पछि देउता रिसाउँदैनन्, बुझिस् ?" बाले भोटुलाई भने । भोटुले बुझेँ भन्न टाउको हल्लायो ।

उनीहरू सबै जना दिनभर खानेकुरा खोज्न गए । भोटु, आमा अनि बाले एकएक पोका गिठ्ठा भ्याकुर ल्याए । केही देउतालाई चढाए । साँझ बाले देउताका अगाडि के के फलाके । "लौ, नरिसाइदेऊ प्रभु !" भन्दै कराए अनि गुफाभित्र गए । आगो सल्काए । सबै मिलेर गिठ्ठा भ्याकुर पकाए । बाँकी गिठ्ठा भ्याकुरलाई कुनातिर थन्काए । गिठ्ठा भ्याकुर खाएर सबै जना निदाए ।

'न आज पनि देउताले गिठ्ठा भ्याकुर लग्यो कि ?' सबैरै उठेर भोटुले भ्याकुर हेर्न गयो । आज त एउटा पनि गिठ्ठा भ्याकुर हराएको जस्तो लागेन । "आहा, देउता रिसाएनछन् । सबै गिठ्ठा भ्याकुर यहीं छ ।" भोटु करायो ।

"देखिस्, मैले भनेको कस्तो लाग्यो । अब सधैं थुम्कोमा पूजा गरेर मात्र खानुपर्छ । देउता नरिसाए पछि केही हुन्न ।" बाले खुसी हुँदै भने ।

"मुसा देउताले थुम्कोमै खान पायो । अनि, किन आउँथ्यो त गुफाभित्र ।" आमाले हाई गर्दै भनिन् ।

त्यहाँदेखि सधैं उनीहरूले थुम्कोलाई पूजा गरेर मात्र खान लागे । देउता नरिसाएपछि उनीहरू पनि खुसी भए । थुम्कोमा पूजा गर्ने चलन पछिपछिसम्म पनि निरन्तर चलिरह्यो ।

अहिले पनि कतिपय जाति विशेषले "थुम्कोमा भगवान् छन् । उनलाई पूजा नगरी खानु हुन्न" भन्दछन् । थुम्कोलाई चढाएपछि मात्र बालीनाली आफूले खाने गर्दछन् । ◆◆◆

# चाइल्ड पोर्नोग्राफी र यसको नकारात्मक प्रभाव



✍ ई. कुमार अभिनव

हालै मात्र फ्रान्स सरकारले चाइल्ड पोर्नोग्राफी रोक्नको लागि नयाँ कानून पारित गरेको छ। बालबालिकाहरूको मानसिक तनाव रोक्न, साइबर बुलिङ विरूद्ध लड्न र अनलाइन सुरक्षालाई बलियो बनाउन सरकारले यस्तो कानून सरकारले ल्याउन बाध्य भयो । भारतको chhattisgarh भन्ने राज्यमा भारतीय पुलिसद्वारा चाइल्ड पोर्नोग्राफीमा संलग्न विभिन्न व्यक्तिहरूलाई पक्राउ गऱ्यो । प्रहरीले बयान लिंदा उनीहरूको सञ्जाल भारतमात्र नभई अन्य अन्तर्राष्ट्रिय मुलुकमा समेत रहेको पाइएको छ। बालबालिकाहरूको दिनचर्या इन्टरनेटमा बित्ने भएकोले उनीहरूलाई अनलाइन मार्फत मानसिक तनाव दिन सजिलो रहेको देखिन्छ । भारतमात्र नभई नेपालमा समेत चाइल्ड पोर्नोग्राफी मुख्य चुनौतीको रूपमा देखिएको पाइन्छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्‌ले गरेको राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण अनुसार १६ वर्ष उमेरका ७.७ प्रतिशत किशोरकिशोरी बढी मानसिक समस्यामा पर्ने गरेको देखिएको छ ।

**चाइल्ड पोर्नोग्राफीको अवस्था**

चाइल्ड पोर्नोग्राफीले कुनै पनि यस्तो सामग्रीलाई जनाउँछ जसले बच्चालाई संलग्न यौन गतिविधि चित्रण गर्दछ । उदाहरणको रूपमा बालबालिकाहरूको नग्न तस्बिर, Generated image आदि । बालबालिकाहरूको नग्न तस्बिर लिई साइबर अपराधीहरूले डार्क वेवमार्फत अनलाइन खरिद बिक्री गर्दैआएको पाइएको छ । आपराधिक क्रियाकलाप गर्नका (उदाहरणको रूपमा हातहतियार, लागूऔषध, मानव बेचबिखनका) लागि साइबर अपराधीहरू Dark web को उपयोग गर्दछ । इन्टरनेटको आगमनसँगै समाजमा यसले विकृति पैदा गरेको पाइन्छ । यसले समाजमा बाल यौन शोषण र भिडियोहरूको अभेद व्यापारमा बिस्फोट भएको पाइन्छ। यसले हुन त नवयुवती बालिकाहरूलाई फसाई यस्ता धन्दामा संलग्न गराइरहेको हुन्छ । विश्वको

तथ्याङ्क हेर्दा मुख्यतया अविकसित देशका युवतीहरूलाई आफ्नो शिकार बनाएको हुन्छ । मुख्यतः साइवर अपराधीहरूले आफ्नो fake प्रोफाइल बनाई युवतीहरूलाई facebook, messenger आदि माध्यमबाट अनुरोध पठाई आफ्नो शिकार बनाइरहेको हुन्छ र त्यसमा साइबर अपराधीहरूले नवयुवती तथा बालबालिकाहरूलाई फसाउने कार्य सुरू गर्छ ।

**चाइल्ड पोर्नोग्राफी सम्बन्धी घटना**

**घटना १ः–**भारतको नयाँ दिल्लीको एक जना युवकले Facebook बाट युवतीको फोटो लिई त्यस फोटोलाई इडिट गऱ्यो । त्यस फोटोलाई उसले नयाँ ढंगले अश्लील फोटोसँग जोडेर फेसबुकको माध्यमबाट त्यस केटीलाई पठाई पैसा माग्यो । केटीले आफ्नो त्यस्ता अश्लील फोटो देखे पश्चात आत्महत्या गरिन्।

**घटना २ः–**भारतको राजस्थान राज्यको जयपुर शहरमा एक युवकले सँगै पढेको युवतीको edit गरेर अश्लील भिडियो बनाई त्यस युवतीलाई जबरजस्ती गर्दै आएको थियो। युवतीले आफ्नो साथीको सहयोग लिई त्यस युवकको बारेमा प्रहरी समक्ष उजुरी दिइन र पछि प्रहरीले त्यस युवकलाई पक्राउ गऱ्यो। यसरी साथी, छिमेकी तथा आफन्तहरूसँग सँगै खिचिएको video, photo आदिको दुरूपयोग गरी यसले बालबालिका तथा युवायुवतीमा मानसिक तनाव पैदा गरिरहेको पाइन्छ । भारतमात्र नभई नेपालमा समेत यस्तो घटना वृद्धि भइरहेको देखिन्छ।

**सचेतना**

विश्वको तथ्याङ्क हेर्दा COVID -19 लकडाउन लागू भएपछि विश्वमा बाल अश्लील सामग्रीको मागमा अभूतपूर्व र चिन्ताजनक वृद्धि भएको बताएको छ । यसले विश्वमा बालबालिकाको यौन शोषणको जोखिम बढेको छ । चाइल्ड पोर्नोग्राफीलाई प्रतिबन्ध लगाइएन भने यसले बालबालिका विरूद्धको यौन अपराधमा ठूलो वृद्धि निम्त्याउन सक्छ। समाजिक सञ्जालमार्फत कसैसँग कुरा गरेको र कसैलाई केही भनेको कुरा प्रति सजग हुनुहोस् । कुनै पनि अज्ञात साइटमा आफ्नो व्यक्तिगत विवरण साझेदारी नगर्नुहोस्। समाजिक सञ्जाल मार्फत अज्ञात व्यक्तिको व्हाट्स एप, भाइबर, इमो आदि आएको भिडियो कल उठाउनु अगाडि क्यामरालाई ढाक्नुहोस् । कहिल्यै अनावश्यक सफ्टवेयर वा एपलिकेशन जस्तै डेटिंग ऐप, अनलाइन गेमिंगलाई अज्ञात स्रोतबाट इन्स्टल नगर्नुहोस् । जब तपाईं इमेलहरू जाँच गर्दै हुनुहुन्छ वा मेसेन्जरमा च्याट गर्दै हुनुहुन्छ, तब कुनै पनि अज्ञात व्यक्तिले पठाएको सन्देशमा संलग्न लिंकमा क्लिक गर्दा होशियार हुनुहोस् । यदि साइबर स्कैममा पर्नुभयो भने cyberbureau@nepalpolice.gov.np मा मेल गरेर उजुरी पनि दिन सक्नुहुन्छ । ◆

आत्मकथा

# त्यो पल



✍ मनिष अर्याल

जब जब म आफूलाई एक्लो पाउँछु, तब आफ्नै सोचमा यसरी हराउँछु कि त्यहाँबाट निस्किनलाई मेरो शरीरले मलाई नै अनुमति दिँदैन । जसरी घामको उजेली भेट्नलाई जूनको ज्योति हराउनै पर्छ, हो त्यस्तै म पनि उनको पर्खाइमा हराइदिन्छु ताकि मिलन यस्तो भयानक होस् कि साह्रा दुनियाँले देखोस् । उनी हावा बनेर मेरो सामुन्ने आउँछिन् र म स्पर्शको त्यो आभासको लागि भौतारिन पुग्छु । मेरो लागि ऊ त ऐना नै हो अझ भनौ मेरो परिदृश्य त ऊबाट नै सम्भव छ । जुन दिन उनी आउँछिन् त्यस दिनै छाया बिनाको मेरो जिन्दगीले छाया पाउने छ र माया बिनाको मेरो जिन्दगीले माया । उनको आगमनले मेरो जीवनमा जिन्दगीकै अमूल्य उपहार आउँछ । जता कोल्टे परेर सुत्दा पनि निद्रा नै लाग्दैन त ? हैन के भएको होला यो मलाई ? कहिले दिनभर निदाएरै बस्छु म, यस्तो लाग्दैछ कि मेरो आँखाले निद्रा हैन सपना कुरेको छ । त्यो सपना जुन पूरा भएको दिन मात्रै म निदाउनेछु । म त निदाउने नै छु तर जागा हुनेछ मेरो आशाहरू अनि ब्युँतिने छन् उर्जाहरू । म छिद्र घामबाट पनि अँध्यारो मेट्ने मान्छे, मलाई प्रकाशका तिखा ज्वालाहरू किन चाहियो र ? म थोपा पानीबाटै प्यास मेट्ने मान्छे । मलाई समुद्रका ती बेगहरूसँग कुनै लगाव नै किन राख्नु छ र ? नदी बग्दाका ती धुनहरूले अंतरंगित म आफ्नै सुरका लवजहरूलाई यसरी प्रस्तुत गर्छु कि मेरो जीवनको संगितले कहिले काहीं मेरै व्यथा बोल्न सक्दैन । व्यथा ? कस्तो व्यथा ? म सुनाउँछु नि । टुटेका कलमले केर्दै केर्दै मसिका डोबहरू समाई पानाहरू फेर्दै फेर्दै जब मैले सुरू गरे सुनाउन मेरा कथा, मेरा लागि आँसुका थोपाहरू हालखबर सोध्ने पात्र बने । दौडमा भाग लिनेले जब अन्तिम विन्दुमा छुन पुग्छ तब न ऊ बिजयी हुन पुग्छ तर फरक छ मेरो कथा मेरो कथाले अन्तिम विन्दु नपुग्नाले मलाई जितायो । यो कथा म अस्पतालको शैयाबाट लेखिरहेको छु । करिब दुई

महिना पछि होस आएपछि मेरा हातहरूले कलम चलाउँदैछ ।

त्यो दिनको बारेमा भन्दैछु । जुन दिनले नै तहल्का मचायो मेरो जिन्दगीमा । म आफैं नै अलमल्लमा परेको दिन । मैले आश मारेर सास रोक्न खोजेको दिन । करिब चार वर्ष पछि म स्वदेश फर्किएको । कतारको त्यो गर्मीबाट केही समय विश्राम लिएर, मैले आर्जेका केही पुग अपुग धनहरू र मैले आश्वासन दिएका आफन्तजनहरूको लागि । मैले उब्जाएर गएका प्रश्नहरूको उत्तर दिन र मैले समाधान गरेका समस्याहरूको अवलोकन गर्न । विवाह गरेको करिब एक वर्ष पछि म परदेशिए । एक्लो ज्यान त जसोतसो चलिरहेको थियो तर जहान अनि जहानको पेटमा रहेको हाम्रो भविष्य पनि त पाल्नै पर्‍यो । लागे विदेशतिर ।

दिनहरू राम्ररी चल्दै थियो । मेरो श्रीमतीले मलाई हिम्मत र साथ अनि माया उत्तिकै दिईन । छोरी पनि बिस्तारै हुर्कदै गईन । उसले पनि राम्रै जागिर खाएकी थिईन । जसोतसो गरेर एउटा घर पनि बनाइयो । विदेशमा मेरो प्रगति पनि मज्जाले नै हुन थाल्यो । खुसीले बित्दै थियो संसार मेरो । सुनेको थिए कि दुःख पछि सुख आउँछ । तर मेरो जीवनमा सुख पछि चाहिं दुःख आयो । सहरबाट गाउँतर्फ जान लागेकी मेरी दुई वर्षको छोरी र श्रीमती चढेको बस दुर्घटनामा परेर घटनास्थलमै श्रीमतीको मृत्युको खबर सुनेर म केही नसोचिकनै नेपाल आए । घाइते छोरीको निको हुने टुङ्गो थिएन । छोरी कोमामा गईन र म रनभुल्लमा परें । मेरो सोचाईमा एकै तरिका थियो, आत्महत्या । अहँ छोरीको मायाले त्यो पनि गर्न सकिन। पटक पटक आफैंलाई रेट्ने कोसिस गरे तर सकिन । भित्तामा रहेको छोरीको तस्बिरले मलाई झकझकाई रह्यो ।

एकदिन मैले आफैंलाई मार्न भनेर विष सेवन गरें । घरमा बिजुलीको मिटर रिड गर्न आएका एक जना कर्मचारीले थाहा पाएर गाउँलेहरूको सहयोगमा मेरो उद्दार गरेका रहेछन् र त आज सकुशल बाँचेर अस्पतालको शैयाबाट म मेरी छोरीलाई कुरिरहेको छु । सुनेको छु, मामाहरूले पालेका छन् रे उसलाई । मेरो हेरचाह समेत उनीहरूले गरेका रहेछन् । करिब दुई महिना पछि यो सबै बुझ्ने भए । ससुरालीले काँध थामेको मेरो जिन्दगी, मेरो आश भरोसा र सबै चिज । बाँच्दा कति रमाइलो छ है ? म मरेको भए म मात्रै मर्दिन थिए होला । एउटा नालायक बाउ मर्थ्यो । जन्म दिएर हार खाएको बाउ र बिहे गरेर भरोसा तोडेको श्रीमान मर्थ्यो होला । म अब बाँच्नेछु, हाम्रो आशाको लागि, छोरीको लागि । कोही छैन भनेर

सोचेको मेरो जिन्दगीमा धेरै आफन्त रहेछन् । जिन्दगीले चोट दिए नि चोटसँगै अनुभव दिने रहेछ र अनुभवले धेरै कुराहरू सिकाउने रहेछ । जे मजा छ बाँच्नु मै छ । आखिर म मरेर न घाम लाग्न छाड्ने रहेछ न जून उदाउन । ♦♦

**कविता**

# माया प्रेम !



✍ **रविन्द्र आशिष शैली**

पानी बग्दैमा
नदी हो भन्न सक्दिन
उड्दैमा माथि बादल
आकाश हो भन्न सक्दिन
सेतो सबै चाँदि हुँदैन
पहेलो सबै
सुन हुँदैन
यसैले
सिउँदोमा सिन्दुर
औंलामा औंठी
एकअर्काको
साटासाट हुँदैमा
माया भयो
माया हुन्छ
कहाँ भन्न सकिन्छ र ?

जबसम्म
तिम्रो आँखा
उसको हेराई हुँदैन
तिम्रो सपना
उसको गन्तव्य बन्न सक्दैन
हो यसरी नै
जब सम्म
तिम्रो खुट्टा
उसको चाल हुँदैन
तिम्रो समय
उसको हाल हुँदैन,

यदि
तिम्रो घाउ
उसको दुःखाई हुँदैन
तिम्रो दुःख
उसको आँसु हुदैन भने
म कसरी भन्न सक्छु
तिमीले अंगालो मार्दैमा
उसले अंगालो मार्दैमा
यो
माया नै हो भनेर,
किनकी
किताब हुन
पानापानामा
अक्षरहरू बोलेकै हुनुपर्छ ।

कथा

# पीडा



✍ **शशी श्रेष्ठ**

मैले देख्दा त्यो बहिनी, कलङ्कीदेखि कुलेश्वरसम्म एउटा सरकारी स्कुलमा पढ्न जान्थिन् ।

कक्षा आठमा पढ्ने त्यो नानी, हेर्दा सरल र सोझी लाग्थिन् । तीन दाजुहरूकी एकमात्र प्यारी बहिनी थिइन् उनी ।

आफ्नो डिभोर्स पश्चात, छोराछोरीको पेट पाल्न उनकी आमा किराना पसल चलाउँथिन् । हामी केही सामान किन्नलाई उनीहरूकै पसलमा जाने गर्थ्यौं। पछि मात्र थाहा भयो मलाई उनीहरू कुनै धनी परिवारका रहेछन् तर बुढाबुढीको बेमेलले गर्दा सबै तहसनहस भएर यसरी डेरामा बस्नु परेको रहेछ भनेर ।

समय बित्दै गयो, दुई वर्षपछि कक्षा दशमा पढ्दै गर्दा उनी एकजनासँग प्रेममा परिन् । बोर्ड एक्जामको बेला उनलाई जन्डिस भएर नरदेवी आयुर्वेद अस्पतालमा भर्ना गर्नु पर्‍यो। यो कुरा मैले उनको आफन्तबाट थाहा पाएकी थिएँ। केही समयपछि आफूले मन पराएको त्यही केटासँग उनको विवाह भएछ । काठमाडौंको स्थानीय केटा, एक्लो छोरो, जागिरे, सबै राम्रो देखेर नै दुवै घरको राजीखुसीमा उनको धुमधामका साथ विवाह भएछ ।

विवाहपछि उनले एक कस्मेटिक पसल खोलिन्। यता श्रीमानको पनि आफ्नै ड्राइभिङ सेन्टर चलिरहेथ्यो, सासू ससुरा पनि मायालु भएकोले त्यो बहिनीको सुखी परिवार थियो।

विहे भएको धेरै वर्ष भइसक्दा पनि उनीहरूको सन्तान भएन । धेरै ठाउँमा उपचार गर्दा पनि सन्तान नभएपछि उनीहरू अनाथ आश्रमबाट बच्चा ग्रहण गर्ने सुरमा थिए तर भित्र भित्रै उनीहरूको खटपट सुरू भएपछि अब केही वर्ष बाहिर बसेर पैसा कमाउने र बच्चा ग्रहण गरेर खुसीयाली साथ जीवन बिताउने सल्लाह गरेर उनले साइप्रस जाने निधो गरिन् र दुई वर्ष साइप्रस बसेर आइन् । उता कमाएको पैसा सबै श्रीमानको खातामा जम्मा भएको थियो । यता

उनका घर परिवार पनि सबै दङ्ग थिए। दुई वर्षपछि उनी नेपाल फर्केर आउँदासम्म सबै राम्रो नै थियो।

श्रीमानले यता ड्राइभिङ सेन्टरसँगै दुई नम्बरी धन्दा पनि सुरू गरेका रहेछन्, त्यो कुरा उनलाई एकदिन आफ्नो श्रीमान जेल परेपछि मात्र थाहा भयो । एक महिनासम्म उसलाई जेलमा थुनेर राखेको बेला त्यो बहिनीले अनेक ठाउँमा भनसुन गरेर धरौटीमा निकाल्ने टुङ्गो गरिछन् ।

एकदिन फेर्ने लुगा र खानाको झोला बोकेर जेलमा बुढो भेट्न पुग्दा ऊ खाना खाइरहेको देखेपछि कहाँबाट कसले ल्याइदियो भनेर सोध्दा उसको अर्को पनि बुढी भएको पत्ता लाग्यो। प्रत्येक दिन खाना पुऱ्याउन उसको परिवार आउँछन् भन्ने कुरा त्यहाँ गेटमा बस्ने गार्डले पनि बताइदिएछ । बाहिर केटी राखेर उसबाट तीन वर्षकी छोरी पनि भइसकेको कुरा बिचरी त्यो बहिनीलाई थाहा भएपछि उनी धेरै दुःखी भइन् । जे भएपनि आफ्नो श्रीमान हो भन्ने सम्झेर उनले धरौटीमा रिहा गरेर घर लगिन् ।

बिहानै उठेर अफिस जान्छु भन्दै हिँडेको लोग्ने राती मात्र घर आउने, पहिलाको जस्तो माया प्रेमको कुरा नगर्ने, व्यवहारका कुनै कुरा नगर्ने, सधैं रक्सीले मातेर घर आउने, यस्तो लोग्नेको हालत देखेर बहिनी चिन्ताले दिनदिनै बिरामी पर्न थालिन् । उनलाई धेरै नै गाह्रो भएपछि माइती घरमा खबर गरेर चेक गराउन जाँदा उपचारकै क्रममा उनलाई पाठेघरको क्यान्सर भएको पत्ता लाग्यो ।

भक्तपुर क्यान्सर अस्पतालमा उनको अप्रेसनलगायत सम्पूर्ण उपचार भयो । त्यसपछि उनकी आमाले आफ्नी एक मात्र बिरामी छोरीलाई आफ्नो घर नजिकै डेरा खोजेर राखिदिनुभयो र रेखदेख, उपचार गरिरहनु भयो । उपचारकै क्रममा उनको लोग्ने उनीबाट टाढा भइसकेका थिए । एकदिन उनले आफ्नो श्रीमानलाई बोलाएर माइतीलाई पनि सँगै राखेर कुरा गरिन् ।

मैले बिहे गरेर ल्याएकी बुढीलाई म राम्रोसँग पाल्नेछु, हेरविचार गर्नेछु, सुख दुःखमा साथ दिनेछु भन्दै फकाइ फुल्याइ गरेर हिँडेछ तर उसले मुखले भनेजस्तो कुनै पनि कुराहरू व्यवहारमा लागू भएनन् ।

त्यो बहिनीले क्यान्सर त जितिन् तर अहिले सात महिनादेखि उनी जन्डिससँग लडिरहेकी छन् । भर्खर ३०/३२ वर्षकी उनी रोगले गर्दा शिथिल छिन्, कुनै काम गर्न सक्दिनन् । अनुहार, शरीर सबै कालो भएको छ, आँखा पहेंलो डर लाग्दो देखिन्छ । उनको त्यस्तो हालत देखेर नरमाइलो त कति लाग्छ लाग्छ, त्यो कुरा भनि साध्य छैन ।

उनी रूँदै भन्छिन्, न त मायालु श्रीमान साथमा छ, न मेरा कुनै सन्तान छन्, न मेरो घर छ, न त केही सम्पत्ति नै । मात्र एउटी बूढी आमा छिन् । उनलाई के र कति मात्र मेरो दुःख देखाउँ ? मेरा आँसु यसरी नै एक्लै एक्लै बगिरहन्छन् । शरीर भन्दा धेरै मलाई यो मन दुख्छ दिदी, मेरा श्रीमानले फोन उठाउँदैनन् , भेट्न आउँदैनन् । घरका सासू ससुरा कोही मलाई हेर्न आउँदैनन् । मसँग पैसा छैन, म कसरी उपचार गरौं भन्दै मलाई समातेर उनी रोइरहिन्, बलिन्द्र धारा आँसु खसालिरहिन्।

म केही बोल्न नसकी उनका आँसुहरू लाचार पूर्वक हेरिरहें । उनले हिक्कहिक्क रूँदै भनिन्, दिदी मेरो कहाँनेर गल्ती भयो ? उसको कुरामा विश्वास गरेर मैले बिहे गर्नु मेरो गल्ती थियो र ? मेरो कोखबाट सन्तान नजन्मनु मेरो गल्ती हो ? की मलाई यस्तो रोग लाग्नु मेरो गल्ती हो ? प्लिज भनिदिनुस् न दिदी, मेरो कुन र कस्ता गल्तीको सजाय म यसरी एक्लै भोगिरहेछु ? ऊ भने उता अर्की स्वास्नीसँग ऐस आरामको जिन्दगी बाँचिरहेछ ।

'पिर नगर बहिनी, सबै कुरा समयसँगसँगै ठिक भएर जान्छ, तिमी बलियो बन, तिमीलाई मबाट हुने साथ र सहयोग सदैव छ, हुनेछ । मेरी प्यारी, तिमी नरोऊ, तिमी आफूलाई कमजोर नबनाऊ, तिमी नराम्रा कुराहरू मनमा नखेलाऊ । म तिमीलाई राम्रा राम्रा किताबहरू ल्याइदिन्छु, त्यो पढ । तिमीलाई बाँच्ने रहर जाग्ने छ, यति मैले भनिसक्दा नसक्दै उनी रूँदै भन्न थालिन्, 'पर्दैन दिदी किताब, मेरो जस्तो दुःखको कथा कुनै किताबमा छैन । मलाई यही काफी छ । बरू मेरा श्रीमान खोज्ने र समाउने एउटा मात्र सहयोग गरिदिनु । मेरो बिन्ती छ ।'यति भनि नसक्दै उनी बेहोस भइन् ।

हे भगवान, यो कस्तो पीर व्यथा हो ? त्यो एक्ली केटीले यति धेरै चोट कसरी सहेर बसेकी होली ? काठमाडौं भित्रै लुकेर बसेको त्यो बदमासलाई खोजेर प्रहरी कार्यालयमा बुझाउन पाए बिचरा त्यो बहिनीको आँसुले न्याय पाउने थियो कि ! ♦♦♦

## मुक्तक



✍ **सम्झना थापा मगर**

सम्पत्तिमा लोभ गर्ने बानी मन पर्दैन
दाजुभाइमा गर्छन् बैमानी मन पर्दैन
मरी लानु आखिर के नै छ र हामीले,
गर्छन् यसरी घात जानीजानी मन पर्दैन ।

च्यातीएको मनलाई सिउने कसरी होला
पीडाको आँसुलाई पिउने कसरी होला
भाग्यले पनि बारम्बार मलाई नै ठग्नु पर्छ,
स्वार्थी यो संसारमा जिउने कसरी होला ?

कथा

# सहयात्री



✍ लीलाराज दाहाल

मैले उत्साहका पंखेटा फिँजार्दै लामो यात्राको योजना बनाएँ र तुलसीपुरसम्म पुग्ने अठोटको झोला बोकेर नयाँ बसपार्कतिर हान्निएँ ।

साझा यातायातको वृद्ध भईसकेको बस मलाई बोकेर तुलसीपुरतिर बेगिन आतुर भएर पर्खिरहेको थियो । आइपुग्न बाँकी यात्रु म मात्रै थिएँ क्यार ! म बसभित्र पस्ने बित्तिकै बस अघि बढुँ कि नबढुँको आलश्यता देखाउँदै सुस्तरी अगाडि बढेको थियो ।

बस भित्रको मध्य सिटमा मैले आफ्नो आसन जमाएँ र झोला भित्रबाट दैनिक पत्रिका निकालेर सुस्तरी नियाल्न थालें। दश मिनेटको अन्तराल मै बस गोंगबु नयाँ बसपार्कबाट बालाजु, स्वयम्भु, सितापाइला हुँदै कलंकी पुगिसकेको थियो । कलंकीमा केही यात्रु चढाएपछि कलंकीलाई पनि बाइ गरेर बस अगाडि हुँइकिन थाल्यो । मैले पनि निर्मोही प्रेमीले झैं मन कठोर बनाएर कलंकीलाई बिछोडको हात हल्लाएँ । बसको वेगवान रमाना पछि मेरो हातमा पल्टिरहेको पत्रिका पुनः झोलामै कोचिन बाध्य भएको थियो ।

कलंकीमा चढेका सबै यात्रुहरू सिटमा बसेका थिएनन् । कोही कोही यात्रु बसेका भए पनि धेरै जसो आ-आफ्ना सिट पहिचान गर्ने अभियानमा जुटेका थिए । सिट खोज्ने मध्येकी एक युवती सिट नम्बर हेर्दै हेर्दै म नजिकै आइपुगी र म सँगैको अर्को सिट आफ्नो भएको एकिन गरेर झोला सिटमाथिको ऱ्याकमा थन्क्याएर प्रफुल्ल भई सिटमा आसन जमाई ।

म झ्यालतिरको सिटमा थिएँ । मलाई सन्देह थियो उसले झ्यालतिरको सिट माग्छे भनेर तर मागिन । मेरा आँखा एकाएक ऊ माथि घोप्टिएका थिए । टिसर्ट र जिन्सको पहिरनले उसलाई निकै नै आकर्षक देखाएको थियो ।

बस आफ्नै गतिमा गुडिरहेको थियो । बसभित्र रहेका यात्रुहरू कोही बसको झ्यालबाट बाहिरको दृश्य अवलोकन

गर्दै थिए त कोही कोही समसामयिक गफगाफमा मग्न भईरहेका थिए ।

निकै समय सम्मको मेरो मौनता उसका लागि गार्हो सजिलो कस्तो भईरहेको थियो, मैले खासै वास्ता गरेको थिइँन । जति सुकै अपरिचित भए पनि एउटा सिटमा भएपछि संवादको सिलसिला जोडिनु अनौठो कुरा होइन । तर म आफैंले मौनताको पर्खाल लगाएर बसेको थिएँ ।

म र ऊ बिचको मौनताको तगारो निकै पछिसम्म हटिसकेको थिएन । घरिघरि मैले उसलाई हेर्ने क्रममा उसका चञ्चल नयन पनि मतर्फ सोझिएका मैले अनुभव गरिरहेको थिएँ । उसका र मेरा नजर एक पटक के एकाकार भएका थिए, उसको ओठबाट मुस्कानको एक झोक्का लहर बाहिर आएको थियो ।

उसको मप्रति नकारात्मक धारणा छैन भन्ने मभित्र के अनुभूति भएको थियो, मेरो मनमा एकैचोटी आनन्दको बिज अंकुराउन थाल्यो । उसको ओठमा अकस्मात् बलेको बिजुली ननिभ्दै उसले मलाई नियाल्दै भनी, "हेल्लो, सुमन ! हाउ आर यु ?"

मैले उसको सवालको प्रत्युत्तर गर्नु शिष्टाचारको नमुना हुन्थ्यो होला तर म असभ्य नै ठहरिन राजी भएर मौन धारण गरेर बसी रहें। किनकी म सुमन थिइँन ।

अब भने हामी बिच रहेको मौनताको पर्खाल उसले एकतर्फी रूपमा भत्काई। उसको ओठबाट पुनः सवालको तीर निस्क्यो । उसले मलाई गहिरोसँग नियालेर सोधी, "मलाई चिनेनौ, सुमन ? तिमी मसँग किन नबोलेको ? भन न के ! किन नबोलेको ?"

उसको हाउभाउ र बोलीबाट मैले के थाहा पाएँ भने ऊ मस्तसँग लाडप्यारको आसनमा बसेकी छे । ऊ मसँग यस्तोसँग नजिकिन थाली कि मानौं उसको मसँग सदियौंदेखि परिचय रहेको थियो ।

यस भन्दा पहिले कहिल्यै भेट नभएकी युवतीले मलाई कसरी सुमन भनेर पुकारी रहेकी छे अनि किन यति आत्मियता प्रकट गरिरहेकी छे ! के रहस्य लुकेको छ यस भित्र ! म त त्यसैत्यसै आश्चर्यको तलाउमा डुब्न थालेको थिएँ ।

उसले मलाई पुनः जोड जोडले घच्घच्याउन थाली। आवेगको पंखा चलाउँदै उसले फेरि सोधी, "सुमन ! तिमीले मलाई यति छिट्टै बिर्स्यौ ? कस्तो भुलक्कड मान्छे तिमी त ! हा हा हा ।"

ऊ जोडजोडले हाँस्न थाली। ऊ भित्रको मनोवेग रोकिएको थिएन । ऊ सार्है नै अस्वाभाविक मनस्थितिमा रहेकी छे भन्ने मैले पहिले नै लख नकाटेको त होइन तर यति छिट्टै यसरी भावनाको

वर्षा गराउली भन्ने चाहिँ मैले सोचेकै थिइँन ।

वरिपरिका मानिसहरूका आँखा म र ऊ माथि घोप्टिए । उनीहरू हामीप्रति जिज्ञासु भएको मैले गहिरो अनुभूति गरेँ। हामीमाथि केन्द्रित ती आँखाहरूको सोधाई थियो, “के चाला हो तिमीहरूको ?”

कुनै कुनै यात्रुहरूलाई त रमाइलो लाग्दै थियो कि उनीहरू घरिघरि हाँस्दै थिए । म भित्रको त्रासको बिरूवा यति छिट्टै हुर्कंदै थियो कि केही छिनमा नै त्यो बिरूवा अजङ्गको रूखमा बद्लिएको थियो ।

म भित्र मडारिइ रहेको उकुसमुकुसको बादल फाटेको थिएन । म कालो निलो हुँदै गईरहेको थिएँ ।

बसको गुडाइको गति र उसको बोलाइको गति कुन छिटो छ, मैले अनुमान लगाउनै सकिरहेको थिइँन । उसले पुनः बोलीको लगाम खोलेर भन्न थाली, “सुमन, तिमी यतिका दिनसम्म कहाँ थियौ ? मैले तिमीलाई कहाँ कहाँ खोजिन् ? कस्तो निर्मोही बन्न सकेको तिमी त !”

अब उसले मेरो कपाल मुसारिदिन थालेकी थिइ । मलाई भित्रैदेखि लाज लाग्न थाल्यो । म भित्र शरमको बियाँ अंकुराउन थालिसकेको थियो । बस भित्रका तमाम यात्रुहरू फर्की फर्की मलाई नै हेरिरहेका थिए । म भने के गरूँ र कसो गरूँको अवस्थामा पुगिसकेको थिएँ । केहीबेर ऊ बाट मुक्त हुन मैले आफ्ना आँखाका ढकन लगाएँ र निदाएको अभिनय गर्न थालेँ ।

“सुमन, सम्झ त ती दिनहरू ! जुन दिनहरूमा तिमी र म हरदमसँगै हुन्थ्यौँ र जीवन साथी बन्ने भनेर वाचा गर्थ्यौं । तिम्रो खुसीमा म पनि खुसी हुन्थेँ र तिम्रो दुःखमा म पनि दुःखी हुन्थेँ। तिमी पनि त म बिना बाँच्न सक्दिनँ भन्थ्यौ नि ! तर खोइ त ती वाचा कसम ? कहाँ गए ती दिनहरू ! तिमी मलाई छोडेर कता हराएका थियौ , सुमन ?” ऊ मलाई नै घच्घच्याएर भनिरहेकी थिई ।

मैले निदाएको अभिनय गर्दा पनि सुख पाइरहेको थिइनँ । ऊ कहिले मेरा गाला सुम्सुम्याउँथी । घरि मेरा हातका औँलाहरू खेलाउँथी भने घरि मेरो टाउकाको केश खेलाएर मलाई अर्धचेतनाको सुसुप्त अवस्थाबाट जगाएर ताजा बनाउँथी ।

म फेरि उसलाई आफू सुमन नभएको जनाउ दिन्छु तर ऊ कसै गरी पत्याउँदिन । उसका आँखाहरूले मलाई सुमन नै देखिरहेका छन् । उसको हृदयले मलाई सुमन नै ठानिरहेको छ ।

“माफ गर्नुस्, मिस ! म सुमन होइन । तपाईं भ्रमको घोडा चढ्नु भएको छ । यसले न तपाईंलाई फाइदा गर्छ न मलाई ।” मैले अलि झर्कोफर्को गरे झैं

गरी वास्तविकताको चड्कन हानें उसलाई ।

वास्तविकताको चड्कनले पनि कुनै फरक पार्दैन उसलाई । ऊ पुनः भन्न थाल्छे, "म क्याम्पसको नृत्य प्रतियोगितामा प्रथम हुँदा म भन्दा बढी तिमी नै खुसी भएका थियौ । त्यसपछि तिमीले मलाई फूल उपहार दिएर चुमेका थियौं । नपत्याए हेर त गालामा ?"

म अब झन् छटपटिन्छु । भित्रैदेखि लजाउँछु । म कसरी प्रतिवाद गरूँ-उसका कुरा झुट्टा हुन् भनेर । अहिलेसम्म मैले धैर्यताको बाँधलाई भत्कन दिएको छैन ।

"तिमीलाई नृत्यकला खुब मन पर्छ, हगि सुमन ? तिम्रै खुसीको लागि मैले नृत्यको क्लास पनि गरें नि ! अहिले त म एक नम्बरकी न्रित्यंगना भैसकें ! तिमी किन चुपचाप छौ, सुमन ? भन न के ! किन चुपचाप छौ ? के भो तिमीलाई ?" ऊ फेरि मेरो हृदयमा आत्मियताको मलम लगाउँदै भन्छे ।

"म के बोलुं ! म सुमन होइन।" भन्न त भन्छु । मलाई थाहा छ, मेरो प्रभावरहित भनाइले उसमा कुनै परिवर्तन आउनेवाला छैन। त्यसपछि म मौन रहन्छु । उसले मलाई एकनासले कथा सुनाइ रहेकी छे । म चुपचाप सुनिरहेको छु । वाचाल कथा बाचकको कथा सुनेर बसेको अवोध बालक झैं । त्यस बाहेक केही गर्न सकिरहेको छैन ।

नौबिसेको चिया खाजापछि पुनः साझा यातायातको बुढो बस आलश्यताका पांग्रा गुडाउँदै अगाडि बढ्न थालिसकेको छ । म पनि आफ्नो सिटमा बसेर निद्रालाई पक्रन जोडबल खर्चंदैछु । केही समयदेखि ऊ चुप लागेकीले मेरो मनमा सान्त्वनाको दियो बल्न लागेको थियो ।

तर त्यो खुसीको दियो धेरै बेर बल्न पाएन ।

ऊ फेरि बोल्न थालिहाली, "तिमीले मलाई साँच्चिकै बिर्से कै हौ त, सुमन ! खै, बिर्सनु त नपर्ने हो । मैले तिमीलाई बिर्सेको छैन त ! हुन त भमराले फूलको रस चुसी सकेपछि कहाँ सम्झन्छ र फूललाई ! होइन त सुमन ?"

म यतिखेर यस्तरी वेदनाको खाडलमा पछारिएँ कि ममा अब त्यहाँबाट उठ्न सक्ने ताकत नै बाँकी रहेन । मैले बसबाट ओर्लेर अर्को बस चढ्नेसम्मको योजना बनाई सकेको थिएँ । ऊ बाट मुक्त हुने उपाय मेरो दिमागमा यो मात्रै आएको थियो । समस्याको दलदलबाट उम्कने उपाय सोच्दा सोच्दै मन एक तमासको भईरहेको थियो । फेरि अर्को बिचारले मथिंगलमा बास गर्न थाल्यो । बस फेर्नु भन्दा सिट फेर्नु अधिक बुद्धिमानी हुने ठानेर मैले पछिल्लो सिटमा बसेकी महिलालाई आग्रह गरें।

उनले मेरो आग्रहलाई कुनै मान्यता दिईनन् । अर्को व्यक्ति परिसकेको खाडलमा पर्न कसको पो मनले मान्छ र ! त्यसैले उनले मेरो कुरै सुन्न चाहिनन् ।

"तिमीले बिर्स्यौ त के भो र ! म सम्झाइहाल्छु नि ! म तिम्री प्रेमिका क्या ! अझ चिनेनौ ? म रन्जना क्या ! चिन्यौ अब ! भन न के ! चिन्यौ ! कस्तो नचिनेको !" मेरो हात दह्रोसँग समाएर ऊ भनिरहेकी थिई । उसका हातहरू थरथरी कामिरहेका थिए । ऊ सञ्चो नभए जस्तो, कस्तो कस्तो अनुहारले मलाई नै हेरिरहेकी थिई । उसको अवस्था देखेर मलाई भित्रैदेखि उकुसमुकुस भईरहेको थियो ।

उसले पुनः अतित्को नाङ्लोमा पीडाका दाना निफन्दै भनी, "सुमन, तिमी घरमा थिएनौ ? मैले तिमीलाई कत्ति खोजी सकें ! तर सबै प्रयास व्यर्थ भए ! रोएर बिताएँ कति दिन ! यतिका वर्ष कसरी बिताएँ आफैंलाई थाहा भएन !"

उसका आँखाभरि आँसु टल्पलाई रहेका थिए । अब उसको वेदनाले मलाई पनि असह्य भएर आयो ! मेरा पनि आँखा रसाए ! सायद उसले पनि मेरा आँखाका आँसु देखी र भनी, "अहिले त चिनी हाल्यौ नि तिमीले ! मलाई तिमीले बल्ल चिन्यौ !"

यति भनेर ऊ मेरो छातीमा आफ्नो टाउको अड्याएर सुस्ताउन थाली । उसको ओठभरि मुस्कानको लहर दौडन थाल्यो । उसको मनभित्र रहेका वेदनाका धब्बाहरूलाई एकै छिनको खुसीको पोकाले विस्थापन गरिदिएको थियो । उसका लागि यो सर्वाधिक खुसीको क्षण थियो । म केहीबेर बसको सिटमा निदाएँ ।

तर उसले मलाई तुरून्तै ब्युँझाई हाली, "सुमन, निदायौ ! म नहुँदा पनि तिमी यसरी नै निदाउँथ्यौ ? मलाई त रातमा निन्द्रा न दिनमा भोक भएको थियो ।"

उसले मेरो बायाँ हातको नाडी छामेर फेरि भन्न थाली, "हेर, कति दुब्लाएको ! आधा घटेछौ तिमी त ! हुन त म पनि त आधा दुब्लाई सकें नि ! के पो भएन मलाई ! कति दिन वियोगमा बिताएँ ।"

उसको वियोगान्त कथाको अन्त्य हुने कुनै छाँट नै देखिएन । मैले उसको कथा सुनी मात्र रहें । उसले सुनाई मात्र रही एकनास । यतीखेरसम्म बसले पूर्व पश्चिम राजमार्ग छोडेर दाङ्गको घोराहीतर्फको सहायक सडक समाति सकेको थियो । अब मैले उसलाई जसरी पनि भ्रमको दलदलबाट मुक्त गर्ने अठोट गरें किनकी मेरो गन्तव्य आइपुग्न धेरै समय लाग्ने थिएन । मैले भद्रताको कैंचीले उसको अर्धचेतन मनको शल्यक्रिया गर्नु जरूरी भईसकेको थियो । म निकै नै नम्र भएर ऊ सामू प्रकट

भएँ । मैले भनें, "हेर्नुस्, म सुमन होइन । तपाईं मेरो बारेमा गलत सोच्दै हुनुहुन्छ । तपाईं भ्रममा हुनुहुँदो रहेछ । हेर्नु हुन्छ भने म प्रमाण पनि देखाउन सक्छु ।"

"प्रेममा आत्मा भन्दा ठूलो के प्रमाण हुन सक्छ, सुमन ? मेरो मनले तिमीलाई सुमन भनेर स्वीकारी सकेपछि त्यो भन्दा ठूलो प्रमाण अरू के चाहियो ? तिमी मेरो प्राण हौ ! तिमी मेरै सुमन हौ ! तिमी अब मलाई कदापि नछक्याऊ, प्यारा ! म मेरो जीवनभरि तिम्रै साथ रहन चाहन्छु । मेरो काले, अब मलाई छोडेर कतै नजाऊ है !" ऊ मलाई नै नियालेर भनिरहेकी थिई ।

मैले प्रतिवाद गर्न खोजेको के थिएँ उसले फेरि भन्न थाली, "तिमी यति कठोर नबन सुमन ! म जिन्दगीको परिभाषा बल्ल बुझ्दैछु । पुरूष र महिला शारीरिक रूपमा मात्र फरक हुँदा रहेनछन् । गुण र मानवीयताको आधारमा पनि फरक नै हुँदा रहेछन् । त्यतिखेर म तिम्रा खुसीहरूलाई आफ्नै खुसी सम्झन्थें। तिम्रा ओठका मुस्कानहरू मेरा आफ्नै जस्ता लाग्थे । हाम्रो प्रेम प्रगाढ भएको बेला म तिम्रै लागि जन्मेको ठान्थें। म तिमीलाई चाहन्थें, तिमी मलाई! एकदिन तिमीले मलाई आफ्नो कोठामा लगेका थियौ ! त्यतिखेर मैले तिम्रो आग्रहलाई नकार्न सकिन । तिमी त्यतिबेला मेरो भावना र दिल भन्दा मेरो शरीर र यौवनप्रति बढी लालयित थियौ । तिमीले के चाहिँ गरेनौ र त्यतिखेर ? म एउटी कुमारी युवतीबाट जसरी तिमीले आफ्नो ईच्छा पूरा गर्‍यौ। त्यसले मलाई पेशेवर महिलाभन्दा तल्लो श्रेणीमा झारेको थियो । उसबेला मैले आफ्नो जिन्दगीको बारेमा केही सोचिन । तिमीसँग जिन्दगी बिताउने आशै आशमा म लुटिएँ । मेरो कौमार्य नष्ट भयो ।"

ऊ धारा प्रवाह रूपमा आफूलाई पोखिरहेकी थिई । ऊ भित्रको धैर्यताको बाँध भत्किसकेको थियो । अब ममा पनि प्रतिवाद गर्न सक्ने शक्ति बाँकी रहेन । ऊ भित्रको आक्रोशको नदी निरन्तर बगिरहेको थियो ।

उसले आफ्नो भनाइको प्रवाहलाई रोकिन । ऊ भन्दै गई, "तिमी एकदिन क्याम्पसको परीक्षा सकेर घर जान्छु भनेर केही दिनका लागि मबाट बिदा भएका थियौ । कति समयपछि अहिले भेट हुँदा म सुमन होइन भनेर छल्न खोज्दै छौ ! कस्तो मन हो तिम्रो, सुमन ! तिमीले त्यो क्षण बिर्स्यौ जुन क्षण म आफूलाई तिमी सामु सुम्पन्थें ! तिमी त मेरो सर्वस्व हौ ! अब पनि मलाई छोडेर गयौ भने म तिम्रै नाउँ जपेर मर्नेछु ! म त अमर हुनेछु प्रेमका खातिर जिन्दगी बलिदान दिएर ! त्यतिखेर तिमी भने काँतर, आत्माहिन र धोकेवाज पुरूष कहलिने छौ। प्रेमको राज्यमा तिमी खल नायकका

रूपमा परिचित हुनेछौ !"

यति भनेर उसले मलाई निकैबेर नियाली रही । अनि मलाई विश्वास दिलाउन आफ्नो ब्याग खोली र अटोबुक निकाली । उसका सम्समाएका हातहरूले मलाई स्पर्श गरिरहेका थिए । अटो बुकमा रहेको फोटो दुरूस्त म जस्तै थियो । नाम पनि सुमन नै लेखेको थियो । सुमनले त्यस डायरीमा सारै जीवन्त कुराहरू लेखेको रहेछ । अब भने मलाई उसको पीडाले पोल्न थाल्यो । उसलाई मैले सहानुभूतिका आँखाले हेर्न थालें।

वरिपरिका मानिसहरूले मलाई सल्लाह दिए, "तपाईं केही बेरका लागि सुमन बनी दिनुहोस् । उसको आहत हृदयमा प्यारको मलमले शितलता प्रदान गर्नेछ ।" त्यसपछि मैले प्रतिवाद गर्न छोडी दिएँ ।

ऊ शरीरभरि उमंगको पंखेटा लगाएर मुक्त गगनमा उडेर सुखद भविष्यको कल्पनामा डुब्न थाली । ऊ मनभरि प्रसन्नता पालेर हर्षको शिखरमा उक्लेकी थिई । मैले भने प्रेममा धोका पाएको आत्माको क्रन्दन र जिन्दगीको गति कस्तो हुन्छ, थाहा पाएँ ।

करिब करिब बाह्र घन्टाको पट्यार लाग्दो लामो यात्रापछि बसले तुलसीपुर पुऱ्यायो । मलाई भने तुलसीपुर आइपुगेकोमा कुनै हर्ष लागेको थिएन ।

बसपार्कमा पुगेर बस रोकियो । सबै यात्रुहरू बसबाट धमाधम ओर्लन थाले । उसले मलाई बित्ताभर छोडेकी थिईन । उसले मेरो हातमा समाइरहेकी थिई । यतिखेर मलाई लागेको थियो– मलाई समस्याको हातले समाइरहेको छ ।

म सुस्तरी बसबाट भुइँमा ओर्लें ऊ पनि पछिपछि बसबाट ओर्ली । बसबाट ऊ तल के ओर्लेकी थिइ, एक जना अधबैंसे पुरूष भान्जी भन्दै ऊ नजिकै आइपुग्यो । ऊ पनि मामा भन्दै खित्का छोडेर हाँस्दै त्यस मानिसतिर लम्की । म भने त्यहाँबाट उम्कने उपायमा लागेको थिएँ । ऊ मामालाई लिएर म नजिकै आई र मलाई सुमन भनेर चिनाई ।

पहाडभन्दा भारी हात उचालेर मैले ती मानिसलाई नमस्कार गरें। ऊ बाट मुक्त हुने बाटो सहज छैन जस्तो लाग्न थाल्यो मलाई ।

अझसम्म मामा-भान्जी गफ गर्दै थिए । मैले चारैतिर नजर घुमाएँ । शहरको मध्ये भाग निकै नै उज्यालो थियो । लोडसेडिंगको कडा ज्वरोले भर्खर छोडेको थियो तुलसीपुरलाई । चारैतिर उज्यालो भए पनि बेलुकीको युवक साँझ वृद्ध रातमा बद्लिन गईरहेको थियो। मानिसहरूको उपस्थिति कम हुँदै गईरहेको थियो । उनीहरूले घरिघरि मतिर हेरे पनि आन्तरिक गफ मै मग्न

थिए । विपरीत दिशाबाट एक हुल युवाहरू म नजिकै आइपुगे । म पनि त्यही हुलमा मिसिएँ ।

परको घुम्तीमा पुगेर हेरें- उनीहरू गफमै मस्त थिए । मैले समस्याको डोरी चुडाएँ र त्यहाँबाट आफूलाई मुक्त पारें। मलाई लाग्यो, मैले ठूलो पहाड फोडेर समतल मैदान बनाएँ ।

म समस्या नै समस्याको जन्जालबाट मुक्त भएर त्यहाँबाट भागें। अभ्र भाग्दै रहें, भोकले आक्रान्त सिंहद्वारा लखेटिएको असहाय मृग झैं । ♦♦

लघुकथा

# विडम्बना



✍ उर्मिला पन्त पाण्डेय

साहित्यिक कार्यक्रममा आफ्नो सिर्जनाहरू वा रचना सुनाउन र अरूको भावपूर्ण सिर्जना र अग्रजहरूको अनुभवपूर्ण विचाहरू सुन्न पाइने लालसामा जानको रहरले घरमा सबै भेला भएको अवसर, भ्रमण, चाड, काम आदि सबै छाडेर हतार हतार भ्याई नभ्याई भाडामा ट्याक्सी चढेर भए पनि बोलाइएको साहित्यिक माहौलको स्थानमा विभिन्न साहित्यकारहरू पुग्छन् । कार्यक्रम पनि बल्ल बल्ल सुरू हुन्छ ।

सबै भन्दा पहिले त प्रमुख अतिथिलगायत सञ्चालकहरू नै आ-आफैलाई माला खादा लगाउन लगाएर गमक्क परेर बस्दछन् ।

बोलाइएका साहित्यकारहरूलाई पनि स्वागत भाषणमा एकमुष्ठ सम्बोधन पनि गरिन्छ । तर..... गज्जब त यस्तो पो लाग्छ किनकी... आजकल त रचना वाचन गर्ने समयमा पनि भेदभावपूर्ण तरिकाले बोलाइन्छ ।

आफ्ना नजिकका र माथि उठाउनु पर्नेलाई पहिला बोलाइन्छ र ती अवसर पाउनेहरूले केही शब्द बोल्न पाउने र सिर्जना पनि जस्तो जत्रो वाचन गरे पनि हुने, पछि परेका अरूहरूलाई चाहिँ ...."सम्बोधन केही नबोली छोटो रचना वाचन गर्नु है ! लामो भए छोट्टाएर वाचन गर्नु होला" ....भनेर मनै अमिलो निरासिलो हुने बनाइन्छ ! कस्तो विडम्बना हुन थालेको हो यस्तो .....!!!???

आत्मकथा

# पिँजडा



✍ दिपकराज विश्वकर्मा

यो त यस्तो मान्छे । त्यो त त्यस्तो मान्छे, फलानो त्यस्तो छ । म यस्तो छु, यावत कुरा, जुन हामीले दिनदिनै अरूको आलोचना अथवा बयान नै गर्नु पर्‍यो भने सुरूमा अरू कसैलाई ऊ त्यस्तो छ, बाट सुरू गर्छौं । मेरो नितान्त व्यक्तिगत विचार हो यो । मान्छे कस्तो देखिन्छ ? उसको बानी व्यवहार कस्तो छ ? यतिसम्म कि ऊ भविष्यमा कस्तो मान्छे बन्छ ? भन्ने कुरासम्म घर परिवार ऊ रहेको समाज र संस्कारले निर्माण गर्छ जस्तो लाग्छ । लाग्छ होइन गर्छ नै । हो.. त्यही कुराले मलाई एक्लो बनायो, सक्कायो, खरानी बनायो । जिन्दगी जन्मिए पछि बग्न सुरू हुन्छ भन्छन् । अनि त्यो कहिल्यै फर्किदैन । एकोहोरो बगि नै रहन्छ, कतै तलाउ बन्छ फेरि बग्छ, त्यही बगेको जिन्दगी कतै कुलो, किनारा हुँदै समुन्द्रमा पुग्छ र सकिन्छ । तर, तर मेरो जिन्दगी यसरी बग्यो, म एउटा खोंचमा लुकेर बगिरहेछु । जसरी सेती नदि लुकेको छ । कसैले देख्दैनन् । बस सुनसान छ जिन्दगी, अँध्यारो जमिन भित्र बगिरहेछु, ढल भित्रको फोहोर जस्तै, तर बगिरहेछु निरन्तर बगिरहेछु ।

म जन्मेको हुर्केको नेपालको पहाडी भेग, कुनै जिल्ला हो । मेरो बुबा महिना दिनको हुँदा हजुर आमा बित्नु भएको रे । त्यस पछि पाँच कि सात वर्षको हुँदा हजुरबुबा बित्नु भएको रे । बुबाले सुनाउनु हुन्थ्यो, छोरा मेरो हुर्काई त कुकुरको जस्तै थियो । मागेर, चोरेर पेट भर्दै हुर्किनु भएको रे । पछि आमालाई बिहे गरेर पनि हली बसेकै घरमा लिएर आउनु भएको रे । पछि, हाम्रो ठूलो परिवार थियो । आमाबुबा सहित १३ जना । दिदीहरू खेती किसानमा आमालाई सघाउनु हुन्थ्यो । म घरको एक्लो छोरो । खान लाउन दिन भरि काम गरेर साँझ बिहान हातमुख जोड्ने हो । त्यो बाहेक मलाई घरमा प्रेमको कहिल्यै कमि भएन । दिदीहरूले भाइ, भाइ, भनेर म्वाई खान्थे । धेरै पछि जिन्मिएको छोरोलाई आफन्तको माया उस्तै । पारिवारको राजा नै थिएँ नि म ।

बुबा र आमाले त स्कुलको मुख पनि देख्नु भएन रे, स्कुल कस्तो हुन्छ ? दिदीहरूलाई पनि अर्काको घर जाने त हो नि भनेर, कुटो कोदालो र डोको नाम्लो बाहेक अरू चिजसँग नजिक हुने अवसर नै दिएन घर परिवार र समाज दुवैले हाम्रो घरमा मात्रै हैन गाँवै भरि त्यस्तै । मलाई स्कुल त पठाउनु भयो तर घरमा बढ्ने र सोच्ने वातावरण भने कहिल्यै भएन । टुकी बालेर पढ्नु पर्थ्यो । आज जस्तो बिजुली बत्ति कहाँ थियो र । जब साँझ पर्थ्यो बुबा कामबाट फर्किनु हुन्थ्यो । रक्सिले मातेर अरू २/४ जना साथीहरू समेत बोकेर आउनु हुन्थ्यो । त्यसपछि त के चाहियो र ? यतिसम्म कि आमाले त बुबाको पिटाइ कति खानुभयो भयो । बुबाले रक्सी खाएपछि टोलमा नै प्रत्येक दिन जसो हो-हल्ला कोलाहल हुन्थ्यो । त्यो हल्लामा कसरी निदाउनु ? कसरी पढ्नु ? बिहान भएपछि निन्द्रा लाग्ने । अनि २ घण्टाको बाटो हिंडेर स्कुल पुग्यो । पछाडिको बेन्चमा बस्यो निदायो । धेरै पल्ट स्कुलमा सजायको भागिदार पनि बनेको थिएँ । मलाई पढ्न मन लाग्थ्यो घरको कलह, रातभरिको अनिदो, साथीभाइ हेपाई, गुरूको गाली, बिग्रिएको रिजल्ट फेरि यता परिवारको फुक्र्याई । मेरो दिमागमा खै कस्तो खाले दबाब हुन थाल्यो प्रत्येक दिन ऐठन जस्तो ।

९ कक्षामा २ चोटि फेल भएँ । सँगैका साथीहरू १० कक्षा पास भएर पनि विदेश उडिसकेका थिएँ । मेरो भने वर्षौं देखि उस्तै चलिरहेथ्यो, परिवारको उही कलह, दुई घण्टाको हिंडाई, उही पछाडिको बेन्च, साथीभाइको हेपाई, उस्तै रिजल्ट बिग्रिएको । मलाई केले तान्यो थाहा छैन । मेरो भाग्य नै यस्तै पो हो कि, घरको वातवरण त्यस्तो होकी केही बुझ्नै सकिन । मेरो रिजल्ट आएको दिन थियो । सबै तिरको चोटले मलाई ग्रसित बनाएको थियो म थाकिसकेको थिएँ । मेरो दिमाग नकारात्मक उर्जाले भरिपूर्ण थियो । त्यही आवेगको तरबार मैले मेरो स्कुलको हेडसर माथि प्रहार गरें । राती बाटो ढुकेर ढुङ्गाले हानेर हेडसरको हत्या गरें । बासको झ्याङ् ठूलो झरिसँगै मनमा जोड जोडले हुरी चल्यो, मलाई घरिघरि ढलाउन खोजिरह्यो । रित्तो भएको थिएँ म, डाँडाँको एक्लो रूख जस्तै, जहाँ पातहरू एउटा पनि छैनन् । मलाई हुरिले त्यसै त्यसै उडायो । म घर गईन । खै कहाँ पुगें, आफैलाई थाहा थिएन । मलाई घर प्रति कहिल्यै मन फर्केन । न स्कुल प्रति । न त साथीभाइ प्रति । घटनाको २ वर्ष पछि वीरगञ्ज नाकाबाट मलाई प्रहरीले पक्राउ गर्‍यो। एक दिन जे हुनु थियो त्यही

भयो ।....मेरो साथीहरू कहाँ होलान् ? कस्ता मान्छे बने होलान् ? दिदीहरूको बिहे भयो होला । बुबा आमाको हाल खबर कस्तो होला ? अहँ मलाई कहिल्यै कसैको सम्झना आउँदैन । आखाँभरि आँसु टिलपिल टिलपिल हुन्छ । बिर्सिने बहानामा बारम्बार सम्झिरहेछु जिन्दगीलाई । सायद.. परिवार शान्त हुँदो हो, स्कुलमा निन्द्रा नलाग्दो हो । रिजल्ट राम्रो आउँदो हो, साथीभाइको हेपाई, सर मिसको गाली यी सबै नहुँदा हुन् त, मेरो पनि मिठो संसार हुँदो हो। जस्तो आकाशको चरी ....। तर म पिंजडा भित्र निसास्सि रहेछु । ♦

**कविता**

## कालापानीको कलह



✍ **डा. बमबहादुर थापा 'जिताली'**

अमरसिंह थापाले लडे त्यो नालापानीमा
नेपाली सेना नायक लडे यो कालापानीमा ।
अनेक वीर पुर्खाले देश विस्तार गराए
आजका पानी-मरूवा मोरा पानीमा हराए ।

गोर्खाली तातो रगत हाम्रो नसामा बहन्छ
टाउके बोका बिकेर आज मिचेको सहन्छ ।
लम्पियाधुरा, लिपुको लेक इण्डिया बनेछ
तिब्बत मान-सरोवर जाने सडक खनेछ ।

काली र कोशी नदीको पानी हल्लायो लात्तीले
नेपाली भूमि उजाड पार्‍यो माहुते हात्तीले ।
भ्रष्टमा भारी गोकुलधारी नदेख्ने नाथेले
तारको बार लगाइदिन्छु भन्दछ भातेले ।

कालीको थाली सम्पदा फाली गर्जिने बेसरी
कुरा छन् ठूला गोडा छन् लुला पत्याउने कसरी ?
सदनभित्र स्वदेश-प्रेमी कुर्लिने को छ र ?
देशका निम्ति अडान लिने अगुवा को छ र ?

गोमनलाई थर्काई राख्ने पन्छाए पापीले
पुर्खाको श्रम, पसिना पाखो बल्झाए घातीले ।
छन् धुन्दुकारी, हिक्मतहारी नायिके खेलेका
दुधको भारा पौरखी पारा कालीमा हेलेका ।

पुर्खाको थलो जोतेर हलो उब्जनी गर्दछु
म मेरी आमा सुरक्षा गर्न अगाडि सर्दछु ।
म आफैं बम नठान कम मिचेको सहन्न
नेपाली शक्ति जुटेका दिन मिचाहा रहन्न ।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३७ साल अङ्क, २ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित **प्र.ना.नि.हरिभक्त सिग्देलद्वारा लिखित 'अपराध रोकथाममा बालशिक्षाको महत्त्व'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– ***सम्पादक***

अपराध भन्नाले त्यस्ता अवैधानिक कार्य भन्ने बुझिन्छ जुनकामहरू गर्न कानूनबाट निषेधित हुन्छन् । गर्नु नहुने कार्य भन्ने जान्दा जान्दै पनि कसैले त्यस्तो कार्य गर्छ भने कानूनको दृष्टिमा ऊ अपराधी घोषित भै सजायँ भोग्नु पर्ने कुरा निश्चित छ । यस्ता अपराधहरू धेरै प्रकारका हुन्छन् । प्रायजसो अपराध गर्ने जुन स्वभाव हुन्छ त्यो अकस्मात आइलाग्ने या मनमा आउँने कमै सम्भावना छ । अपराध अनुसन्धान र अध्ययन गरिहेर्दा अचानक भए गरेका अपराधहरू कमै हुन्छन् । धेरैजसो अपराधहरू पूर्व योजना अनुसार र सानैदेखिको बानी अनुसार गरिआएको देखिन्छ । यसैले अपराध रोकथाम गरी जनसाधारणलाई सुख र शान्तिसँग आफ्नो मौलिक हकको प्रयोग गर्न दिन र अपराधीहरूलाई कानूनरूपी पासोको बन्धनले बाँधी आजीवनदेखि लिएर थोरै समय मात्र किन नहोस् कारावासमा बस्ने दुर्भाग्यबाट जोगाउँने काम जनकल्याणको दृष्टिबाट धेरै महत्त्वपूर्ण र मानव कर्तब्य सम्झनु अत्युक्ति नहोला । यसै सन्दर्भमा अपराधहरूको जानकारी जनमानसमा गराउँन सकेमा अपराधहरू कम हुने आशा गर्न सकिन्छ । कुनै पनि अपराधी जन्तु हैन मानिसै हो, ऊ पनि हामी जस्तै नाक, कान, मुख, आँखा जस्ता इन्द्रियहरू र शरीर भएको हुन्छ, हुनसक्छ फरक ऊ हुर्किएको परिवार, वातावरण, शिक्षा र उस्का अभिभावकहरू ।

मानब जीबनको शुरूवात ऊ गर्भमा जाँदा उस्का आमा बाबुको बानी, ब्यहोरा, आचरण, स्वस्थ्यदेखि लिएर उस्को जन्मपश्चात् बाबु, आमा, घर परिवारको र समाजको वातावरणबाट हुन्छ । नव जात शिशुले हाँस्नु, बोल्नु नक्कलगर्नु सबै कुराहरू आफ्ना आमा बाबुबाट सिक्छ । उसको भबिष्यका रेखा जस्तो कोरिनु पर्ने हो त्यो उसकै बाबु आमाको हातबाट कोरिन्छ । चाहे त्यो रेखा सिधा होस या बाङ्गो ।




**आफ्नो छोराले नपढेको देखेर बाबुले छोरालाई हप्काउदै भने ।**

**बाबु :-** गधा, थाहा छ गधा कसलाई भन्छन् ?

**छोरो :-** थाहा छ बुबा ! गधाकै सन्तानलाई भन्छन् ।

♦ ♦ ♦

**साँस्कृतिक कार्यक्रम मञ्चमा हुँदै थियो । एक जना गायिकाले आफ्नो गाउने पालो सकिए पछि श्रोताहरूलाई सोधिन्- मैले गाएको गीत कस्तो छ ।**

**श्रोता :-** तपाईंले यहाँ गाएको भन्दा रेडियोमा गाएको ठिक छ ।

**गायिका :-** किन ?

**श्रोता:-** त्यतिबेला त हामी रेडियो बन्द गर्न सक्छौ नि ।

♦ ♦ ♦

**एक जना पण्डित बालाई अपच भएर तुरून्त हस्पिटल पुऱ्याइयो तब-**

**पण्डित:-** डाक्टर बाबु ! मलाई बचाउनुहोस् ।

**डाक्टर:-** नआत्तिनोस् सब ठिक हुन्छ । यो एक मुठ्ठी औषधी र आधा गिलास पानी पिउनुहोस् त तपाईं । तपाईं बाँच्नु हुन्छ ।

**पण्डित:-** डाक्टर बाबु ! यत्रो औषधी खान सक्ने भए त मैले उही अझै दुई तिन वटा लड्डु खाई हाल्थे नि ।

♦ ♦ ♦

**एक दिन प्रेमी र प्रेमिका बाटोमा हिंड्दै थिए । त्यसै बेला प्रेमिकाले भनी ।**

**प्रेमिका :-** हेर न मलाई घरमा आमाले सधैं खाली तँ बाँदर जस्तो मात्र भनेर गाली गरिरहनु हुन्छ । के म साच्चैको बाँदर जस्तै छु त ?

**प्रेमी :-** कहाँ हुनु र बरू बाँदर पो तिमी जस्तो छ त ।

**संकलन:- प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.सं. २०२९ सालदेखि ट्राफिक सप्ताह मनाउने परम्पराको सुरूवात गरिएको थियो ।
- वि.सं. २०३० भदौ १५ गतेदेखि सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई रासन दिने व्यवस्था भएको थियो ।
- वि.स. २०७२ मंसिर २४ गते नेपाल प्रहरी प्रधान कार्यालयमा डिजिटल फोरेन्सिक ल्याबको स्थापना भएको थियो ।
- वि.स. २०७५ चैत १४ गते नेपाल पुलिस स्कुल विरेन्द्रनगर सुर्खेतको स्थापना भएको थियो ।

**संकलन:प्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



आशा कुमारी चौधरी विरूद्ध नेपाल सरकार गृह मन्त्रालय, सिंहदरवार समेत, मुद्दाः- उत्प्रेषण (ने.का. प.२०७८, अंक ८, निर्णय नं.१०७२७)

"प्रचलित सरकारी मुद्दासम्बन्धी ऐन अनुसार जाहेरी लिई अनुसन्धान गर्न पाउने निकाय तथा अधिकारीले आफ्नो अधिकार प्रयोग गर्दा प्रचलित कानूनबमोजिम नै गर्नुपर्ने हुन्छ । कुनै पनि कानूनी कारबाहीको लागि हदम्याद सम्बन्धी व्यवस्था महत्त्वपूर्ण कडीको रूपमा रहेको हुन्छ । सरकारवादी भई चल्ने मुद्दामा पनि उक्त हदम्याद सम्बन्धी कानूनी प्रश्नलाई मध्यनजर राख्नै पर्ने हुन्छ । कसूरको प्रकृति अनुसार प्रमाण सङ्कलन कार्यको लागि अनुसन्धान गर्न सम्भव हुने किसिमको समय सीमा प्रत्येक कसूरको लागि छुट्टाछुट्टै हदम्याद कायम गरिएको हुन्छ । समयको लामो अन्तरालमा प्रमाण लोप हुन सक्ने र अनुसन्धान सम्भव नहुने समेत भएबाट कानूनले तोकेको समय सीमाभन्दा पछि उजुरी लिई अनुसन्धान गर्न पनि सम्भव नहुने र त्यसरी तोकिएको समय सीमा व्यतीत भएपछि उजुरी लिने अधिकार पनि सम्बन्धित निकायलाई नरहने "(प्रकरण नं.६)" २०५८ सालको द्वन्द्वकालको वारदातलाई लिएर २०७० सालमा मात्र जाहेरी दिन गएकोमा विवाद नरहेको, उक्त जाहेरीमा पीडकहरूले स्पष्ट विवरणसमेत उल्लेख गरेको भन्ने नदेखिएको, सामान्य कानूनले व्यवस्था गरेको हदम्याद नघाई लामो समय पश्चात मात्र परेको जाहेरी सम्बन्धमा अनुसन्धान, कारबाही गर्ने अधिकारसमेत प्रत्यर्थी कार्यालयहरूलाई नभएको त्यस्तो द्वन्द्वकालको घटना सम्बन्धमा विशेष ऐनले छुट्टै व्यवस्था गरेको अवस्थामा बाहेक निजको जाहेरी दर्ता गरी अनुसन्धान गर्नु भनी निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने"(प्रकरण नं.९)

**संकलनःप्र.स.नि.जनक आचार्य**

**गीत**

## रानी

**कल्पना सुनार**

रानी यति सुन्दर छिन्
पालुवा... जो बसन्तमा सल्बलाउँछ
हिमाल... जो शरदमा चमक आउँछ

साँझपख जुन जस्तै
बिहानीको घाम जस्तै
पानीको सुसेली जस्तै
खुसीको उजेली जस्तै

टिपी हातमा लिउँ जस्ति
मानु कलकल पिउँ जस्ति
रानी यति मन पर्छिन्
सासै पैंचो दिउँ जस्ति